शिक्षा

कक्षा ८

शिक्षा

कक्षा ८

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

संस्करणहरू २०२८, २०२९, २०३२, २०३५,
पाठ्यक्रम २०३८ अनुसार
पहिलो संस्करण २०३८
दशौं संस्करण २०५३

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ ।

ज. शि. सा. के. लि.

मूल्य रु.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन अपेक्षित गराई विद्यार्थीहरूलाई राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता र नैतिकताजस्ता गुणहरूको विकास गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालय स्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको हो । यिनमा देखिएका कतिपय कमीहरू हटाउने र विषयवस्तुलाई समयसापेक्ष गराउने प्रयासमा बेला-बेलामा संशोधन पनि भई आएका छन् ।

यसै क्रममा शिक्षालाई अझ प्रभावकारी र व्यावहारिक तुल्याउन २०३८ को शैक्षिक सत्रदेखि पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा व्यापक सुधार गरिएको छ। तदनुरूप व्यावसायिक विषय अन्तर्गत कक्षा ८ का लागि पाठ्यक्रम २०३८ अनुसार शिक्षा विषयको यो पाठ्यपुस्तक तयार गरिएको हो । यस पाठ्यपुस्तकका परिमार्जनकर्ता श्री विश्वनाथ अर्याल, श्रीमती प्रमिला राजभण्डारी र श्री दामोदर घिमिरे हुनुहुन्छ।

यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान्, तिनका सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर, नेपाल ।

विषयसूची

१. शिक्षाको अर्थ, परिभाषा र उद्देश्य

(क) अर्थ १
(ख) परिभाषा १
(ग) उद्देश्य २

२. विद्यालयका किसिम र तिनका उद्देश्य

(क) पूर्व प्राथमिक तह ४
(ख) प्राथमिक तह ७
(ग) निम्न माध्यमिक तह ९
(घ) माध्यमिक तह १०

३. कक्षा सञ्चालन र व्यवस्थापन

(क) कक्षा कोठाको सरसफाइ र सजावट १३
(ख) विद्यार्थीको सरसफाइ १५
(ग) बस्ने व्यवस्था १५
(घ) पाठ्यपुस्तकको हिफाजत र प्रयोग १७
(ङ) राष्ट्रिय गान, समूह गान र कक्षागत गान १८
(च) दैनिक उपस्थिति वही सञ्चालन १९
(छ) कालो पाटीको उपयोग २०

४. प्राथमिक विद्यालय प्रशासन

(क) शिक्षक २२
(ख) प्रधानाध्यापक २७

५. प्राथमिक तह विद्यार्थी विषयको ज्ञान

(क) शारीरिक वृद्धि र विकास ३६
(ख) बौद्धिक विकास ४०
(ग) सामाजिक विकास ४२
(घ) संवेगात्मक विकास ४५

६. शिक्षासँग सम्बन्धित संस्थाहरू

(क) घर-परिवार ५१
(ख) समुदाय ५२
(ग) विद्यालय ५४
(घ) मठ-मन्दिर ५६
(ङ) श्रव्य-दृश्य सामग्री ५६

७. पाठ्यान्तर क्रियाकलाप

(क) गीत, कविता पाठ, प्रार्थना र वन्दना ६१
(ख) कथा, वादविवाद, छलफल र प्रश्नोत्तर ६३
(ग) शारीरिक व्यायाम, नाच, विभिन्न खेलहरू ६५
(घ) चित्रकला तथा हस्तकला ६७
(ङ) आपसी सहयोगसम्बन्धी क्रियाकलाप ६८
(च) विद्यालयमा विभिन्न कार्यक्रमहरू ६८

१. शिक्षाको अर्थ, परिभाषा र उद्देश्य

(क) अर्थ

बालकले जन्मेपछि आमाको दूध चुस्न आफैं सक्छ। केही समयपछि बामे सर्छ, उभिन्छ, हिंड्छ। कतिपय कुराहरू दिदी, दाइ, साथीहरूबाट र वातावरणका विभिन्न कुराहरू देखेर पनि सिक्छ। यसरी हामी आपना अनुभवले सिक्छौं, अरूहरूले गरेको देखेर सिक्छौं, पढेर सिक्छौं। जन्मेदेखि नमरुन्जल केही कुरा हामी सिकिरहेकै हुन्छौं। अर्थात् शिक्षा पाइरहेकै हुन्छौं। हामीलाई आफ्नो जीवन स्वस्थकर बनाउन शिक्षा चाहिन्छ। हामीलाई मानवताको ज्ञान हासिल गर्न शिक्षा चाहिन्छ। हामीलाई उचित तरीकाले जीविकोपार्जन गर्ने ज्ञान तथा सीपसम्बन्धी शिक्षा चाहिन्छ। हामीलाई योग्य नागरिक बन्न शिक्षा चाहिन्छ। तसर्थ शिक्षा एउटा महत्त्वपूर्ण विषय हो र यसको क्रमिक अध्ययन गर्न सकिन्छ।

"शिक्षा" भन्ने शब्द संस्कृत भाषाबाट लिइएको हो। यो शब्द शिक्षा धातुबाट बनेको हो र यसको अर्थ हो जान्नु वा सिक्नु। शिक्षा शब्दको शाब्दिक अर्थलाई केलाउँदा शिक्षा भनेको जीवनभर विभिन्न अनुभवहरूद्वारा गरिने सिकाइ हो भन्ने बुझिन्छ।

अंग्रेजी भाषाको (Education) भन्ने शब्दको उत्पत्ति Latin भाषाको Educere भन्ने शब्दबाट भएको हो। यसको अर्थ व्यक्तिको अन्तर्निहित शक्तिलाई बाहिर ल्याउनु अथवा व्यक्तिमा भएका शक्तिहरूलाई विकसित गराउनु हो भन्ने बुझिन्छ।

विभिन्न शिक्षाविद्हरूले शिक्षाको परिभाषा विभिन्न किसिमबाट दिएका छन्। केही परिभाषाहरू तल प्रस्तुत गरिएका छन्।

(ख) परिभाषा

"मनुष्यको असल गुणको विकास हुनु नै शिक्षा हो।" "नैतिक चरित्रको विकास नै शिक्षा हो।" "अनुभव गरिरहने र ती अनुभवलाई परिमार्जन एवं पुनर्गठन गर्दै जाने क्रमिक प्रक्रिया नै शिक्षा हो।"

यी परिभाषाहरूबाट शिक्षा भन्नाले व्यक्तिले जन्मेदेखि नमरुन्जेसम्म विभिन्न व्यक्ति, संघ, संस्था र आफ्नो नजीकको वातावरणबाट अनुभवहरू प्राप्त गर्दै जानु र यसको आधारमा पुराना अनुभवहरूलाई सुधार्दै जानु भन्ने बुझिन्छ। उदाहरणार्थ एउटा सानो बालकले आगोमा हात हाल्छ, अनि उसले पोलेको अनुभव गर्छ। अर्को पल्टदेखि ऊ आगोदेखि टाढा बस्न थाल्छ। यस्तै किसिमले उसले घरमा, कक्षाकोठामा, साथीहरूसँगको खेलमा, समारोहहरूमा विभिन्न अनु-

भवहरू गर्दै जान्छ । यो प्रक्रिया सधैं चलिरहन्छ र यही नै शिक्षा हो भन्ने जोन डिवीको परिभाषाबाट बुझिन्छ। त्यसकारण जोन डिबीले शिक्षालाई व्यापक अर्थमा लिनुभएको बुझिन्छ ।

शिक्षाको अर्थ र परिभाषाको अध्ययनपछि शिक्षाका उद्देश्यहरू बारेमा अध्ययन गरौं ।

(ग) उद्देश्य

(क) व्यक्तिको शारीरिक विकास गर्नुः– व्यक्तिको शारीरिक विकास गर्नु शिक्षाको पहिलो उद्देश्य हो । शारीरिक विकास भन्नाले स्वस्थ शरीर भन्ने बुझिन्छ । एउटा बिरामी बालकले अरू स्वस्थ बालक सरह खेल्न, लेखपढ गर्न सक्दैन । शारीरिक मिहिनेत पर्ने काम मात्र होइन, सोच्ने, तर्क गर्नेजस्ता कुरामा पनि ऊ पछि नै पर्दछ । यसैले शारीरिक विकासमा मद्दत दिने स्वास्थ तथा शिक्षाजस्ता विषय विद्यालयमा पढाइने गरिन्छ । यी विषयको माध्यमबाट व्यक्तिको शारीरिक विकास कस्तो किसिमले हुन्छ, शरीर स्वस्थ तथा तन्दुरुस्त कसरी राख्न सकिन्छ, कस्तो प्रकारको खानेकुरा खाएमा रोगबाट टाढा रहन सकिन्छ आदिको बारेमा ज्ञान दिइन्छ। साथसाथै शरीरमा स्फूर्ति पैदा गर्न विद्यालयहरूमा शारीरिक व्यायामहरू, विभिन्न खेलहरू पनि खेलाइन्छन् र विद्यार्थीहरूको स्वास्थको परीक्षण तथा रोगहरूको रोकथामका लागि सुई या टिका लगाउने व्यवस्था पनि गरिन्छ ।

(ख) व्यक्तिको बौद्धिक विकास गर्नुः– शारीरिक विकासको साथै बौद्धिक विकास गराउनु पनि शिक्षाको उद्देश्य हो । शिक्षाले नै व्यक्तिलाई विभिन्न कुराहरूको ज्ञान दिन्छ । बालकहरू विभिन्न पुस्तकहरू पढेर, शिक्षकले पढाएको कुरा बुझेर, कसैको मुखबाट सुनेर, आफैंलाई आफैंले छोएर, हेरेर ज्ञान प्राप्त गर्दछन् । शिक्षालयमा इतिहास, भूगोल, गणित, भाषा आदि विषयहरू पढाउनुका उद्देश्य पनि यही हो । जति-जति विभिन्न विषयमा ज्ञान प्राप्त हुन्छ, उति नै उसमा सबै कुरालाई केलाएर हेर्ने बाना बस्दछ । यावत् कुरालाई केलाएर हेर्ने बानीले ठीक बेठिक छुट्टयाउने शक्ति पैदा गराइदिन्छ र बालकको बौद्धिक विकास हुँदै जान्छ ।

(ग) सामाजिक र परम्पराको संरक्षण तथा सुधार गर्नेः– प्रत्येक समाजका आफ्नै किसिमका कला, कौशल, भाषा र रीतिरिवाज हुन्छन् । यी कुराहरू सबै धेरै अघिदेखिका पुर्खाहरूले सोचविचार गरेर पालन गरेका हुन्छन् । यी सामाजिक रीति र परम्पराहरू मध्ये कतिपय पछिसम्मका लागि जोगाएर राख्न अति जरुरी छन् । किनभने एकातिर यी कुराहरू समाजको परिपाटी नै भइसकेका हुन्छन् भने अर्कातिर यी कुराहरू नभएमा आफ्नो संस्कृति भन्ने नै हुँदैन। त्यसकारण जुनसुकै देशमा पनि शिक्षाको माध्यमद्वारा आफ्नो समाजको

भाषा, लोक कथा, लोक नृत्य, लोक संगीत, साहित्य, कला तथा धार्मिक रीतिरिवाज एक पुस्तावाट अर्को पुस्ता गर्दै युगौंसम्म संरक्षण गर्दै ल्याएको हुन्छ ।

शिक्षाले सामाजिक रीतिरिवाज तथा परम्पराको संरक्षण गर्नुको साथसाथै ती कुराहरूमा सुधार पनि गर्दै जान्छ । हाम्रा पुर्खाले दिएका सामाजिक रीतिरिवाज र परम्परा हाम्रा निम्ति आवश्यक भए तापनि यसमा समयानुसार सुधार गर्दै जानु आवश्यक हुन्छ । किनभने एक त पुराना कुरा भन्दैमा सबै नै असल हुन्छन् भन्न सकिदैन । अर्कोतिर जुन स्थितिमा ती चलनमा ल्याइयो, अहिलेको स्थिति त्यसभन्दा धेरै फरक किसिमको भइसकेको हुन सक्छ । विज्ञान र प्रविधिको चमत्कारले कतिपय पुराना विचारधारामा सुधार ल्याइसकेको छ । हाम्रो इतिहासलाई पल्टाएर हेर्‍यौं भने विभिन्न राजाहरूले आपना शासनकालमा विभिन्न किसिमका सामाजिक सुधारहरू गरेको हामी पाउँछौं । त्यसकारण समाजका असल कुराहरूलाई संरक्षण गर्ने तथा कुरीति र अन्धविश्वासका कुराहरूलाई सुधार गर्दैलाने प्रवृत्ति बसाल्ने काम शिक्षाको माध्यमबाट मात्र सम्भव छ ।

(घ) व्यक्तिको व्यक्तित्व विकास गर्नु:– कुनै पनि व्यक्तिको व्यक्तित्व भन्नाले उसका सम्पूर्ण आचरणहरू भन्ने बुझिन्छ । उदाहरणार्थ उसको सोचाइ, बोलाइ, विश्वास, प्रवृत्ति, अनुशासन, धारणा, व्यवहार आदि । यी सबै कुराहरूमा कुनै पनि व्यक्ति अशिक्षित अवस्थामा भन्दा शिक्षित अवस्थामा बढी सभ्य भएको हुन्छ । शिक्षित व्यक्तिले जे मन लाग्यो त्यही गर्दैन । उसले हरेक काम सोचविचार गरेर मात्र गर्दछ । उसको व्यवहार गर्ने तरीका बढी सभ्य हुन्छ । व्यक्तिको सम्पूर्ण आचरणमा अनुकूल परिवर्तन ल्याउने माध्यम शिक्षा नै हो । त्यसैले शिक्षाका उद्देश्यहरूमध्ये व्यक्तिको व्यक्तित्व विकास गर्नु पनि एक महत्त्वपूर्ण उद्देश्य हो ।

अभ्यास

१. जन्मेदेखि नमरुञ्जेलसम्म हामी केही न केही सिकिरहेका हुन्छौं– यस भनाइलाई आफ्नो शब्दमा स्पष्ट पारी लेख्नुहोस् ।

२. शिक्षा किन चाहिन्छ ? कुनै पाँचवटा कारणहरू दिई स्पष्ट गर्नुहोस् ।

३. शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकासमा के-कस्तो सहयोग पुर्‍याउँछ, लेख्नुहोस् ।

२. विद्यालयका किसिम र तिनका उद्देश्य

संसारका सबै मुलुकमा विभिन्न किसिमका विद्यालयहरू हुनाका साथै तिनका खास उद्देश्यहरू पनि हुन्छन् । यसै गरी हाम्रो देशमा पनि विभिन्न किसिमका विद्यालयहरू छन् र तिनका निश्चित उद्देश्यहरू छन् । यस खण्डमा हामी यिनै उद्देश्यका बारेमा अध्ययन गर्नेछौं ।

हाम्रो देशमा पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक गरी चार तहका विद्यालयहरू हुन्छन् । यी चार तह र तिनका उद्देश्यको पालैसँग तल वर्णन गरिन्छ ।

(क) पूर्व प्राथमिक तह

साधारणतया बालकको शिक्षा ६ वर्षको उमेरदेखि शुरु हुन्छ तापनि प्राथमिक तहको पढाइ शुरु गर्नुभन्दा अघि नै उसमा राम्रो बानीबेहोराको विकास गराई, पढ्ने, लेख्ने कुराप्रति रुचि जगाउनु आवश्यक हुन्छ । यिनै आवश्यकता पूरा गर्ने ध्येय लिएर स्थापना गरिएका शिक्षण संस्थालाई पूर्व प्राथमिक तहको शिक्षा दिने विद्यालय मानिन्छ ।

पूर्व प्राथमिक तहको शिक्षा दिने विद्यालयलाई विभिन्न नाम दिइन्छ । जस्तैः– के. जी. स्कूल, नर्सरी स्कूल, मन्टेसरी स्कूल, शिशु विद्यालय आदि । यी विद्यालयमा प्रायः गरी ३ वर्षदेखि ५ वर्षसम्म उमेर भएका बालबालिकाहरू हुन्छन् । यस तहका विद्यार्थीहरूलाई किताबबाट भन्दा संगीत, खेल, निर्माणकार्य आदिका माध्यमबाट शिक्षा दिइन्छ । हाम्रो देशमा यस किसिमका विद्यालयहरू धेरैजसो निजी क्षेत्रबाट सञ्चालन गरिएका छन् ।

यसै सिलसिलामा जर्मनीका प्रसिद्ध शिक्षाशास्त्री फ्रेडरिक फ्रोबेलले सञ्चालन गरेको "किन्डर गार्टन" स्कूलको बारेमा जानकारी गर्नु उपयुक्त देखिन्छ । फ्रेडरिक फ्रोबेलको पूरा नाम फ्रेडरिक विलिमय अगस्ट फ्रोबेल हो । उनले खेलद्वारा शिक्षा दिलाउने उद्देश्यले सन् १८२७ मा "किन्डर गार्टन" नामक विद्यालय खोलेका थिए । यो पूर्व प्राथमिक तहको पहिलो विद्यालय हो । "किन्डर गार्टन" जर्मनी शब्द हो र यसमा किन्डर र गार्टनको अलग-अलग अर्थ छ । "किन्डर" भनेको बालक र "गार्टन" को अर्थ हो बगैंचा । यसरी "किन्डर गार्टन" को पूरा अर्थ "बालकको बगैंचा" भन्ने हुन्छ ।

फ्रोबेलको विचार अनुसार बालक फूल, शिक्षक माली र विद्यालय बगैंचाजस्तै हो । जसरी राम्रो र उत्तम फूल फुलाउनका लागि मालीले मल, पानी दिएर स्याहार-सुसार गर्न आवश्यकता पर्दछ, त्यसै गरी बालकको राम्रो विकासका लागि शिक्षकले उसलाई स्वतन्त्र वातावरण दिएर चाहिंदो मात्रामा रेखदेख गर्नुपर्दछ । त्यसैले फ्रोबेलको यस विद्यालयमा कुनै

निर्धारित पाठ्यपुस्तक थिएन। त्यहाँ कुनै पनि बालकले कुनै निश्चित पाठ पढिसक्नुपर्छ वा लेखिसक्नुपर्छ भन्ने थिएन। कुनै आदतसम्बन्धी कुराको शिक्षा दिनु छ भने बालकलाई शिक्षकले बिहान उठेर यो-यो काम गर्नुपर्छ भनेर कहिल्यै व्याख्या गरिन्थ्यो। बरु यिनै कुरालाई असल बानी भएको र नभएको बालकको बानीबेहोराको अभिनय गरेर शिक्षकले देखाउँथे। कतिपय कुरालाई गीतको माध्यमबाट सिकाउने गरिन्थ्यो।

गणितसम्बन्धी ज्ञान दिनु छ भने एकैचोटि बालकलाई १, २, ३ भनेर भन्न या लेख्न नलगाई गणितसम्बन्धी व्यावहारिक अनुभव दिइन्थ्यो। यसका निमित्त कक्षाकोठामा आठवटा साना-साना घनहरू मिलेर बनेको एक ठूलो घन (Cube Block) राखिएको हुन्थ्यो र यसै घनको माध्यमबाट जोड, घटाउ आदिको ज्ञान दिइन्थ्यो। त्यस्तै प्रकारले आकार-प्रकारको प्रत्यक्ष अनुभव दिएर काठका विभिन्न किसिमका भकुन्डाहरू, काठका लट्ठीहरू, ब्लकहरू राखिएका हुन्थे। रङ्गको ज्ञान दिन रंगीबिरंगी ऊनका भकुन्डाहरू हुन्थे। यसरी विद्यार्थीहरू आफैं हातले छामेर सारो, गिलो, चिप्लो, खस्रो, सानो, ठूलो आदिको ज्ञान गर्नुका साथै आँखाले देखेर आकार, प्रकार, सानो, ठूलो, विभिन्न रंग आदिको ज्ञान गर्ने मौका पाउँथे। थरी-थरीका सामग्रीहरूको माध्यमबाट बालबालिकाहरू रुचिपूर्वक विभिन्न विषयको धारणा बुझ्दथे। यसो गर्दा उनीहरूलाई विद्यालयमा रमाइलो अनुभव पनि हुन्थ्यो। सामग्रीहरू चलाउँदा-चलाउँदै वा खेलहरू खेल्दाखेल्दै वा गीत र अभिनयहरूमा भाग लिँदालिँदै उनीहरूले धेरै कुरा सिकिरहेका हुन्थे। "किन्डर गार्टन" शिक्षाको उद्देश्य पनि यही नै थियो।

पूर्व प्राथमिक तहको शिक्षामा "किन्डर गार्टन" प्रणालीपछि "मन्टेसरी प्रणालीको महत्त्वपूर्ण स्थान छ। "मन्टेसरी" प्रणालीका जन्मदाता डा० मेरिया मन्टेसरी हुन्। यस प्रणालीले पनि पढ्नलेख्न शुरु गर्नुभन्दा अगाडि बालकहरूमा असल बानीबेहोराको विकास गराउनुपर्दछ भन्ने कुरामा जोड दिइएको छ। "किन्डर गार्टन" मा झैं यसमा पनि शिक्षा दिंदा किताबी ज्ञान भन्दा खेलद्वारा व्यावहारिक शिक्षा दिनु आवश्यक छ भन्ने कुरामा बढी जोड दिएको देखिन्छ।

हाम्रो देशमा पनि पूर्व प्राथमिक तहको विद्यालय २००४ सालमा "मन्टेसरी" स्कूलको नामले स्थापना भएको थियो। यो स्कूल प्रारम्भमा काठमाडौंको रानीपोखरीको उत्तरपट्टि हाल क्षेत्रीय अदालत रहेको भवनमा थियो र पछि यसलाई कलेज अफ एजुकेशनको लेबोरेटरी स्कूलमा गाभियो। आजभोलि हाम्रो देशमा धेरै संख्यामा निजी क्षेत्रबाट सञ्चालन गरिएका प्राथमिक तहका विद्यालयहरू छन्। कुनै विद्यालयमा पूर्व प्राथमिक मात्र र कुनै-कुनैमा पूर्व प्राथमिक र प्राथमिक दुवै तहको शिक्षा दिने व्यवस्था भएको छ भने कुनैमा पूर्व प्राथमिकदेखि माध्यमिकसम्मकै पनि व्यवस्था गरिएको छ।

पूर्व प्राथमिक तहको शिक्षाको उद्देश्य

१. सफासुग्घर रहने बानी बसाल्ने

सानै उमेरदेखि सफासुग्घर रहने बानी बसाल्नु आवश्यक छ । त्यसैले पूर्व प्राथमिक तहदेखि सफासुग्घर भएर बस्ने बानीको विकासमा ध्यान दिने उद्देश्य पूर्व प्राथमिक शिक्षाले राखेको छ। विद्यार्थीलाई दिनदिनै दाँत माझ्ने, मुख धुने, कपाल कोर्ने, बरोबर नुहाउने, नङ काट्ने, मैलो लुगा नलगाउने आदि कुराहरूको बानी बसाल्ने यस तहको उद्देश्य हो । यो उद्देश्य पूरा गर्नका निमित्त शिक्षकले दिनदिनै विद्यार्थीहरू सफासुग्घर भएर कक्षामा आएका छन्, छैनन् व्यक्तिगत तवरले निरीक्षण गर्नुपर्दछ । यसका साथै कक्षामा सरसफाइसम्बन्धी गीत-हरू सुनाएर वा फोहोर र सफा बानी भएका केटाकेटीहरूको कथा सुनाएर, सफासुग्घर भएर आउने केटाकेटीहरूलाई पुरस्कार आदिद्वारा हौसला दिएर शिक्षकले विद्यार्थीहरूलाई सफा-सुग्घर रहने बानी बसाल्न सक्दछन्। यसबाट उनीहरूको शारीरिक विकासमा ठूलो बल मिल्दछ।

२. पढाइलेखाइप्रति अभिरुचि पैदा गर्ने

मनोवैज्ञानिकहरूको भनाइ अनुसार यस तहका विद्यार्थीहरू प्रत्यक्ष किसिमले पढ्ने, लेख्ने काम गर्न सक्ने हुँदैनन् । उनीहरूका आँखा र मांसपेशीहरू त्यति बलिया भैसकेका हुँदैनन् । त्यसैले उनीहरू कुनै पनि चीजमा धेरै बेरसम्म हेरिरहन सक्दैनन् । त्यस्तै किसिमले लेख्ने कामका निमित्त पनि हातका मांशपेशी बलिया भैसकेका हुँदैनन् । त्यसकारण यस तहमा उनीहरू पढाउनेलाई जबरजस्ती शरीरलाई हानि पुऱ्याउने किसिमले लेखाउने, पढाउने नगरी खालि उनीहरूलाई पढाइ-लेखाइप्रति अभिरुचि मात्र पैदा गराउने कोशिश गर्नुपर्छ। यसैले यो उद्देश्य प्राप्त गर्नका निम्ति उनीहरूलाई रंगीन सिसा-कलम र कागत दिएर आफ्नो इच्छा अनुसारका आकारहरू कोर्न दिने, लेखिराखेको अक्षरमाथि रंग भर्न लगाउने, चित्र भएका पुस्तकपुस्तिकाहरू हेर्न अभ्यास गराउने आदि कार्यकलापहरू गराइन्छ ।

३. सामाजिक भावनाको विकास गराउनें

सानै उमेरदेखि एक अर्कोसँग मिलेर बस्ने, आफूले गर्न नसकेको काम अरूबाट सिक्ने अथवा नजानेकाहरूलाई आफूले सिकाइ दिने आदि भावनाको विसास गराउँदै जानु आवश्यक छ। यसबाट बालकले समाजमा मिलेर बस्न आवश्यक कुराहरू थाहा पाउने छ।

४. सुरक्षाको भावना विकास गराउने

बालकहरूमा यसै उमेरदेखि आफ्नो शरीर तथा सरसामानको सुरक्षा गर्ने बानी बसाल्नु आवश्यक छ। त्यसकारण यस तहका कक्षाहरूमा विभिन्न किसिमका चित्रहरू जस्तैः– आगोमा चल्दा पोलेर रोएको, ब्लेड, चक्कू, छुरा आदि धारिला वस्तुहरू चलाउँदा घाउ भएको, भर्‍याङमा उफ्री खेल्दा लडेका चित्रहरू राखिएका हुन्छन्। ती चित्रहरूको माध्यमबाट उनीहरूले सुरक्षासम्बन्धी महत्त्वपूर्ण कुराहरू बुझ्ने मौका पाउँछन्। त्यस्तै विद्यार्थीहरू आफ्नो झोला, कापी, कलम, खाजाको बट्टाजस्ता सरसामान सधैं निश्चित ठाउँमा राख्न लगाई उनीहरूमा आफ्नो सामानको सुरक्षा गर्नुपर्दछ भन्ने भावना विकास गराउनुपर्दछ।

५. अरुप्रतिको सद्भावना विकास गर्ने

सानै उमेरदेखि अरूप्रति सद्भावना राख्नेजस्ता महत्त्वपूर्ण गुणहरू बालकमा विकास गर्नु आवश्यक छ। त्यसैले पूर्व प्राथमिक शिक्षाले खासगरी आफूभन्दा ठूलालाई आदर गर्ने, सानालाई माया गर्ने, मान्यजनले आह्राएको मान्नेजस्ता महत्त्वपूर्ण गुणहरू केटाकेटीहरूमा विकसित गराउन प्रयास गर्दछ। यस्तै देश, नरेश र व्यवस्थाप्रतिको सद्भावना शुरुदेखि नै विकास गर्दै गर्न पनि महत गर्दछ।

(ख) प्राथमिक तह

विद्यालयको कक्षा १ देखि प्राथमिक तह शुरु हुन्छ। हाम्रो देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि कक्षा १ देखि कक्षा ३ सम्मलाई विद्यालयको प्राथमिक तह मानिएको थियो। यस अनुसार प्राथमिक तहमा पढ्ने विद्यार्थीको उमेर साधारणतः ६ देखि ८ सम्मको हुन्थ्यो। यस तहको शिक्षाको उद्देश्य साक्षारताको शिक्षा दिने थियो। पढाइ, लेखाइ र गणितका आधारभूत ज्ञान र सीप हासिल गराई विद्यार्थीलाई सामान्य व्यवहार चलाउन सक्ने बनाउने यसको लक्ष्य थियो। उपर्युक्त उद्देश्य प्राप्त गर्न प्राथमिक कक्षाहरूमा नेपाली भाषा, गणित, सामाजिक शिक्षा, शारीरिक शिक्षा, सफाइ, हस्तकला र चित्रकला विषयहरू निर्धारण गरिएका थिए। अरू विषयका पाठ्यपुस्तक तयार गरिएका थिए भने शारीरिक शिक्षा, सरसफाइ, हस्तकला चित्रकलाका लागि शिक्षक निर्देशन पुस्तिकाहरू मात्र तयार गरिएका थिए।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मध्यावधि र पूर्णावधि मूल्याङ्कन भइसकेपछि योजनका आधारभूत कुराहरू यथावत राखी विभिन्न पक्षमा केही संशोधन गर्न आवश्यक देखियो। यसै बीचमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट प्राथमिक शिक्षा कक्षा ३ बाट बढाई कक्षा ५ सम्म निःशुल्क गर्ने हुकुम बक्से बमोजिम

१ देखि ५ सम्म निःशुल्क प्राथमिक शिक्षा गर्ने, क्रमशः कार्यान्वयन गर्दै जाने लक्ष्य राखिएको छ । प्राथमिक शिक्षा बढी सुलभ बनाउन विद्यार्थीहरूलाई कक्षा ३ सम्मका पाठ्यपुस्तकहरू पनि निःशुल्क वितरण गर्ने प्रबन्ध गरिएको छ ।

प्राथमिक शिक्षा १ देखि ५ कक्षासम्मको भएको र यसको उद्देश्य निम्न बमोजम निर्धारण गरिएको छ ।

१. साक्षरताका लागि पढाइ र गणितका आधारभूत ज्ञान एवं सीप हासिल गराउने ।
२. देश, नरेश तथा ईश्वरप्रति श्रद्धाभक्तिको भावना जागृत गराउने र अनुशासन तथा चारित्रिक गुणको विकास गराउने ।

उपर्युक्त उद्देश्य प्राप्त गर्नका निमित्त प्राथमिक तहको शिक्षामा निम्न बमोजिम विषयहरू निर्धारण गरिएको छः–

कक्षा १ देखि ३ सम्म

विषय	पूर्णाङ्क
१. नेपाली भाषा–	३००
२. गणित–	२००
३. सामाजिक शिक्षा–	१००
४. शारीरिक शिक्षा, सफाइ, हस्तकला, चित्रकला–	५०
कुलः–	६५०

कक्षा ४ र ५

विषय	पूर्णाङ्क
१. नेपाली–	१५०
२. संस्कृत–	५०
३. अंग्रेजी–	१००
४. गणित–	१००
५. सामाजिक शिक्षा–	१००
६. शारीरिक शिक्षा–	५०
७. विज्ञान तथा स्वास्थ्य–	१०० (७०+३०)
८. नैतिक शिक्षा–	५०
कुलः–	७००

(ग) निम्न माध्यमिक तह

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ अनुसार कक्षा ४ देखि ७ सम्मलाई निम्न माध्यमिक तह मानिएको थियो र यस तहमा सामान्यतया ९ देखि १२ वर्षका विद्यार्थीहरू अध्ययन गर्दथे । यस योजना अनुसार निम्न माध्यमिक तहको शिक्षाको उद्देश्य चरित्र निर्माणमा जोड दिने र श्रमप्रति आदरको भावना विकास गर्नमा जोड दिने थियो। योजनाका अरू पक्षमा केही संशोधन भएजस्तै अहिले कक्षा ६ र ७ लाई मात्र निम्न माध्यमिक तह मानिएको छ । यसरी कक्षा ४ देखि ७ सम्मलाई निम्न माध्यमिक तहको शिक्षा मानिएकोमा हाल ६ र ७ कक्षालाई मात्र निम्न माध्यमिक तह मानिएको हुँदा यस तहको उद्देश्यमा पनि सामान्य हेरफेर गरी निम्न बमोजिम गरिएको छः–

१. देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई चरित्र निर्माण गराउने ।

२. अनुशासनको विकास गराउने ।

निम्न माध्यमिक तह कक्षा ६ र ७

माथि उल्लेख गरिएका निम्न माध्यमिक तहका उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखित विषयहरू निर्धारण गरिएको छ ।

विषयहरू	पूर्णाङ्क
१. नेपाली————	१२०
२. संस्कृत————	३०
३. अंग्रेजी————	१००
४. गणित————	१००
५. सामाजिक शिक्षा————	१००
६. शारीरिक शिक्षा————	५०
७. विज्ञान तथा स्वास्थ्य————	१०० (८०+२०)
८. नैतिक शिक्षा————	५०
९. पूर्व व्यावसायिक शिक्षा————	५०
	कुलः– ७००

२०३८ को पाठ्यक्रम अनुसार संस्कृत विद्यालयहरूका निम्न माध्यमिक तहमा पढ्ने विद्यार्थीहरू व्यावसायिक शिक्षाको सट्टामा पूर्णाङ्क ५० को संस्कृत विषय लिनुपर्ने व्यवस्था गरिएको छ ।

(घ) माध्यमिक तह

विद्यालयको सबभन्द माथिल्लो तह माध्यमिक तह हो: राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएदेखि कक्षा ८ देखि १० सम्मलाई माध्यमिक तह मानी योजना अनुसार यस तहको शिक्षाको उद्देश्य व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्ने भन्ने थियो। साथै यस तहको शिक्षा दिने साधारण, व्यावसायिक र संस्कृत माध्यमिक विद्यालय गरी तीन किसिमका विद्यालयको व्यवस्था गरिएको थियो । साधारण माध्यमिक विद्यालयमा व्यावसायिक विषय कम पढाइन्थ्यो भने व्यावसायिक माध्यमिक विद्यालयमा व्यावसायिक विषयहरू बढी सिकाइथ्यो र संस्कृत विद्यालयमा भने संस्कृत भाषामा बढी जोड दिइन्थ्यो। यस योजनाको विविध पक्षमा संशोधन भए अनुसार २०३८ को पाठ्यक्रम अनुसार माध्यमिक तहका शिक्षामा पनि केही संशोधन गरी तीन प्रकारका माध्यमिक विद्यालयको सट्टा साधारण र संस्कृत विद्यालय मात्र रहने भएका छन्। साधारण माध्यमिक विद्यालयतर्फ कक्षा ८ सम्म अनिवार्य विषयहरूको पठनपाठन हुने र कक्षा ९ देखि ऐच्छिक विषयहरू लिनुपर्ने व्यवस्था छ। संस्कृत विद्यालयका विद्यार्थीहरूले भने कक्षा ८ देखि ऐच्छिक र थप ऐच्छिक विषय लिनुपर्ने व्यवस्था गरिएको छ। माध्यमिक विद्यालयका सबै विद्यार्थीहरूले १०० नम्बरको एक व्यावसायिक विषय पढ्नुपर्ने गरिएको छ। माध्यमिक तहको शिक्षाको उद्देश्य निम्न बमोजिम निर्धारण गरिएको छ।

१. श्रमप्रति श्रद्धाभाव जगाई उपयोगी नागरिक तयार गर्ने।

२. देशभक्ति,राजभक्ति तथा ईश्वरभक्ति सिकाई अनुशासित सुयोग्य नागरिक तयार गराउने।

माथि उल्लिखित उद्देश्यहरू प्राप्त गर्न साधारण माध्यमिक विद्यालय तहका निम्न लिखित विषयहरू राखिएका छन्:–

विषयहरू	कक्षा ८	कक्षा ९	कक्षा १०
१. नेपाली	१००	१००	१००
२. अंग्रेजी	१००	१००	१००
३. गणित	१००	१००	१००
४. व्यावसायिक (कुनै एक)	१००	१००	१००
५. इतिहास	७५	–	–
६. भूगोल	७५	–	–
७. नागरिक जीवन	५०	–	–
८. विज्ञान तथा स्वास्थ्य	१००(८०+२०)	–	–
९. ऐच्छिक प्रथम पत्र		१००	१००
१०. ऐच्छिक द्वितीय पत्र		१००	१००
११. थप ऐच्छिक		१००	१००

संस्कृत विद्यालयतर्फ

विषयहरू	कक्षा ८	९	१०
१. नेपाली–	१००	१००	१००
२. अंग्रेजी–	१००	१००	१००
३. गणित–	१००	१००	१००
४. व्यावसायिक–	१००	१००	१००
ऐच्छिक समूह			
५. प्रथम पत्र–	१००	१००	१००
६. द्वितीय पत्र	१००	१००	१००
७. थप ऐच्छिक पत्र	१००	१००	१००

एस. एल. सी. परीक्षा कक्षा ९ र १० को पाठ्यक्रममा आधारित हुने व्यवस्था गरिएको छ ।

माध्यमिक तहमा व्यावसायिक विषयहरू, ऐच्छिक र थप ऐच्छिक विषयहरूको पूर्ण विवरण तल दिइएको छः–

व्यावसायिक विषय

(क) गृह विज्ञान (ख) कार्यालय सञ्चालन र लेखा (ग) कृषि

(घ) १. औद्योगिक शिक्षा

२. बेत बाँस (अन्धा विद्यार्थीका लागि मात्र)

(ङ) कर्मकाण्ड (संस्कृत विषय लिनेलाई मात्र) (च) शिक्षा

ऐच्छिक विषय

कक्षा ९ र १० का छात्र-छात्राहरूले ऐच्छिक समूहमा निम्न लिखित कुनै एक विषय समूह 'क' र 'ख' पत्र गरी दुई विषय लिनुपर्नेछ ।

१. विज्ञान समूह

(क) विज्ञान (ख) गणित तथा तथ्याङ्क

२. भाषा समूह

(कुनै समूहबाट एक-एक गरी जम्मा दुई मात्र लिनुपर्नेछ)

(क) आधुनिक भाषा नेपाली, अंग्रेजी, फ्रेन्च, रसियन, स्पेनिस, चिनियाँ, जापानी, हिन्दी, बंगाली, उर्दू ।

(ख) प्राचीन भाषा– संस्कृत, ग्रीक, ल्याटीन, अरेबिक, पर्सियन, हिब्रू ।

(ग) स्थानीय भाषा– नेवारी, मैथिली, तिब्बती ।

३. सामाजिक शिक्षा (कुनै दुई विषय मात्र)

(क) इतिहास (ख) भूगोल (ग) नागरिक शास्त्र (घ) अर्थशास्त्र

४. वाणिज्य समूह (कुनै दुई विषय मात्र)

(क) ग्रामीण अर्थशास्त्र (ख) वाणिज्य अंक गणित (ग) लेखापरीक्षण (घ) टाइपिङ

५. संस्कृत समूह (कुनै दुई विषय मात्र) संस्कृतका विद्यार्थीहरूले संस्कृत समूहबाटै ऐच्छिक विषय लिनुपर्छ

(क) संस्कृत भाषा

(ख) संस्कृत शास्त्र (कुनै एक)

१. न्याय २. व्याकरण ३. ज्योतिष ४. साहित्य ५. वेद

६. गृह विज्ञान (कुनै दुई विषय मात्र)

(क) खाद्य विज्ञान (ख) बस्त्र सिलाइ बुनाइ (ग) शिशु-स्याहार तथा जनसंख्या शिक्षा

७. विविध (कुनै दुई विषय मात्र)

(क) संगीत (ख) नृत्य (ग) मूर्तिकला (घ) चित्रकला (ङ) शारीरिक शिक्षा

(च) स्वास्थ्य शिक्षा

थप ऐच्छिक विषयमा उपर्युक्त विषय समूहमध्ये आफूले लिएको ऐच्छिक विषय समूह बाहेक अन्य विषय समूहबाट कुनै एक विषय लिनुपर्दछ । तर संस्कृत माध्यमिक विद्यालयतर्फ कक्षा ८ मा थप ऐच्छिक पत्रमा विज्ञान र स्वास्थ्य, इतिहास, भूगोलमध्ये कुनै एक विषय लिनुपर्ने गरिएको छ ।

प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा नयाँ व्यवस्था गरिएको पाठ्यक्रम २०३८ सालको शैक्षिक सत्रदेखि कक्षा ४, ६, ८ मा र २०३९ सालको शैक्षिक सत्रदेखि कक्षा ५, ७, ९ मा लागू गरिएको र कक्षा १० मा भने उक्त पाठ्यक्रम २०४० सालदेखि मात्र लागू भएको छ ।

अभ्यास

१. पूर्व प्राथमिक शिक्षामा शारीरिक फ्रोबेल र मेरिया मन्टेसरीको के-कस्तो देन छ ? स्पष्ट पार्नुहोस् ।

२. नेपालमा पूर्व प्राथमिक शिक्षा कसरी शुरु भयो र यसका उद्देश्यहरू के-के हुन्, बयान गर्नुहोस् ।

३. विद्यालयको प्राथमिक तह भन्नाले के बुझिन्छ, यसका उदेश्यहरू के-के हुन् ? लेख्नुहोस् ।

४. निम्न माध्यमिक तहको शिक्षाको उद्देश्य के हो ? ती उद्देश्यहरू पूरा गर्न के-कस्ता विषय पठनपाठन गराउने व्यवस्था गरिएको छ ? वर्णन गर्नुहोस् ।

५. "श्रमप्रति श्रद्धाभाव जगाई उपयोगी नागरिक तयार गर्ने" भन्ने माध्यमिक तहको शिक्षाको उद्देश्यका फाइदा र बेफाइदाप्रति आफ्नो विचार दिनुहोस् ।

३. कक्षा सञ्चालन र व्यवस्थापन

यस खण्डमा हामी कक्षा सञ्चालन र व्यवस्थापनको बारेमा अध्ययन गर्नेछौं । कक्षा सञ्चालन गर्नुभन्दा अगाडि कक्षा चलाउनका निम्ति आवश्यक कुराहरूको व्यवस्था गर्नुपर्दछ ।

कक्षा सञ्चालन व्यवस्थापन कार्यमा प्रधान अध्यापकका साथै विद्यालयका सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यार्थीको महत्त्वपूर्ण जिम्मेवारी रहन्छ । यसो भएमा मात्र विद्यालयले शिक्षाको माध्यमबाट पूरा गर्न खोजेको उद्देश्य पूरा गर्न सक्छ । विद्यालय हाताभित्र छरिएका दुई टुक्रा कागतदेखि लिएर समय-समयमा घण्टी लागे नलागेको, विद्यार्थी विद्यालयमा आए नआएको, उनीहरूलाई आवश्यक कुरा पुगे नपुगेको, कक्षादेखि लिएर विद्यालयको हाताभित्र रहनुपर्ने सबै कुरा रहे, नरहेको सबैको दृष्टि पुगेको हुनुपर्दछ ।

कक्षा सञ्चालन व्यवस्थापनमा ध्यान दिनुपर्ने प्रमुख कुराहरू निम्न बमोजिम छन्:

(क) कक्षाकोठाको सरसफाइ र सजावट

विद्यालय सरस्वतीको मन्दिर हो भने सफा कोठा विद्या आर्जन गर्ने थलो हो । प्रत्येक शिक्षकले बालकलाई म यस्तो शिक्षा दिन्छु भन्ने उद्देश्य लिनुभन्दा पहिले यस्तो सफा कोठामा म आफ्ना बालबालिका राख्ने व्यवस्था गर्छु भनेर प्रतिज्ञा गर्नुपर्छ र आफूले गरेको प्रतिज्ञा पूरा गर्न सक्नुपर्छ ।

प्रत्येक विद्यालयले आफ्नो दैनिक कार्यक्रममा सफाइलाई पहिलो प्राथमिकता दिनुपर्दछ । बालबालिका कक्षाकोठामा जम्मा हुनुभन्दा अघि नै कोठा सफा गरिएको हुनुपर्दछ । कक्षाकोठा सफा गर्ने काममा शिक्षक विद्यार्थी सबैले ध्यान दिनुपर्छ । सरफाइको काम गर्नाले आफ्नो मानमर्यादा घट्छ भन्ने किसिमको धारणा लिनु हुँदैन । यसलाई एउटा सेवा र कर्तव्यको भावनाले हेर्नुपर्दछ। यसरी शिक्षक परिवार सबै सफाइमा लागेपछि बालबालिकमा पनि कक्षा-कोठा सफा राख्ने अभिरुचि पैदा हुन्छ । काम गरेर इज्जत जाँदैन भन्ने भावनाको पनि दिन परदिन विकास हुन्छ ।

सफाइको काम पूरा भए नभएको, बालक र शिक्षकहरूको त्यसप्रति जाँगर भए नभएको प्रधान अध्यापकले बराबर निरीक्षण गरिरहनुपर्दछ । कक्षाहरू सफा छन् भने यस्ता शिक्षक र बालबालिका दुवैलाई इनाम र प्रशंसापत्रद्वारा प्रोत्साहित गर्दै जानुपर्दछ, सफा छैनन् भने आफूले उदाहरण स्वरूप यस कार्यका लागि हौसला दिलाउनुपर्दछ। अनि त्यस कार्यमा ध्यान नदिने शिक्षक र विद्यार्थी जागरूक भई लाग्न थाल्दछन् । किनभने स्वयं प्रधान अध्यापक सरिक भएको देख्दा अरू सबैले यसलाई अति आवश्यक काम र जिम्मेवारीको रूपमा हेर्न थाल्दछन् ।

कक्षाकोठा सफा गर्दा पानी छम्केर भुईं बढार्ने, बेन्च, डेस्क, पुछ्ने, भित्तामा अडिएको धूलो र दलिन काठ सबैतिर लागेको माकुराको जालो र अन्य कसिंगर हटाउने गर्नुपर्दछ भाँचिएको डेस्क, बेन्च, बाकस, मक्किएका दलिन र निदाल समयमा हटाउने वा मर्मत गर्ने गर्नुपर्दछ ।

बेन्च, डेस्क, नभई सुकुल ओछ्याइएको ठाउँ भएमा सुकुलहरू बराबर टक्टक्याउने, रातो माटोले कक्षाकोठाहरू लिप्ने गर्नुपर्दछ। ज्यादै झुत्रा र सडेगलेका सुकुल चकटी कक्षामा राख्न हुन्न। यसबाट कक्षा फोहोर हुन्छ। कसिंगर वा फोहोर चीजहरू जहाँ पायो त्यहाँ फाल्नु हुन्न, एउटा टीन वा डालीमा जम्मा गरी भरिएपछि टाढा लगी फाल्नपर्छ । कक्षामा उडुस, उपियाँ लाग्न दिनु हुँदैन। उडुस, उपियाँ लागेमा कक्षा छुट्टी भएपछि भुईं, गारो र दलिन सबैतिर कीरा मार्ने औषधी छर्कनुपर्दछ। कक्षा वरिपरि भएका विगालु बोटबिरुवा सिम्नु वा काँडाका झाङ्हरू फाँडी विद्यालय हाता बाहिर लगी बालिदिने गर्नुपर्दछ ।

यी माथिका कुरामा ध्यान पुऱ्याई कक्षामा आउने प्रत्येक बालबालिकालाई च्यातिएका कागत, कसिंगर बाकसमा हाल्ने, जहाँ पायो त्यहीं सिगानखकार नफ्याँक्ने, आफ्नो ठाउँमा सफा तरीकाले बस्ने, भित्तामा चकले नलेख्ने, कक्षा छुटेपछि कक्षाकोठामा ताल्चा मार्नेजस्ता कुरामा बानी बसाल्न सकेमा सरसफाइ विषयमा चिन्ता लिनु पर्दैन। कक्षाकोठाको सरसफाइका साथसाथै कक्षा सजावटमा पनि शिक्षक विद्यार्थी सबै संलग्न हुनुपर्दछ। विभिन्न पाठका निम्ति आवश्यक शैक्षिक सामग्री वा अन्य रमाइला ज्ञानवर्द्धक सामग्रीहरू कक्षा कोठामा सजाउन सकिन्छ। कक्षामा विज्ञानसम्बन्धी सामग्री राख्नु सामाजिक शिक्षा अन्तर्गत भौगोलिक, राजनीतिक र आर्थिक नक्साहरू राख्नु, महापुरुषका महावाणी टाँस्नु, उनीहरूका तस्वीर सजाउनु, कक्षाकोठाका ढोकामा दुर्वतिर फूलका गमला राख्नु, उपयुक्त रंगले कक्षा पोत्नु, भित्तामा उपयोगी र आकर्षक चित्रहरू कोर्नु, डष्टर र कसिंगर बाकस ठीक ठाउँमा राख्नु, शैक्षिक तथ्यांकहरू टाँस्नु, कला र संस्कृतिसम्बन्धी विभिन्न पोष्टर, चार्ट आदि झुन्ड्याउनु, कक्षा सजावटका उदाहरणहरू हुन्। यसका साथै दैनिक कार्यतालिका (रुटिन) र भित्तेपात्रो पनि सबैले देख्ने ठाउँमा टाँस्ने वा झुन्ड्याउने गर्नुपर्दछ। कक्षा सजावटले गर्दा बालबालिकामा सृजनात्मक प्रतिभाको विकास हुन्छ, यसको साथसाथै कक्षाकोठामा बसेर अध्ययन गर्ने रुचि पनि बढ्छ । यो बानीले त्यसै हल्लिने र रल्लिने बानी हटाई उनीहरूलाई क्रियाशील बनाइदिन्छ । भावी जीवनको कल्पना गर्ने बानीको शुरुवात पनि यही कामबाट हुन्छ। जुन कोठा राम्रो सजाइएको हुन्छ, त्यहाँ बालबालिकाको इच्छा र आकाङ्क्षा रमाएका हुन्छन्। जहाँ इच्छा रमाउँछ, त्यहाँ सजिलैसित विद्या आर्जन हुन्छ ।

सफाइ सजावटमा राम्रो ध्यान दिएमा विद्यालयको सञ्चालन र व्यवस्थापन राम्रो हुन जान्छ ।

(ख) विद्यार्थीको सरसफाइ

कक्षाकोठाको सरसफाइको साथसाथै विद्यालयले बालकको सरसफाइमा पनि ध्यान दिनु पर्दछ । बालकले व्यक्तिगत सरसफाइको बारेमा घरैबाट पनि केही ज्ञान पाएर आएका हुन्छन् तापनि उनीहरूलाई यसको महत्त्व अझ स्पष्ट गराई व्यवहारमा उतार्न सिकाउने जिम्मेदारी विद्यालयको हो । बालक सफा भए भने कक्षाकोठा सफा हुन्छ । कक्षाकोठा सफा भए भने विद्यालय सफा हुन्छ र विद्यालय सफा भए विद्यालयको वरपरको समुदाय नै सफा बन्छ भन्ने कुरा शिक्षकले बुझ्नुपर्दछ ।

बालकलाई बिहान सबेरै उठ्ने दिसापिसाब गर्ने, दाँत माझ्ने, हातमुख धुने, सफा रुमालले पुछ्ने, कपाल कोर्ने, खानेकुरा सफा हातले समाल्ने, खानेकुरा खाइसकेपछि हातमुख पुछ्ने, विद्यालय आउँदा रुमाल लिएर आउने, सिंगान, चिप्रा रुमालले पुछ्ने, हाच्छिऊँ गर्दा रुमालले मुख छोप्ने, कापीकिताब फोहोर नगर्ने, नच्यात्ने, फोहोर, झीगा भन्केको, नछोपेको, बासी, सडेगलेको कुरा नखाने, जहाँपायो त्यहींको पानी नपिउने, सफा लुगा लाउने, सके एक दिन बिराएर नसके साताको एकपटक नुहाउने, हिलो, धूलो, माटो फोहोरमा नखेल्ने, फोहोर पानीमा हातखुट्टा नधुनेजस्ता कुरा शिक्षकले आफैंसमेत उदाहरण बनेर सिकाउनुपर्दछ ।

उपर्युक्त कुराहरू बालकहरूले पालन गर्न थाले भने विद्यालयले कठिनाइ बिना नै शिक्षाको उद्देश्य पूरा गर्नसक्छ । सफा बालक विद्यालयको अमूल्य सम्पत्ति हुन् । यिनीहरूबाट विद्यालय सञ्चालन व्यवस्थापनमा सहयोग पुग्न सक्दछ ।

(ग) बस्ने व्यवस्था

बालबालिकालाई शिक्षा प्रदान गर्ने बारेमा विद्यालयले योजना बनाउँदा सबभन्दा पहिले उनीहरूका निम्ति राम्रो बस्ने ठाउँको व्यवस्थामा ध्यान दिनुपर्दछ । यहाँ बस्ने ठाउँ भन्नाले कक्षाकोठालाई लिइएको छ । कक्षाकोठाको व्यवस्था गर्दा राम्रो शैक्षिक वातावरण कायम हुन सक्ने छ छैन, ध्यान पुग्नुपर्छ । सम्पन्न मुलुकहरूमा बालकको बस्ने व्यवस्था मनोवैज्ञानिक तवरले तयार गरेपछि मात्र शिक्षाको उद्देश्य पूरा गर्न खोजिन्छ । हुन पनि यो आवश्यक कुरो हो । बसाइभन्दा पढाइमा जोड दिनुपर्छ भन्ने सोचाइ ठीक होइन । बालकलाई पढ्नका निम्ति राम्रो बस्ने ठाउँको व्यवस्था हुनुपर्दछ । बस्ने व्यवस्था राम्रो हुन सकेन भने बालकहरू पढाइ-प्रति चाख नलिई विद्यालयबाट भाग्न खोज्ने हुन्छन् । यसरी पढाइप्रति अभिरुचि पदा नभई उनीहरू विद्यालयदेखि विरक्त भएर हिंड्न लागे भने हामीले चिताएको शिक्षाको उद्देश्य पूरा गर्न सकिन्न ।

बालक विद्यालय आएपछि उसलाई सजिलो र सुरक्षित किसिमले बस्न पाउने बन्दोबस्त हुनुपर्दछ । हाम्रो देशका सबै विद्यालयमा उही किसिमले बस्ने व्यवस्था छैन । कुनै विद्यालय

भौतिक साधन सम्पन्न छन् त कुनै छैनन् । भौतिक साधन सम्पन्न विद्यालयमा राम्रा कोठा, डेस्क, बेन्च पर्याप्त मात्रामा छन् भने असम्पन्न विद्यालयमा पर्याप्त कक्षाकोठा पनि छैनन्, फर्निचरको त कुरै नगरौं। कुनै विद्यालय पाटी, देवल, सत्तलहरूमा सञ्चालन भइरहेका छन् तर सम्पन्न विद्यालय होस् वा असम्पन्न होस् विद्यालयले बालबालिकालाई बस्ने व्यवस्थाको प्रबन्ध चाहिं राम्रो गर्नुपर्दछ । बस्ने व्यवस्था राम्रो भएमा कक्षामा अनुशासनसम्बन्धी समस्या उत्पन्न हुँदैन । बस्ने व्यवस्था मिलाउँदा निम्न कुरामा विचार पुऱ्याउनु आवश्यक देखिन्छ ।

(क) प्रत्येक कक्षाकोठा छुट्टाछुट्टै हुनपर्दछ । एक कक्षाको पढाइले अर्को कक्षालाई बाधा नपुऱ्याउने गरी कोठा राम्ररी बारेको हुनुपर्दछ ।

(ख) बस्दा बालकहरूलाई अप्ठ्यारो नपर्ने र लेख्दा आपस-आपसमा कुहिनो नजोडिने गरी बस्ने ठाउँको व्यवस्था गर्नुपर्छ । साथै एकले अर्कोलाई नछेक्ने गरी बस्ने व्यवस्था मिलाउनुपर्दछ ।

(ग) कक्षाको स्तर र बालकको उमेर हेरी डेस्क र बेन्च निर्माण गरिएको हुनुपर्दछ । यसो गर्दा बालकहरूलाई बस्दा खट्टा नझोलिने र लेख्दा उठेर लेख्न नपर्ने हुन्छ ।

(घ) डेस्क र बेन्चले आवागमनलाई बाधा पुऱ्याएको हुनुहुन्न । बालकहरूलाई सजिलैसित ओहोरदोहोर गर्ने गरी बेन्च र डेस्कको हार मिलाएको हुनुपर्दछ । यसो गर्दा शिक्षकलाई पनि एक छेउबाट अर्को छेउसम्म पुग्न र व्यक्तिगत ध्यान दिन सुविधा मिल्दछ ।

(ङ) सकेदेखि बालकहरूको किताब, कापी, कलम राख्नका लागि डेस्कमा घर्रा बनाइदिनुपर्दछ । यो नभए पनि उनीहरू बस्ने ठाउँभन्दा अगाडि किताब झोला राख्न पुग्ने ठाउँ हुनुपर्दछ ।

(च) कक्षाको लम्बाइ, चौडाइ प्रतिकक्षा करीब ४० विद्यार्थी अटाउने हिसाबको हुनुपर्दछ । यसो भएमा कक्षाभित्र उकुसमुकुसको वातारण पैदा हुँदैन र शिक्षकले पनि समानरूपले सबैलाई ध्यान पुऱ्याउन सक्दछन् ।

(छ) पढ्ने कोठा सुरक्षाको दृष्टिले राम्रो हुनुपर्दछ । कोठामा ढोका र ढोकामा ताल्चा मार्ने व्यवस्था हुनुपर्दछ । साथै कोठामा गाईवस्तु र अन्य जनावर छिर्न नसक्ने प्रबन्ध मिलाउनुपर्दछ । भत्केको, गलेको, सडेको, भित्ता ईंटा काठ हटाई आवश्यक मर्मत गर्दै रहनुपर्दछ ।

(ज) कक्षाकोठामा प्रकाशको प्रबन्ध हुनुपर्दछ । आँखै तिमिराउने उज्यालो र आँखालाई बल पर्ने अँध्यारो हुनु हुन्न । यसका लागि ठीक-ठीक ठाउँमा झ्याल राखिएको हुनुपर्दछ ।

(झ) कक्षा चिसो हुनु हुन्न । कक्षा ओभानो नभई चिसो भएमा सर्दीको कारणबाट बालकहरूको स्वास्थ्यलाई हानि पुग्दछ । यसका साथै रोगका कीटाणुले पनि आक्रमण गर्न सक्छन् ।

(ञ) कक्षामा हावा खेल्न पाउनुपर्दछ ।

(ट) डेस्क र बेन्च नभएको ठाउँमा सुकुल वा गुन्द्रीको राम्रो व्यवस्था हुनुपर्दछ। सुकुल वा गुन्द्री सकभर एक जनालाई एउटा हुने गरी स-साना हुनुपर्दछ । सुकुल वा गुन्द्री ओछ्याएको कक्षा भए तापनि सकभर लेखपढ गर्ने र किताब राख्न सुविधा हुने गरी काठको फल्याक वा बाँसको डेस्कजस्तै बनाउन सकिन्छ ।

(घ) पाठ्यपुस्तकको हिफाजत र प्रयोग

पाठ्यपुस्तक बालकहरूका लागि पढ्ने प्रमुख सामग्री हो । पाठ्यपुस्तक सफा सुग्घर र रोचक भए बालकमा पढ्ने अभिरुचि बढ्दछ । यस कुरालाई ध्यानमा राखी शिक्षकले बालकमा पाठ्यपुस्तकको हिफाजत गर्ने भावनाको विकास गराउन सक्नुपर्दछ । पाठ्यपुस्तकको हिफाजतमा ध्यान दिनुपर्ने कुराहरू:–

१. पाठ्यपुस्तकमा जिल्दा हाल्ने ।

२. पाठ्यपुस्तकमा जथाभावी लेखी फोहोर नगर्ने ।

३. पाठ्यपुस्तकको सुरक्षाका लागि जहाँ पायो त्यहीं नछाड्ने ।

बालकहरूले पाठ्यपुस्तकको राम्रो हिफाजत गरेका छन् कि छैनन् भन्ने कुरामा शिक्षक, अभिभावक सबैले ध्यान पुऱ्याउनुपर्दछ । पाठ्यपुस्तक हिफाजत गरेमा एउटै पाठ्यपुस्तक फेरि-फेरि पनि काममा ल्याउन सकिने हुँदा यसमा विशेष ध्यान दिनु आवश्यक छ । निःशुल्क पाठ्यपुस्तक हुँदा पुस्तकको जतन गर्नुपर्छ भन्ने कुरामा शिक्षक विद्यार्थी सबैले ध्यान दिनुपर्छ। श्री ५ को सरकारले प्राथमिक कक्षाका निमित्त निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरेकोले सित्तैं आएको भनेर हेलचक्र्याइँ गर्न हुँदैन । पढिसकेपछि विद्यालयले विद्यार्थीहरूबाट फिर्ता लिने र त्यसलाई पुनः प्रयोगमा ल्याउन एउटा कक्षाको पुस्तक फिर्ता गरेपछि मात्र अर्को कक्षाको पुस्तक दिने व्यवस्था भएपछि त पुस्तकको हिफाजतको महत्त्व ठूलो रहेछ भनेर बुझ्नुपर्छ । दिनप्रतिदिन कागत महँगो हुँदै गएकाले किताबको हिफाजत नगरेमा राष्ट्रिय सम्पत्तिको दुरुपयोग हुनजान्छ । यसले परिवारलाई समेत आर्थिक असर पुऱ्याउँछ । त्यसैले पाठ्यपुस्तकको हिफाजत गर्न थालेपछि बालबालिकाहरूले यस सम्बन्धी समस्या विद्यालयमा ल्याउँदैनन् र विद्यालयको व्यवस्थापन र सञ्चालन राम्रो हुन्छ । साथै विद्यालयलाई काम गर्न पनि सजिलो हुन्छ । पाठ्यपुस्तक हिफाजत गर्ने जिम्मेवारीको भावना बालक, शिक्षक र अभिभावक सबैमा हुनुपर्दछ ।

पाठ्यपुस्तकको हिफाजतको साथसाथै बालकले पाठ्यपुस्तकको राम्रो उपयोग पनि गर्न जान्नुपर्दछ ।। उचित ढङ्गले पाठ्यपुस्तक उपयोग गर्न सक्ने बालबालिका भएमा शिक्षकले तत्-

सम्बन्धी कठिनाइको सामना गर्नुपर्दछ। शिक्षकले बालकालिकाहरूलाई निम्न लिखित तरीकाबाट पाठ्यपुस्तकको उपयोग सिकाउनुपर्दछ।

१. पाठ्यपुस्तकमा दिइएका विषयवस्तु पढ्ने, बुझ्ने र व्यक्त गर्ने।

२. पाठमा दिइएका अभ्यासहरू गर्ने।

३. पाठ्यपुस्तकमा दिइएका चित्रहरू, नमुनाहरू, तालिकाहरू नक्साहरू आदि हेर्ने, बुझ्ने र विषयवस्तुको सम्बन्ध बोध गर्ने।

सीपसम्बन्धी अभ्यास गराउनुपर्दा पाठ्यपुस्तकको आवश्यकता पर्दछ। भाषाका सीपहरू गणितका अभ्यासहरू शिक्षकले गराउँदा बालकहरूसँग अनिवार्य रूपले पाठ्यपुस्तक हुनु आवश्यक छ। तर अरू किसिमका धारणासम्बन्धी ज्ञान गराउँदा पाठ्यपुस्तक बालकहरूसँग नभए तापनि चल्न सक्दछ। सामाजिक शिक्षा विज्ञान, स्वास्थ्य आदि विषयका पाठ्यपुस्तकमा लेखिएका कुरालाई अक्षरशः घोकाउने गरिँदैन। भाषामा भने पढाइ सीपको विकासका लागि यसै किसिमको अभ्यास गराउनु पर्ने हुँदा पाठ्यपुस्तक नभई चल्न सक्दैन। यही सोचाइबाट प्राथमिक स्तरको कक्षा १, २, ३ मा स्वास्थ्य र शारीरिक, हस्तकला, चित्रकलाको शिक्षक निर्देशन पुस्तिका मात्र निर्माण गरिएको हो।

कुनै विषयको ज्ञान गराउन पाठ्यपुस्तकमा दिइएका चित्रहरू, नमुनाहरू र अन्य नक्साहरूको माध्यमबाट पनि शिक्षा दिन सकिने हुँदा तिनको पनि प्रयोग गर्न शिक्षक, विद्यार्थी दुवैले सिक्नुपर्दछ।

(ङ) राष्ट्रिय गान, समूह गान र कक्षागत गान

विद्यालयले आफ्नो नियमित कार्यक्रममा राष्ट्रिय गान, समूह गान र कक्षागत गानलाई पनि महत्त्व दिनुपर्दछ। प्रत्येक विद्यालयमा कक्षा सञ्चालन गर्नुअघि राष्ट्रिय गान गाउने प्रचलन हुनुपर्दछ। राष्ट्रिय गान विद्यालयका शिक्षक, विद्यार्थी सबैले गाउन जान्नुपर्दछ र राष्ट्रिय गान गाउँदा सबैले अनुशासित भई राम्ररी गाउनुपर्दछ। राष्ट्रिय गान गाउन नजान्ने विद्यार्थीलाई सिकाउने र जानेर पनि गाउन संकोच मान्नेलाई गाउन प्रोत्साहित गर्दै लानुपर्दछ। राष्ट्रिय गानले देश, नरेशप्रति श्रध्दा तथा भक्ति भावना बढाउनाका साथै विद्यार्थीहरूलाई स्वाभिमानी बनाई आफ्नो उद्देश्यमा लगनशील हुने प्रेरणा प्रदान गर्ने हुँदा यसको ठूलो महत्त्व छ।

विद्यालयका प्रत्येक विद्यार्थीहरूले सामूहिक रूपमा समूह गीतको छुट्टै व्यवस्था शिक्षा मन्त्रालयले गरेको छ। समूह गीत प्रत्येक दिन वा अवस्था र परिस्थिति हेरी विभिन्न पर्व र उत्सवमा विद्यालयले गाउन लाउने व्यवस्था गर्नुपर्दछ। समूह गीत गाउनाले बालकहरूमा

आत्मसम्मानको भावना बढ्छ । यसका साथै उनीहरूमा सृजनात्मक प्रतिभा प्रदर्शन गर्ने जिज्ञासा पनि पैदा हुन्छ । यसले बालकको पठनपाठनप्रति रुचि बढाउँछ । विद्यालयका कार्यक्रममा पनि उनीहरूको सक्रियता बढ्दछ । सधैं किताबी पढाइ र अभ्यासले मात्र बोझ बनेका बालबालिकामा यस कार्यक्रमले स्वच्छ मनोरञ्जन प्रदान गर्नमा पनि मद्दत पुग्दछ । विद्यालयमा हुने अतिरिक्त कार्यकलाप अन्तर्गत "हट्ने हैन डटी लड्ने . . . " जस्ता समूह गीत प्रत्येक विद्यालयमा गाउन लगाइने गरिएको छ।

प्रत्येक कक्षामा विद्यार्थीहरूका लागि कक्षागत गीतको पनि व्यवस्था गरिएको छ । कक्षागत गीत कक्षा सञ्चालन हुनुभन्दा अगाडि गरिने प्रबन्ध मिलाउनुपर्दछ । यस किसिमको गीतमा कक्षाका सबै विद्यार्थीहरूलाई अनिवार्य रूपले भाग लिन लगाउनुपर्दछ । कक्षागत गीतले बालकमा राष्ट्रियताप्रति श्रद्धा जगाउनुका साथै शैक्षिक क्रियाकलापमा रुचि पनि बढाइदिन्छ । कक्षागत गीतले बालकमा पढाइप्रतिको कर्तव्यबोध पनि गराइदिन्छ । यसले उनीहरूलाई पढाइप्रति प्रेरित गर्न बल पुऱ्याउँछ । हाल शिक्षा मन्त्रालयले कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूका लागि कक्षागत गीतहरू तोकिदिएको छ । यस किसिमका कक्षागत गीतले बालकहरूमा यो कक्षाको हुँ भन्ने गौरव उत्पन्न गराउँछ साथै उनीहरू हृदयदेखि नै गीत गाउन तत्पर रहन्छन् । यस किसिमका कक्षागत गीतहरू सबै विद्यार्थीहरूले गाउन सिक्नुपर्दछ र गाउन नजान्नेलाई प्रोत्साहित गरी शिक्षकले गाउन सिकाउनुपर्दछ । त्यसै कक्षागत गीत गाउन शिक्षक स्वयंले नै पनि जाङ्गु पर्दछ ।

(च) दैनिक उपस्थित बही सञ्चालन

प्रत्येक नयाँ शैक्षिक शत्रदेखि बालकहरू विद्यालयमा उपस्थित हुन्छन् । बालबालिका उपस्थित भएको दिनदेखि नै विद्यालयले हाजिरी उठाइराख्नु पर्दछ । यस्तो हाजिरी निश्चित बहीमा उठाउनुपर्दछ । प्रत्येक महिनाको अन्त्यमा विद्यार्थीको कुल हाजिर दिन गन्ती गर्नुपर्दछ । यसरी गन्ती भएको हाजिरी विद्यालयको विवरण सम्बन्धी अभिलेखमा उल्लेख गर्दै जानुपर्दछ । दैनिक उपस्थितिको गणना गरिसकेपछि सार्वजनिक बिदा बाहेक पूरा उपस्थित हुने, पूरा उपस्थित नहुने, विद्यालयमा पूरा समयसम्म बस्ने पूरा समय नबस्ने विद्यार्थीको सूची तयार गर्नुपर्दछ । यसरी तयार गरिएको सूची दैनिक वा पिरियडैपिच्छे सबैले देख्ने ठाउँमा टाँस्नुपर्छ । यसबाट विद्यार्थीमा गयल हुनु राम्रो होइन रहेछ भन्ने मनोवैज्ञानिक असर पर्न गई सकेसम्म उनीहरू दिनहुँ विद्यालय आउन प्रोत्साहित हुन्छन् ।

प्रत्येक शिक्षकले विद्यार्थीको हाजिरी लिंदा उनीहरूको रोल नम्बरबाट नबोलाई नामै किटी बोलाउनु बेस हुन्छ । यसबाट विद्यार्थी र शिक्षकबीचको सम्बन्ध राम्रो हुनाको साथै शिक्षकलाई हरेक विद्यार्थीको नाम याद हुन गई अनुपस्थित भएको विद्यार्थी तुरुन्त थाहा पाउन

सजिलो हुन्छ । यसरी नाम किटी हाजिर गर्दा विद्यार्थी एक अर्काको नामसँग परिचित हुन्छन् ।

(छ) कालो पाटी (Black Board) को उपयोग

कालो पाटी (Black Board) शिक्षण क्रियाकलापको महत्त्वपूर्ण माध्यम हो । यसको छनोट र उपयोग उपयुक्त किसिमले हुन सकेन भने शिक्षण कार्यकलाप गतिलोसँग सञ्चालन हुन सक्दैन । धेरैजसो कालो रंगले रंगाउने गरिएको हुनाले यसलाई कालो पाटी भनिने गरेको हो । आजकाल कालो रंगले आँखामा बल परी नराम्रो असर गर्न सक्छ भन्ने दृष्टिले यो बोर्ड हरियो र पहेंलो रंगले रंगाउने गर्न थालिएको छ । त्यो नभएमा लेख्दा हरियो वा पहेंलो चक प्रयोग गर्ने गरेको देखिन्छ । कालो पाटी साधारणतया १ मिटर १५ सेन्टिमिटर चौडाइ र १ मिटर ४४ सेन्टिमिटर लम्बाइको हुनुपर्दछ । कक्षाको साइज र विद्यार्थी संख्यामा पनि यसको साइज निर्भर गर्दछ तापनि साह्रै सानो कालो पाटी त्यति उपयोगी हुँदैन ।

कालो पाटी प्रयोग गर्दा विचार गर्नुपर्ने कुराहरू

कालो पाटी विभिन्न किसिमका हुन्छन् । कुनै यताउति चलाउन नसकिने गरी कक्षा कोठाको भित्तामा नै निर्माण गरिएको हुन्छ भने कुनै एक ठाउँबाट अर्को ठाउँमा लैजान हुने गरी टीन वा काठको बनाइएको हुन्छ । कुनै भने बेर्न हुने कागत वा प्लाष्टिकको बनाइएको हुन्छ । कालो पाटी प्राप्त नभएमा शिक्षकले काम चलाउ पाटी पनि बनाएर प्रयोगमा ल्याउन सक्छन् । जे-जस्ता किसिमको कालो पाटी भए तापनि त्यसको उपयोग भने एउटै उद्देश्यले गरिन्छ । त्यसैले यहाँ कालो पाटीको किसिमभन्दा पनि त्यसको उपयोगसम्बन्धमा चर्चा गर्न आवश्यक देखिन्छ ।

कालो पाटी उपयोग गर्दा विचार गर्नुपर्ने कुराहरू निम्न बमोजिम छन्

(१) कालो पाटी कक्षामा सबैले राम्ररी देख्न सक्ने ठाउँमा राख्नुपर्दछ । घामको टलक पर्ने अथवा अँध्यारो ठाउँमा कालो पाटी राख्नु हुँदैन ।

(२) बालबालिकाको आँखासतहसँग मिल्ने गरी कालो पाटी कक्षामा राखिएको हुनुपर्दछ ।

(३) कालो पाटीमा लेखिएका वा देखाइएका कुरा सबै बालकका निम्ति उपयोगी हुनुपर्दछ। यसमा अनावश्यक कुरा लेख्नु हुँदैन ।

(४) कालो पाटी सधैं सफा राख्नुपर्दछ । प्रयोग गरिसकेपछि शिक्षकले सफा गर्ने गर्नुपर्दछ । लेखेको सफासँग देख्न गराउनका लागि बेला-बेलामा रंगाउने गर्नुपर्दछ ।

(५) कालो पाटीमा लेख्दा शिक्षकले ठूला अक्षरमा सफा र शुद्धसँग लेख्ने गर्नुपर्दछ ।

(६) शिक्षकले आफूले लेखेको कुरा आफैंले छेकी बालकले देख्न नसक्ने गरी लेख्नु हुँदैन ।

(७) समय-समयमा अभ्यास कार्यको सिलसिलामा शिक्षकले बालबालिकाहरूलाई पनि कालो पाटीमा लेख्न लगाउनुपर्दछ एउटै अभ्यास एकै समयमा गराउनुपर्दा स-साना कक्षाका लागि सिलोट पनि प्रयोगमा ल्याउन सकिन्छ ।

(८) ढोका र ताल्चाको राम्रो व्यवस्था नभएका विद्यालयले कक्षाहरू छुटेपछि कालो पाटी सुरक्षित ठाउँमा लगी राख्नुपर्दछ र कक्षा शुरु हुँदा पुनः ल्याउनुपर्दछ ।

अभ्यास

(१) कक्षा सञ्चालन र व्यवस्थापन भन्नाले के बुझिन्छ ? प्रस्ट पारी लेख्नुहोस् ।

(२) कक्षा सजावट गर्ने तरीका के-के हुन् ?

(३) बालकहरूको सरसफाइमा विद्यालयले कसरी मद्दत पुऱ्याउँछ ? लेख्नुहोस् ।

(४) विद्यालयले बस्ने व्यवस्था गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू के-के हुन् ?

(५) पाठ्यपुस्तकको हिफाजत गर्ने तरीकाहरू के-के हुन् ? छोटकरीमा बयान गर्नुहोस् ।

(६) राष्ट्रिय गान, समूह गान र कक्षागत गानमा के-कस्तो फरक छ ? उल्लेख गर्नुहोस् ।

(७) दैनिक उपस्थित बही सञ्चालन गर्ने तरीका के-के हुन् ? बयान गर्नुहोस् ।

(८) कालो पाटीको उपयोग गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू के-के हुन् ? लेख्नुहोस् ।

प्रयोगात्मक अभ्यास

(१) आफ्नै विद्यालयका प्राथमिक कक्षाहरूमा वा नजीकको प्राथमिक विद्यालय वरिपरिको सर-सफाइ, कक्षाको सजावट, बालकको सरसफाइ, पाठ्यपुस्तको हिफाजतसम्बन्धी सर्वेक्षण गरी छोटो विवरण तयार गर्न लगाउने ।

(२) राष्ट्रिय गान, विद्यालयमा गाइने समूह गान र प्राथमिक स्तरका कक्षागत गीतहरू अगुवा भई गाउन अभ्यास गराउने ।

(३) बाक्लो कागत, कपडा वा काठको फल्याकमा रंग लगाई नमुनाको रूपमा कालो पाटो बनाउन लगाउने ।

३. प्राथमिक विद्यालय प्रशासन

प्राथमिक विद्यालय प्रशासन भन्नाले प्राथमिक विद्यालय सञ्चान गर्न आवश्यक व्यवस्था भन्ने बुझिन्छ । कुनै पनि संगठनलाई सुचारुरूपले सञ्चालन गर्नका लागि त्यहाँको प्रशासकीय एकाइको महत्त्वपूर्ण भूमिका रहन्छ । प्राथमिक विद्यालय पनि एउटा संगठित संस्था हो । त्यहाँ पनि दैनिक निर्धारित शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिन्छन् । प्राथमिक विद्यालय प्रशासनमा मुख्यतया प्रधानाध्यापक र शिक्षकको प्रमुख महत्त्व हुने हुँदा शिक्षक र प्रधानाध्यापको काम-कर्तव्यबारे जानकारी गर्नु आवश्यक देखिन्छ ।

शिक्षक

मानव समाजमा शिक्षकको महत्त्वपूर्ण स्थान छ । विश्वमा जहाँतहीं शिक्षकको मान-मर्यादा हुन्छ । हाम्रो धर्मशास्त्र अनुसार शिक्षकलाई दोस्रो ईश्वर नै मानिन्छ । विकसित मुलुकहरूमा शिक्षकलाई राष्ट्र निर्माताको रूपमा लिइन्छ । उनलाई मानिसको निर्माता र इतिहासका निर्माता पनि मानिन्छ । अझ प्राथमिक शिक्षाको कर्तव्य त झन् महत्त्वपूर्ण छ । जसरी मालीले आफ्नो बिरुवालाई स्याहासंभार गरेर हुर्काउँछ, त्यसैगरी प्राथमिक शिक्षकले बालकहरूको हेरचार गर्नुपर्दछ । उनीहरूको शारीरिक मानसिक र सामाजिक विकास गराउन उनले प्रशस्त सहयोग पुऱ्याउनुपर्दछ। तसर्थ यसबाट प्राथमिक शिक्षकको काम अति नै महत्त्वपूर्ण देखिन्छ ।

शिक्षकको काम, कर्तव्य

शिक्षकको काम, कर्तव्य निम्न बमोजिम छन्:–

(१) योजना तयार गर्नु

कक्षामा पढाउन शुरु गर्नुभन्दा पहिले शिक्षकले निम्न लिखित कुराको राम्रो योजना तयार गर्नुपर्दछः–

(क) वर्षभरिमा पढाउनुपर्ने विषयलाई त्रैमासिक, मासिक, साप्ताहिक तथा दैनिक एकाइमा विभाजन गर्नुपर्छ । यसको आधारमा मात्र अध्यापन कार्य क्रमिक रूपले चल्न सक्दछ ।

(ख) कक्षामा प्रयोग गर्नुपर्ने सहायक सामग्रीहरूको पहिला नै तर्जुमा गर्नुपर्छ र तिनलाई ठीक तरीकाले प्रयोग गर्न सक्नुपर्छ ।

(ग) दैनिक पाठयोजना विषयवस्तु र सो पढाउने समयलाई राम्ररी विचार गरेर बना-उनुपर्छ ।

(घ) वर्षभरि विद्यालयमा गराइने अतिरिक्त कार्यकलापको पनि पूर्व योजना तयार गर्नुपर्छ । यस प्रकारका कार्यकलापमा विभिन्न बौद्धिक, सामाजिक तथा शारीरिक कार्यक्रमहरू समावेश गरिएको हुनुपर्छ ।

(२) अध्यापन गर्नु।

अध्यापन शिक्षकको मुख्य काम हो। सर्वप्रथम शिक्षकलाई आफ्नो पढाउने विषयमा राम्रो ज्ञान हुनुपर्दछ। साथै नयाँ-नयाँ शिक्षण विधिको प्रयोग गरी विद्यार्थीहरूलाई पढाइप्रति आकर्षित गराउन सक्नुपर्दछ। विद्यार्थीहरूलाई उनीहरूका पूर्व ज्ञानका आधारमा नयाँ विषयको ज्ञान दिलाउनु पर्दछ। कक्षामा स्पष्टसित यथा आत्म-विश्वासपूर्वक शिक्षकले पढाउनुपर्दछ। पढाउँदा भाषा सरल र सुगम हुनु जरुरी छ। आवश्यक तथा उपयुक्त सहायक सामग्रीहरू जस्तैः– नमुनाहरू, चित्रहरू खास वस्तुहरूद्वारा पाठलाई सजीव तथा यथार्थ बनाउनुपर्दछ।

कक्षामा अनुशासन कायम राख्नुपर्दछ। विद्यार्थीहरूप्रति शिक्षकको व्यवहार तथा कुराकानी स्वाभाविक र उत्साहवर्द्धक हुनुपर्दछ। कक्षा र विषय हेरी गृहकार्य दिनुपर्दछ। शिक्षकले पाठ्य विषयबाहेक पाठ्यान्तर क्रियाकलापमा पनि विशेष ध्यान दिनुपर्छ। शिक्षकले विद्यार्थीहरूको मानसिक विकासमा पनि विशेष ध्यान दिनुपर्दछ। केवल पाठ पढाएर सिद्धयाउनुमात्र उनको कर्तव्य होइन। विद्यार्थीहरूले पढेको कुरा बुझ्ने, बुझेका कुरा सम्झिरहन र विभिन्न किसिमका समस्याहरू हल गर्न जान्नुपर्दछ। शिक्षकले विशेष ध्यान पुऱ्याएमा मात्र यो कुरा सम्भव हुन्छ। बालकहरूलाई उनीहरूको जीवनोपयोगी शिक्षा दिनुपर्दछ किनकि ज्ञान भन्ने चीज जीवनभन्दा छुट्टै विषय होइन। शिक्षकको कर्तव्य विद्यार्थीको ज्ञानलाई यथासम्भव फराकिलो गराउनु हो। केवल विषयबोध गराएर मात्र पुग्दैन। पाठ्य विषयहरूलाई लादेरमात्र विद्यार्थीको मानसिक विकास हुन सक्तैन। उनीहरूले स्वतन्त्र वातावरणमा आ-आफ्नो आन्तरिक इच्छा र अभिरुचि अनुसार शिक्षा हासिल गर्ने मौका दिनुपर्दछ।

(३) संगठन गर्नु

जनसुक काम गर्नुपर्दा पनि पहिला नै त्यो काम कसरी र कुन तरीकासँग सम्पन्न गर्न सकिन्छ, योजना गर्नुपर्दछ। यसलाई कार्यको संगठन भनिन्छ। कामको क्रमिक संगठन भएमा कार्य सञ्चालन गर्न सुविधा मिल्दछ। त्यसैले शिक्षकले पनि आफ्नो अध्यापन कार्यलाई राम्ररी संगठन गर्नुपर्दछ। अनिमात्र शिक्षण कार्य क्रमिकरूपले चल्न सक्तछ। कार्यको संगठन गर्दा शिक्षकले समयको ख्याल गर्नुपर्दछ। साथै कक्षा हेरी अध्यापन कार्यलाई विभिन्न एफाइमा विभाजन गर्नुपर्दछ। सो गर्दा शिक्षकले निम्न लिखित कुराहरूको राम्रो प्रबन्ध गर्नुपर्दछ।

(क) पाठ्यक्रम र सह-पाठ्यक्रमसम्बन्धी विभिन्न कार्यक्रमलाई क्रमिकरूपले संगठन गर्नुपर्दछ।

(ख) विद्यालयको भौतिक साधन जस्तोः– विद्यालय भवन, फर्निचर सफाइ र विद्यालय हाताको राम्रो हेरचाह गर्नुपर्दछ।

(ग) विद्यालयको पुस्तकालयमा सम्बन्धित किताबहरूको राम्रो प्रबन्ध गर्नु-गराउनुपर्दछ।

(घ) अध्यापन कार्य सम्पन्न गर्न शिक्षकले पाठ्य विषयलाई विभिन्न कार्यक्रममा विभाजन गर्नुपर्दछ।

(४) निरीक्षण गर्नु

शिक्षकले विद्यार्थीहरूको पढाइ तथा अन्य अतिरिक्त कार्यकलापको बराबर निरीक्षण गर्नुपर्दछ । निरीक्षण केवल दोष पत्ता लगाउने ध्येयले गरिनु हुँदैन । निरीक्षणबाट देखिएका त्रुटिहरूलाई सुधार्न उपायसमेत बताइदिनुपर्छ । निरीक्षणको उद्देश्य शैक्षिक वातावरणमा सुधार ल्याउने भएकोले यसबाट नियमित कार्य प्रगति हुनुपर्दछ । निरीक्षण गर्दा खास गरी विद्यार्थीहरूको प्रयोगात्मक कार्य, लिखित कार्य र अध्ययन कार्यको गति भए नभएको कुरामा ध्यान पुऱ्याउनुपर्दछ । आवासीय विद्यालयमा शिक्षकले छात्रवासका विद्यार्थीहरूका सम्बन्धित कुराको निरीक्षण गर्नुपर्दछ ।

(५) निर्देशन दिनु

बालकहरूको सर्वाङ्गीण बिकासका लागि शिक्षकले पूर्णरूपले ध्यान पुऱ्याउनुपर्ने भएकाले यसका लागि उनीहरूलाई शिक्षकको निर्देशन पनि आवश्यक परी नै रहन्छ। सिक्नु पर्ने विषय कम समयमा सिक्नका लागि वा गलत मार्गमा नअलमलिनका लागि शिक्षकको निर्देशनबाट छात्रछात्राले प्रशस्त लाभ उठाउन सक्छन् । कक्षा शिक्षण गर्दा वा पाठ्यान्तर क्रियाकलाप गराउँदा शिक्षकले बराबर पथप्रदर्शन गराइरहनुपर्दछ । कुनै छात्रछात्राहरू छिटै निर्देशन बुझ्ने हुन्छन् भने कुनैलाई बुझाइरहन बढी समय लाग्ने हुन्छ । वैयक्तिक भिन्नताको कारणले यसो हुन गएको हो । यो कुरा बुझी शिक्षकले निर्देशन दिंदा छात्रछात्राहरू सबैले ठीकसित बुझे नबुझेको थाहा पाउनुपर्दछ । कक्षामा कुनै प्रश्नको उत्तर दिन लगाउँदा, गृहकार्य दिंदा, पाठ्यान्तर क्रियाकलापमा खास-खास काम गर्न दिंदा आफूले दिएको निर्देशन बुझे नबुझेको उनीहरूले दिएको उत्तर गरेर ल्याएको अभ्यास कार्य वा अन्य क्रियाकलापबाट पनि मूल्याङ्कन गर्न सकिन्छ । यसरी आफूले दिएको निर्देशन पालन गरे नगरेको कुरा शिक्षकले मूल्यांकन गर्दै जानुपर्छ।

(६) अभिलेख राख्नु

शिक्षकको अर्को मुख्य काम आफ्नो मातहतका विद्यार्थीहरूको शैक्षिक प्रगतिको अभिलेख राख्नु हो । यसका लागि शिक्षकले आफूले पढाइरहेको विषयमा विद्यार्थीहरूले के-कस्तो प्रगति गरिरहेका छन् समय-समयमा मौखिक वा लिखित परीक्षा लिई वा क्रियाकलापको माध्यमद्वारा मापन गर्दै जानुपर्दछ । त्यसरी मापन गरी देखिएका कुराहरू अभिलेख फाराममा चढाउने गर्नुपर्दछ । शैक्षिक प्रगतिको अलावा विद्यार्थीहरूमा देखापरेका त्रुटिहरूको पनि अभिलेख राख्ने गर्नुपर्दछ । यसैबाट के-कस्ता त्रुटिहरू उनीहरू बारम्बार दोहोऱ्याइरन्छन् भन्ने कुराको जानकारी प्राप्त हुनाको साथै यस्ता त्रुटिहरू निराकरण गर्न के उपाय गर्दै जानुपर्ने हो, सो पनि तय गर्न शिक्षकलाई सजिलो पर्ने हुन्छ । यसरी विभिन्न प्रयोजनका लागि अभिलेखहरू राख्ने गर्दा आफ्ना विद्यार्थीहरूको तुलनात्मक प्रगति थाहा पाउन र कमजोर विद्यार्थीहरूका लागि विशेष व्यवस्था गर्न सजिलो पर्दछ ।

(७) मूल्याङ्कन गर्नु

अध्यापन र मूल्याङ्कन एक अर्काका पुरक भएकाले आफ्ना विद्यार्थीहरूको मूल्याङ्कन गर्नु शिक्षकको एक प्रमुख कार्य हो। मूल्याङ्कन गर्दा शिक्षकले सिर्फ अध्ययन कार्यको मात्र मूल्याङ्कन नगरी विद्यार्थीका शैक्षिक, शारीरिक सामाजिक तथा नैतिक सम्पूर्ण पक्षको मूल्याङ्कन गर्नुपर्दछ। मूल्याङ्कनद्वारा शिक्षक र विद्यार्थी दुवैलाई आ-आफ्नो प्रगति र कमजोरीको ज्ञान हुने भएकाले शिक्षामा मूल्याङ्कनको ठूलो स्थान छ। निरीक्षण, गृहकार्य र विभिन्न परीक्षाहरूका माध्यमबाट मूल्याङ्कन गरिन्छ। यसरी गरिएको मूल्याङ्कनबाट प्राप्त अंकको अभिलेख बनाई राख्ने गर्नुपर्दछ।

(८) सम्बन्ध कायम राख्नु

शिक्षा सामूहिक कार्य भएकोले सबैको सहयोगबाट नै शिक्षा दिने काम संभव हुन्छ। विद्यालय समाजभन्दा बाहिरको छुट्टै एकाइ होइन। यसलाई पनि आफ्नो कार्यक्रम सुचारुरूपले सञ्चालन गर्न समुदायको जरुरत पर्दछ। त्यसैले विद्यालय र समुदायको बीच नजीकको सम्बन्ध कायम भएको हुन्छ। विद्यार्थीहरूको चौतर्फी विकासका लागि शिक्षक, अभिभावक र सम्बन्धित अन्य व्यक्तिहरूको सक्रिय सहयोगको जरुरत पर्दछ। यसैले शिक्षकले अभिभावक र समुदायका अन्य व्यक्तिहरूसँग राम्रो सम्बन्ध राख्नुपर्दछ।

(क) शिक्षक र विद्यार्थीहरूका बीच सम्बन्धः– शिक्षक र विद्यार्थीहरूका बीच पनि राम्रो सम्बन्ध हुनुपर्दछ। शिक्षक विद्यार्थीहरूका लागि एक नमुना बन्न सक्नुपर्दछ। उनले आफ्ना विद्यार्थीहरूसँग उदारता, सहानुभूतिपूर्ण व्यवहार गर्नुपर्दछ। विद्यार्थीहरूको विचार, भावना, कल्पना तथा तर्कलाई प्रोत्साहन दिनुपर्दछ। विद्यार्थी हितलाई नै शिक्षकले आफ्नो परम कर्तव्य ठान्नुपर्दछ। उनीहरूसँग व्यवहार गर्दा निष्पक्ष र न्यायपूर्ण हुनुपर्दछ। विद्यार्थीहरूमा कहिल्यै पनि शिक्षकले भय र त्रासको भावना पैदा गर्नुहुँदैन। शिक्षक र विद्यार्थीहरूका बीच राम्रो सम्बन्ध रहेमा कक्षामा राम्रो अनुशासन कायम हुन्छ।

(ख) शिक्षक र शिक्षकका बीच सम्बन्धः– प्रत्येक शिक्षकले आफ्ना अरू शिक्षक साथीहरूसँग पनि राम्रो सम्बन्ध राख्नुपर्दछ। कार्यक्रमको योजना बनाउँदा सबै मिली बनाएको खण्डमा त्यसको कार्यान्वयन राम्रो हुन जान्छ। एकले अर्का शिक्षकलाई सधाउनुपर्दछ। एकले अर्काको आलोचना गर्नु हुँदैन, सबैको संयुक्त प्रयासबाटै विद्यार्थीहरूले बढी फाइदा उठाउन सक्दछन् भन्ने कुरा सबैले मान्नुपर्दछ।

(ग) शिक्षक र प्रधानाध्यापक बीच सम्बन्धः– शिक्षक र प्रधानाध्यापकका बीच पनि राम्रोसँग सम्बन्ध हुनुपर्दछ। यसले गर्दा विद्यालयका शैक्षिक कार्यक्रममा संयुक्त सहयोग प्राप्त भई विद्यार्थीहरू लाभान्वित हुन्छन्। शिक्षकहरूले प्रधानाध्यापकलाई प्रशासन, मूल्याङ्कन, शिक्षण, विद्यालयमा हुने अन्य कार्यक्रममा सक्रिय सहयोग गर्नुपर्दछ।

(घ) शिक्षक र अभिभावकका बीच सम्बन्धः– शिक्षकले आफ्ना विद्यार्थीका अभिभावकहरूसँग राम्रो सम्बन्ध राख्नुपर्दछ । अभिभावकहरूबाट विद्यार्थीहरूको रुचि, योग्यता र समस्याहरूबारे जानकारी लिन सकिन्छ । सोझै भेटघाट गरेर वा प्रगति विवरण पठाई प्रतिक्रिया संकलन गरेर वा विद्यालयमा निम्ता गरेर शिक्षकले अभिभावकहरूसँग सम्पर्क राख्न सक्दछन् । शिक्षकलाई अभिभावकहरूबाट ठूलो सहायता मिल्न सक्दछ । यसैले शिक्षकले अभिभावक चिडाउन कुनै पनि काम गर्नु हुँदैन । साथै उनीहरूबाट शिक्षकले कुनै किसिमका नाजायज फाइदा पनि उठाउनु हुँदैन ।

(ङ) शिक्षक र विद्यालय निरीक्षकको बीच सम्बन्धः– शिक्षक र विद्यालय निरीक्षकको बीच पनि राम्रो सम्बन्ध कायम हुनुपर्दछ । विद्यालय शिक्षणमा सुधार ल्याउने हेतुले निरीक्षकहरूको व्यवस्था गरिएको छ । उनीहरूको काम कक्षा शिक्षणलाई प्रभावकारी बनाउने भएकोले निरीक्षकहरूलाई यस काममा पूर्ण सहयोग उपलब्ध गराउनुपर्दछ । निरीक्षकको काम शिक्षकको त्रुटि पत्ता लगाउने मात्र हो भन्ने मानिसमा भ्रम पर्न गएको छ । वास्तवमा के गर्नाले शिक्षण कार्य अझ प्रभावकारी हुन्छ भन्ने कुरामा रायसल्लाह दिने व्यक्ति भएकाले शिक्षकले निरीक्षक देखि टाढा नरही आफूलाई आइपरेका समस्याहरू उनलाई बताइदिने गर्नुपर्दछ । यसबाट शिक्षकलाई आफ्नो शिक्षण कार्य गर्नमा झन् सजिलो पर्न जान्छ ।

(च) शिक्षक र समुदायको बीच सम्बन्धः– शिक्षक र समुदाय बीच घनिष्ट सम्बन्ध हुनुपर्दछ । जुन समुदायको बीच विद्यालय रहेको हुन्छ, त्यस समुदायप्रति विद्यालयको ध्यान आकर्षित हुनु जरुरी छ । वास्तवमा विद्यालयले समुदायको आवश्यकतालाई पूर्ति गर्न सक्नुपर्दछ । यस काममा महत्त्वपूर्ण सहयोग पूरयाउन सक्ने व्यक्ति शिक्षक नै हुन्छन् । शिक्षकले यथासम्भव विद्यालय समुदायका बीच राम्रो सम्बन्ध कायम राख्नुपर्दछ । बराबर समुदायका प्रतिष्ठित व्यक्तिहरूलाई विद्यालयमा निम्त्याएर उनीहरूबाट धेरै किसिमका सहयोग लिन सकिन्छ । यसका लागि शिक्षकले तलका कुराहरू गर्न गराउन सक्दछन् ।

१. संभव भएमा विद्यालयमा शैक्षिक फिलिमहरू प्रदर्शन गराउने ।
२. कहिलेकाहीं विद्यार्थीहरूलाई नजीकको अस्पताल, स्वास्थ्य चौकीमा, परिवार नियोजन संस्थामा स्वास्थ्यसम्बन्धी ज्ञान गराउने ।
३. नजीकको नदीनाला, पहाड र अन्य ठाउँहरूमा क्षेत्रीय भ्रमण गराएर सम्बन्धित ज्ञान गराउने ।
४. विद्यालयमा विभिन्न विषयका विद्वानहरूलाई बोलाएर प्रवचन गराउने ।
५. नजीकको तीर्थस्थान मन्दिरहरूमा लगी विद्यार्थीहरूलाई धार्मिक एवं ऐतिहासिक वातावरणको जानकारी गराउने ।

६. स्थानीय गाउँ विकास समितिको कार्यालयमा लगी अध्यक्ष वा सदस्यहरूसँग भेटी गाउँ विकास समितिको कार्यकलापसम्बन्धी ज्ञान गराउने ।

७. नजीकको ठाउँमा लगी कुलो नहर र खेतीपातीसम्बन्धी कुराको ज्ञान गराउने ।

यस प्रकार विद्यार्थीहरूलाई स्थानीय जनता र स्थानीय वस्तुहरूबाट धेरै कुराहरूको बारेमा जानकारी गराउन सकिन्छ । यसका लागि शिक्षक नै एक मुख्य व्यक्ति हुन् । उनले विद्यालय र समुदाय बीच राम्रो सम्बन्ध राखी विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा महत पुऱ्याउनुपर्दछ ।

प्रधानाध्यापक

विद्यालयको दैनिक प्रशासन चलाउने काममा प्रधानाध्यपकको ठूलो महत्त्व छ । प्रधानाध्यापकको सबल नेतृत्त्वले गर्दा नै विद्यालयले सही बाटो पैल्याउन सक्तछ । प्रधानाध्यापक विद्यालयका एक प्रमुख व्यक्ति हुन् । यस कारण उनी उच्च आदर्श र आचरण भएका हुनुपर्दछ । प्रधानाध्यापकलाई एक जहाजका कप्तानसँग तुलना गरिएको छ । जसरी जहाजका कप्तानले जहाजलाई सही दिशातिर चलाउन सकेनन् भने जहाज नै डुब्ने डर हुन्छ । यसै गरी प्रधानाध्यापकले सही नेतृत्व र निर्देशन दिन नसकेका विद्यालयले सही बाटो पैल्याउन सक्दैन । साथै विद्यालयले आफ्नो लक्ष्य पनि पूरा गर्न सक्दैनन् । यसैले प्रधानाध्यापकको व्यक्तित्वले विद्यालयको विकासमा ठूलो काम गरेको हुन्छ । प्रधानाध्यापक विद्यालय संगठनको केन्द्रबिन्दु र नेता पनि हुन् । यतिमात्र होइन प्रधानाध्यापक नै व्यवस्थाका नेता, निर्देशक, संयोजक, निरीक्षक, नमुना शिक्षक, दार्शनिक र मित्र हुन् । यसबाट प्रधानाध्यापकको स्थान शिक्षाक्षेत्रमा धेरै महत्त्वपूर्ण रहेछ भन्ने कुरा थाहा हुन्छ । विद्यालयमा विद्यार्थीहरूको बौद्धिक, सामाजिक, शारीरिक तथा नैतिक विकासका लागि गरिने जति पनि कार्यहरू हुन्छन् तिनको सफलता प्रधानाध्यापकको सही नेतृत्व तथा कार्यकुशलतामा निर्भर गर्दछ ।

प्रधानाध्यापकको काम, कर्तव्य

प्रधानाध्यापकले प्रशासन र अध्यापनसम्बन्धी दुवै काम गर्नुपर्दछ । त्यसैले उनलाई विद्यालयका प्रशासक, शिक्षक दुवै मानिन्छ । यसबाट उनले गर्नुपर्ने काम कठिन छ भन्ने कुरा स्पष्ट हुन्छ । प्राथमिक विद्यालयका प्रधानाध्यापकले गर्नुपर्ने प्रमुख कामहरू तल चर्चा गरिन्छः–

१. संगठनसम्बन्धी काम

विद्यालयको संगठन गर्नु प्रधानाध्यापकको मुख्य काम हो । उनले विद्यालयमा आवश्यक कक्षाकोठा, फर्निचर आदि र भौतिक साधनहरूको व्यवस्था गर्नुपर्दछ । विद्यालयको क्षमता हेरी विद्यार्थीहरूलाई बस्ने व्यवस्था मिलाउँदा मेच, बेन्च वा सुकुलको प्रयोग गर्न सकिन्छ । यस्तै सम्पन्न विद्यालय भएमा प्रयोगशाला, पुस्तकालय, कार्यशाला आदिको पनि प्रबन्ध गर्न सकिन्छ ।

प्रधानाध्यापकले विद्यार्थीहरूलाई पनि खुवाउने व्यवस्थाको साथै खेल्नका लागि खेल्ने ठाउँ र खेल्ने सामग्रीहरूको व्यवस्था मिलाउनुपर्दछ । पढ्ने, खेल्ने र काम गर्ने ठाउँ सफासुग्घर राख्नुपर्दछ, विद्यालय वरपर पनि सफा राख्नुपर्दछ । शिक्षक संख्या अनुसार कार्य विभाजन गर्नुपर्दछ, विद्यालयमा गरिने विभिन्न कार्यहरूको पनि आवश्यक प्रबन्ध गर्नुपर्दछ। खेलकुद, स्काउट, रेडक्रस, शिक्षक, अभिभावक संगठन, विभिन्न सांस्कृतिक, कार्यक्रम, उत्सव, पर्व आदि मध्ये संभव हुन सक्ने जतिको प्रबन्ध गर्नुपर्दछ ।

२. प्रशासनसम्बन्धी काम

प्रधानाध्यापकले कार्यालयसम्बन्धी कामहरू जस्तैः– विद्यार्थी भर्ना गर्ने, दैनिक कार्यतालिका बनाउने, पत्रव्यवहार गर्ने, हरहिसाब ठीकसित राख्ने आदि कुराको पनि राम्रो प्रबन्ध गर्नुपर्दछ । शिक्षकहरूको हाजिरी राख्ने, जिल्ला शिक्षा निरीक्षकको कार्यालयबाट शिक्षक तथा अन्य कर्मचारीको तलबको व्यवस्था गराउने, अन्य कामका लागि बजेट उपलब्ध गराउने, शिक्षकहरूको गोप्य रिपोर्ट तयार गरी जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा पठाउने, भौतिक सामग्रीहरूको विवरण तयार गरी राख्ने आदि काम पनि प्रधानाध्यापकको हुन्छ । शिक्षकको पद कुनै रिक्त हुन आएमा सट्टा शिक्षकको व्यवस्था गराउनका लागि सम्बन्धित ठाउँमा पत्राचार गर्ने काम पनि प्रधानाध्यापकको हो ।

३. योजनासम्बन्धी काम

प्रधानाध्यापकले सुचारुरूपले विद्यालय सञ्चालन गर्न वर्षभरिको कार्यक्रमको पूर्व योजना तयार गर्नुपर्दछ । पूर्व योजनाको अभावमा बाधा पर्न जान्छ । योजना तयार पार्नु एक सामूहिक कार्य भएकोले विद्यालयको वर्षभरिको योजना तयार पार्दा प्रधानाध्यापकले आफ्ना शिक्षक तथा विद्यार्थीहरूको सहायता लिनुपर्दछ । विद्यार्थीहरूले पनि खेलकुद, शैक्षिक भ्रमण, सामाजिक कार्यहरूमा प्रधानाध्यापकलाई सहायता गर्न सक्दछन् । प्राथमिक विद्यालयका विद्यार्थीहरूबाट त्यति सहयोग मिल्न नसक्ला तर पनि सकेसम्म उनीहरूलाई पनि यस काममा सरिक गराउनु राम्रो कुरा हो ।

योजना तयार पार्दा प्रधानाध्यापकले मुख्यतया निम्न लिखित कुराहरूमा राम्ररी ध्यान दिनुपर्दछ ।

१. नयाँ विद्यार्थी भर्ना गर्ने मिति र तत्सम्बन्धी नियमहरू प्रकाशमा ल्याउनु ।
२. विद्यार्थी संख्याकको आधारमा बस्ने मेच, बेन्च वा सुकुल र आवश्यक शैक्षिक सामग्रीहरूको प्रबन्ध गर्नु ।
३. वर्षभरि विद्यालयले गर्ने कार्यक्रमहरूको एक विस्तृत तालिका बनाउनु ।
४. निःशुल्क वितरण गरिने पाठ्यपुस्तकको प्रबन्ध गर्नु ।

५. अतिरिक्त कार्यक्रमहरूको तर्जुमा गर्नु जस्तैः– खेलकुद, गोष्ठीहरू, अभिभावक दिवस, पुस्तक वितरण, विद्यालय जन्मजयन्ती, अध्ययन भ्रमण, प्रवचन आदि ।

५. परीक्षाप्रणाली तथा मूल्यांकनको व्यवस्था गर्नु र त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनु ।

४. अध्यापनसम्बन्धी काम

प्रधानाध्यापकका मुख्य कामहरूमध्ये अध्यापन गर्नु पनि एक हो । अध्यापन कार्यबाट प्रधानाध्यापकलाई विषयवस्तुको व्यापक ज्ञान हुनुको साथै विद्यार्थीहरूको बारेमा राम्रो ज्ञान हुन्छ । यसबाट उनलाई विद्यालय प्रशासन तथा शिक्षण कार्यमा सुधार ल्याउनसमेत ठूलो मद्दत मिल्दछ र यसबाट विद्यार्थीहरूको पढाइको स्तरको ज्ञान हुन्छ । अर्को कुरा अध्यापन कार्यबाट प्रधानाध्यापकको विद्यार्थीहरूसँग निकट सम्पर्क रहन्छ र उनीहरूका समस्यालाई बुझ्न र हल गर्न ठूलो मद्दत मिल्छ। प्राथमिक विद्यालयका प्रधानाध्यापकलाई यस कुराको अत्यन्त आवश्यकता पर्दछ । शिक्षक संस्था यथेष्ट भएका प्राथमिक विद्यालय भए तापनि प्रधानाध्यापकले केही न केही घण्टा पढाउनु लाभदायक हुन्छ । यस किसिमका जिद्यालयका प्रध्यानाध्यापकले केवल माथिल्ला कक्षामा मात्र नपढाई तल्ला कक्षाहरूमा पनि पढाउन वेस हुन्छ । अधिकांश प्राथमिक विद्यालयमा अरू शिक्षक सरह नै प्रधानाध्यापकले पढाउनुपर्दछ । हुन पनि शैक्षिक स्तर वृद्धि र विद्यालयको आर्थिक दृष्टिकोणले पनि प्रधानाध्यापकले पढाउनु लाभदायक हुन्छ ।

५. निरीक्षणसम्बन्धी काम

विद्यालयमा हुने सम्पूर्ण शैक्षिक गतिविधिको योजनाबाट सञ्चालन हुन सकून् भन्ने हेतुले प्राथमिक विद्यालयका प्रधानाध्यापकले त्यस्ता योजना तथा कार्यक्रमको निरीक्षण गर्ने काम गरिरहनुपर्दछ । निरीक्षणको उद्देश्य विद्यार्थीहरूलाई सकेसम्म सक्रिय एवं योग्य बनाउन प्रयास गर्नु हो । त्यसैले विद्यालयका विभिन्न पक्षमा प्रधानाध्यापले निरीक्षण गर्नुपर्दछ । प्रत्यंक पक्षको स्पष्ट विवरण निम्न 'अनुसार छ ।

(क) अध्यापनसम्बन्धी निरीक्षणः– अध्यापनसम्बन्धी कार्यको निरीक्षण एक आवश्यक कुरा हो । अध्यापन कार्य आधुनिक ढंगबाट विद्यार्थीहरूको हितलाई ध्यानमा राखी गरिएको हुनुपर्दछ । यसबाट अध्यापन कार्यमा प्रगति आउन सक्दछ । निरीक्षण कार्यमा शिक्षकको पनि सहयोग प्राप्त हुनुपर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी कुराको आधारमा शिक्षण कार्यको निरीक्षण हुनुपर्दछ । प्रधानाध्यापकले नियमित रूपले प्रत्येक कक्षाको निरीक्षण गर्नुपर्दछ । निरीक्षणद्वारा अध्यापन कार्यको प्रगति अथवा त्रुटिको राम्रो जानकारी गर्नुपर्दछ । निरीक्षण गरेर सुझावहरू पनि तयार गर्दै जानुपर्छ र ती सुझावहरू सम्बन्धित शिक्षकलाई थाहा दिनुपर्दछ ।

निरीक्षण कार्य सफल तुल्याउन सर्वप्रथम प्रधानाध्यापकले शिक्षकहरूसँग सहयोग र मैत्री-पूर्ण सम्बन्ध कायम राख्नुपर्दछ । अनिमात्र उनीहरूले निरीक्षण कार्यलाई स्वागत गर्दछन् । निरीक्षण कार्यबाट शिक्षकहरूमा भय र त्रास उत्पन्न नगराई यसबाट अध्यापन कार्यलाई सरल र आकर्षक बनाउन सक्नुपर्दछ । यदि कुनै शिक्षकले गलत शिक्षणविधि अपनाएको छ भन्ने कुरा पत्ता लागेमा वा विषयवस्तुलाई गलत किसिमले कक्षामा पढाइरहेका छ भन्ने लागेमा उक्त गल्तीलाई लिएर त्यही कक्षामा नै आलोचना गर्नु हुँदैन । विद्यार्थीहरूको सामुन्ने शिक्षकको आलोचना गर्नु राम्रो होइन । त्यसैले सम्बन्धित शिक्षकलाई बोलाई अरू नै समयमा यस गल्तीबारे छलफल गर्नुपर्दछ । विद्यार्थीहरूको अभ्यास-पुस्तिका मगाई उनीहरूले गरेका त्रुटि-हरू शिक्षकले सच्याइदिएको छ, छैन हेर्नुपर्दछ । त्रुटिहरू सच्याइएको रहेनछ भने शिक्षकलाई सुझाव दिनुपर्ने हुन्छ । यस्तै गरी परीक्षाका प्रश्नपत्रहरू उपयुक्त किसिमले तयार गरिएको छ छन, उत्तर पुस्तिकाहरू ठीकसित जाँचेको छ छैन, प्रधानाध्यापकले बराबर निरीक्षण गर्दै रहनुपर्दछ ।

(ख) कार्यालयको कामसम्बन्धी निरीक्षणः– प्रशासनसम्बन्धी कुरालाई राम्रोसँग राख्ने उद्देश्यले प्रधानाध्यापकले बराबर कार्यालयको कामसम्बन्धी निरीक्षण गर्नुपर्दछ । समय-समयमा सबै कक्षाका विद्यार्थीहरूको हाजिर कापी (उपस्थिति बही) जाँच्नुपर्दछ । साथै विद्यार्थी भर्ना बही पनि जाँच्नुपर्दछ । विद्यालय छाडी जाने विद्यार्थीहरूको पनि खाता निरीक्षण गर्नुपर्दछ । आवासीय प्राथमिक विद्यालय छ भने छात्राबासेसम्बन्धी हरहिसाबको पनि जाँच हुनुपर्दछ । यसको बेग्लै खाता हुनुपर्दछ । त्यस्तै प्रत्येक कक्षाकोठामा बस्ने सुविधा, कालो पाटी, चक, पानी खुवाउने आदिको उपयुक्त व्यवस्था भए नभएको प्रधानाध्याध्यापकले निरीक्षण गरी यसको प्रबन्ध पनि मिलाउनुपर्दछ ।

(ग) अतिरिक्त क्रियाकलापको निरीक्षणः– प्रशासन र शैक्षिक कार्यहरू बाहेक प्रधाना-ध्यापकले विद्यार्थीहरूबाट हुने अतिरिक्त क्रियाकलापको पनि निरीक्षण गर्नुपर्दछ । विद्यार्थीहरूको खेलकुद, व्यायाम, कवाज आदि कुराको निरीक्षण गर्नुपर्दछ । आफूले पनि खेलमा भाग लिई विद्यार्थीहरूको खेलप्रति अभिरुचि बढाउनुपर्दछ । प्रत्येक खेलाडीको टोलीको कार्यप्रगतिको निरीक्षण गर्नुपर्दछ । साथै खेलसम्बन्धी प्रगतिको जानकारी प्राप्त गरी नयाँ खेलकुद तथा अन्य अतिरिक्त कार्यक्रमहरूको व्यवस्था गर्दै जानुपर्दछ । विद्यालयमा सञ्चालन गरिएका विभिन्न साहित्यिक, सामाजिक तथा सहयोगी संगठनहरू केही छन् भने तिनको पनि निरीक्षण गर्नुपर्दछ ।

विद्यार्थीहरूको स्वास्थ्यबारे राम्रो हेरचाह हुनुपर्दछ । साधारण रोग लागेमा र चोट-पटक लागेमा आफूले सक्ने भए नजीकको स्वास्थ्य चौकीमा लगी उपचार गराउने र त्यसो गरी रहन नसकिने स्थिति आइपरेमा वा ठूलो रोग लागेमा सम्बन्धित अभिभावकलाई समयमै सूचना पठाउनुपर्दछ । सकेमा वर्षक एकपटक डाक्टर, स्वास्थ्य सहायक वा वैद्यहरूबाट विद्यार्थीहरूको

स्वास्थ्य जाँच गराई प्रत्येकको अभिलेख विद्यालयमा राख्ने प्रबन्ध गर्नुपर्दछ । यसरी प्राप्त चिकित्सकको सुझाउलाई अभिभावक समक्ष पुऱ्याइदिनुपर्छ । विद्यालयमा खेल्दा वा आउँदा, जाँदा खतरा पुग्न सक्ने ठाउँमा रेखदेख गरी मिलाउनुपर्दछ ।

(घ) छात्राबासको निरीक्षण:– कुनै प्राथमिक विद्यालयमा छात्राबासको व्यवस्था गरिएको छ भने यहाँ बस्ने छात्रछात्राहरूको पूरा रेखदेख प्रधानाध्यापकबाट हुनुपर्छ । छात्राबासको राम्रो प्रबन्ध भएमा विद्यार्थीहरूको शारीरिक, सामाजिक तथा नैतिक विकासमा ठूलो बल मिल्दछ । त्यसैले प्रधानाध्यापकले छात्राबाससम्बन्धी निम्न लिखित कुराहरूको निरीक्षण गर्नु आवश्यक छ ।

१. विद्यार्थीहरूको खानाबारे
२. पकाउने कुराको प्रबन्धबारे
३. भान्छा र खाने ठाउँबारे
४. भाँडाकुँडाको सरफाइबारे
५. पिउने पानीको प्रबन्धबारे

प्रधानाध्यापकले छात्राबाससम्बन्धी नियमहरू पालन भए नभएको जाँचबुझ गर्नुपर्दछ । यसका लागि खाने, सुत्ने, पकाउने आदि विभिन्न समयमा प्रधानाध्यापकले आवश्यक निरीक्षण गर्नुपर्दछ । यसका साथै छात्राबासको हरहिसाबको र अन्य सरसामानको पनि जाँच गर्नुपर्दछ । यसरी प्रधानाध्यापकले छात्राबासको प्रगतिबारे बराबर निरीक्षण गर्नुपर्दछ ।

६. निर्देशनसम्बन्धी काम

प्राथमिक विद्यालयमा प्रधानाध्यापकले विद्यार्थीहरूका हित हुने विभिन्न कुराहरूमा छात्र र शिक्षकहरूलाई बराबर निर्देशन दिने गर्नुपर्दछ । विद्यार्थीहरूको पढाइलाई सुधार्न बढी प्रभावकारी शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोगबारेमा सम्बन्धित शिक्षकलाई प्रधानाध्यापकले निर्देशन दिन सक्छन् । त्यस्तै पाठ्यक्रम र पाठ्यपुस्तकमा कुनै कुरा अस्पष्ट भएमा वा कुनै शिक्षकलाई त्यस्तो अपठ्यारो महसुस भएमा यसमा सहयोग पुऱ्याउनु उनको कर्तव्य हो । कक्षाकोठा कम भई सबै कक्षाका विद्यार्थीहरूलाई छुट्टाछुट्टै कोठाको व्यवस्था गर्न नसकिने स्थितिमा प्रधानाध्यापकले ठोस निर्देशन दिई कुन-कुन कक्षालाई कुन-कुन कोठामा राख्ने हो, निर्णय गर्नुपर्छ । त्यस्तै विद्यालयमा गरिने विभिन्न अतिरिक्त क्रियाकलापबारे पनि प्रधानाध्यापकले आवश्यक निर्देशन दिनुपर्छ । कुनै विद्यार्थी धेरै कमजोर भएर वा अरू कारणबाट समस्यामूलक भएमा उसको प्रगतिका लागि के उपाय अपनाउन सकिन्छ, शिक्षकहरूसँग छलफल गरी उपयुक्त निर्देशन दिने काम पनि प्रधानाध्यापकको हुन्छ । साथै कुनै अनुशासनसम्बन्धी समस्या भएका विद्यार्थीहरूलाई सुधार्ने सम्बन्धमा पनि उनले आवश्यक निर्देशन र सल्लाह दिनुपर्दछ । यसरी हर दृष्टिबाट विद्यार्थीको शैक्षिक र सामाजिक विकासलाई ध्यानमा राखी पधानाध्यापकले शिक्षक तथा विद्यार्थीहरूलाई उपयुक्त सरसल्लाह दिने गर्नुपर्छ ।

७. सम्बन्ध कायम राख्ने काम

प्रधानाध्यापकले आफ्ना सहयोगी शिक्षकहरूसँग राम्रो सम्बन्ध कायम राख्न सबैसँग समान व्यवहार गर्नुपर्दछ, साथै उनले आफ्ना विद्यार्थीहरू र उनका अभिभावहरूसँग पनि निकट सम्बन्ध कायम राख्न सक्नुपर्दछ । यसबाट प्रधानाध्यापकलाई आफ्नो कार्यक्षेत्रमा ठूलो सघाउ पुग्दछ । कतिपय शैक्षिक, प्रशासकीय तथा अनुशासनसम्बन्धी समस्याहरूको समाधानमा शिक्षक, विद्यार्थी तथा अभिभावकहरूबाट सहयोग र सहायता मिल्दछ । यसर्थ सबैसँग राम्रो सम्बन्ध कायम राख्नु पनि प्रधानाध्यापकको ठूलो कर्तव्य हो ।

प्रधानाध्यापकले विभिन्न व्यक्ति. र समुदायसँग राम्रो सम्बन्ध राख्नुपर्दछ । सम्बन्ध कायम राख्ने विषयमा प्रधानाध्यापकले खेल्नुपर्ने भूमिका निम्न लिखित छन्:–

प्रधानाध्यापक र शिक्षकवर्ग:– सर्वप्रथम प्रधानाध्यापकले आफ्नो सहयोगी शिक्षकहरूलाई राम्ररी चिन्नुपर्दछ । उनले शिक्षकहरूको सामाजिक, शैक्षिक, आर्थिक स्थितिको राम्रो जानकारी राखी तदनुसार राम्रो सम्बन्ध राख्नुपर्दछ र उनले शिक्षकहरूको व्यक्तिगत तथा सामूहिक समस्या, आवश्यकता आदि कुराको राम्रो ख्याल राख्नुपर्दछ । प्रधानाध्यापकले शिक्षकहरूप्रति सद्भावना राखी उनीहरूको समस्यालाई राम्ररी बुझ्नुपर्दछ । उनीहरूको व्यक्तित्वको कदर गर्नुपर्दछ । अनि मात्र शिक्षक र उनको बीच राम्रो सम्बन्ध कायम हुन्छ। प्रधानाध्यापकले आफूलाई एक निरङ्कुश प्रशासकको रूपमा लिनु हुँदैन । विद्यालय सञ्चालनमा शिक्षक र प्रधानाध्यापक दुवैको समान स्थान हुने हुँदा प्रधानाध्यापकले शिक्षकहरूको सक्रिय सहयोगको महत्त्व बुझ्नुपर्दछ। विद्यालयका चालू कार्यक्रमा कुनै नयाँ परिवर्तन वा कुनै नयाँ कुरा समावेश गर्न परेमा प्रधानाध्यापकले आफ्ना शिक्षकवर्गसँग यसबारे विचारविमर्श गर्नुपर्दछ । शिक्षकहरूको राय सुझावलाई प्रधानाध्यापकले स्वागत गर्नुपर्दछ । आफ्ना व्यक्तिगत विचारलाई मात्र नलिई बहुमतले मानेका कुरालाई प्रधानाध्यापकले मान्यता दिनुपर्दछ, तर कुनै शिक्षकबाट विद्यालयलाई हानि हुने कुरा भए त्यसलाई मान्यता दिनु हुँदैन ।

प्रधानाध्यापक र विद्यार्थी:– प्रधानाध्यापकले आफ्ना विद्यार्थीहरूसँग पनि राम्रो सम्बन्ध कायम राख्नुपर्दछ । आफू विद्यार्थीवर्गको विश्वासपात्र बन्न सक्नुपर्दछ । यदि उनी विद्यार्थीहरूको शुभेच्छुक छन् भने कुरा उनीहरूलाई लागेमा विद्यार्थीले उनलाई सहयोग तथा सद्भावना देखाउँछन् । यथासम्भव प्रधानाध्यापकले आफ्ना विद्यार्थीहरूलाई चिन्ने प्रयास गर्नुपर्दछ । विद्यार्थीहरूसँगको व्यवहार राम्रो तथा मैत्रीपूर्ण हुनुपर्छ । अनिमात्र विद्यार्थीहरू उनको समक्ष आफ्ना व्यक्तिगत तथा सामूहिक समस्याहरू ल्याउँदछन् । विद्यार्थीहरूले ल्याएका समस्याहरू यथासंभव उनले हल गर्ने प्रयास गर्नुपर्दछ ।

आवासीय प्राथमिक विद्यालय छ भने प्रधानाध्यापकले विद्यार्थीहरूका खाना, पोशाक, मनोविनोद, आराम आदि कुराको पनि राम्रो हेरचाह गर्नुपर्दछ। यथासंभव प्रधानाध्यापकले

विद्यार्थीहरूसँग खेल्ने, खाने र काम गर्ने गर्नुपर्दछ। यसरी उनले विद्यार्थीहरूसँग घनिष्ट सम्बन्ध राख्न सक्दछन्। विद्यालयमा गरिने कार्यक्रम सम्बन्धमा प्रधानाध्यापकले बीच-बीचमा विद्यार्थीहरूमा भाग लिन प्रोत्साहन दिनुपर्दछ। यसबारे प्रधानाध्यापकले विद्यार्थीहरूबाट सहयोग र सहानुभूति पाउन सक्दछन्।

प्रधानाध्यापक र अभिभावकः– प्रधानाध्यापकले विद्यालय र अभिभावकहरूका बीच सम्बन्ध कायम राख्न सदा प्रयत्नशील हुनुपर्दछ। विद्यालयमा गरिने विभिन्न कार्यक्रम जस्तोः– विद्यालय दिवस, अभिभावक दिवस तथा अन्य क्रियाकलापमा प्रधानाध्यापकले अभिभावकहरूसँग सम्पर्क राख्ने मौका पाउँदछन्। यसरी भेटघाट हुँदा प्रधानाध्यापकले अभिभावकहरूसँग विद्यार्थीहरूका बारेमा विभिन्न विषयमा छलफल गर्न सक्दछन्। छलफलको क्रममा अभिभावकहरूबाट आएका राम्रा सुझावहरूलाई मान्यता दिनुपर्दछ। प्रधानाध्यापकले अभिभावकहरूलाई जुनसुकै बखत पनि विद्यालयका कार्यक्रमको निरीक्षण गर्न दिनुपर्छ। यसबाट विद्यालयलाई निकै ठूलो सहयोग प्राप्त हुन सक्दछ।

प्रधानाध्यापक र जन-समुदायः– विद्यालय एक सामाजिक संस्था भएकोले समाजको आवश्यकता हेरी कार्यक्रमहरू सञ्चालन गर्नु विद्यालयको कर्तव्य हो। समुदायबाट अलग रही विद्यालयले आफ्नो कार्य सफलतापूर्वक सञ्चालन गर्न नसक्ने हुँदा प्रधानाध्यापकले समुदायसँग निकट सम्बन्ध कायम राख्ने प्रयास गर्नुपर्दछ। समुदायमा रहेका विभिन्न वर्गीय तथा व्यावसायिक संघ-संस्थाबाट विद्यालयले धेरै राम्रा कुराहरू पाउन सक्दछन्। नजीकमा रहेका पुस्तकालय, वाचनालय, छापाखाना, सांस्कृतिक केन्द्र, औद्योगिक क्षेत्र आदिमा लगी विद्यार्थीहरूलाई विभिन्न विषयको ज्ञान दिलाउन सकिन्छ। समुदायले विद्यालयलाई खेल्ने मैदान, पुस्तकालय, वाचनालय, स्थानीय स्रोतको व्यवस्था गरेर मद्दत गर्न सक्दछन्। शिक्षामा जन-सहभागिताको महत्त्वपूर्ण स्थान भएकाले विद्यालय र जन-समुदायका बीच निकट सम्बन्ध कायम राख्नुपर्दछ। विद्यालयमा गरिने विभिन्न शैक्षिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूमा समुदायका व्यक्तिहरूलाई निम्ता गर्ने र प्रधानाध्यापक स्वयं पनि समुदायमा हुन लागेका विकाससम्बन्धी कार्यक्रमहरूमा भाग लिई एकले अर्कालाई सघाउ पुऱ्याउन सकिन्छ। समुदायमा भएका प्रतिष्ठित व्यक्तिहरूलाई विद्यालयमा बोलाई प्रवचन दिन लगाउने गर्दा पनि विद्यालयले समुदायका व्यक्तिबाट बढी सहयोग पाउन सक्छ। छिमेकी प्राथमिक विद्यालयका शिक्षक एवं प्रधानाध्यापकहरूसँग मेलमिलाप गरी संयुक्त कार्यक्रमको पनि व्यवस्था गर्न सकिन्छ। यसो गर्दा मेलमिलापको भावना बढी विद्यार्थीहरू बढी लाभान्वित हुन्छन्। विद्यालयको विकासमा द्विपक्षीय सहयोगको ठूलो महत्त्व रहेको हुँदा विद्यालयका विद्यार्थीहरूलाई जन-समुदायसम्म पुऱ्याउन र समुदायका व्यक्तिलाई विद्यालयमा ल्याउनेजस्ता महत्त्वपूर्ण काममा प्रधानाध्यापकले

संयोजकको रूपमा काम गर्न सक्दछन् । समुदायमा गएर विद्यार्थी र शिक्षकहरू सरसफाइ, स्वास्थ्यसम्बन्धी सर्वेक्षण, पौष्टिक आहार, सामाजिक सेवासम्बन्धी परियोजनामा भाग लिन सक्छन् । यस किसिमका कार्यक्रम विद्यालयमा हुने दैनिक पठनपाठनको कामको अतिरिक्त कार्य भएको हुँदा प्रधानाध्यापकले वार्षिक कार्यक्रम तर्जुमा गर्दा पहिला नै योजना गर्नुपर्ने हुन्छ । विद्यालयलाई समुदायमा केन्द्रित बनाउनका लागि प्रधानाध्यापकले विद्यालयको दैनिक कार्यमा बाधा नपर्ने गरी विद्यालय भवनसमुदायलाई प्रयोग गर्न दिनुपर्ने हुन्छ। यसबाट विद्यार्थीहरूले पनि कतिपय समाजिक कुराहरू जान्ने मौका पाउँछन् । यस्ता सामाजिक ज्ञानहरू पढेर जानेको भन्दा पनि बढी महत्त्वका हुन्छन् ।

८. विद्यालयको समुन्नति र विद्यालयको विकास

प्रधानाध्यापकले आफ्नो विद्यालयको उन्नतिप्रति सधैं ध्यान दिनुपर्दछ। विद्यालयको उन्नति एक व्यक्तिबाट मात्र संभव नहुने हुँदा प्रधानाध्यापकले आफ्ना सहयोगी शिक्षकहरूबाट आवश्यक सरसल्लाह र सहयोग लिने गर्नुपर्दछ। विद्यालयका शिक्षक र विद्यार्थीहरू सबै एक परिवार-जस्तो भई विद्यालयको प्रगति कसरी गर्ने भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्दछ । यस काममा प्रमुख जिम्मेवार व्यक्ति प्रधानाध्यापक नै हुने हुँदा उनले सही नेतृत्व दिई सहयोग लिन सक्नुपर्दछ । विद्यालयको समुन्नति भन्नाले केवल भौतिक पक्षको मात्र विकास गराउने भन्ने कुरा होइन, यसमा बौद्धिक, सामाजिक पनि पर्दछन् । प्रधानाध्यापकले विद्यालयलाई बदलिदो समय तथा परिस्थिति अनुसार चलाउने कोशिश गर्नुपर्दछ । दिनपरदिन शिक्षाक्षेत्रमा नयाँ-नयाँ कुराहरूको प्रयोग भइरहेको छ । शिक्षाको उद्देश्य, सिद्धान्त, कार्यक्रम तथा शिक्षण विधिहरूमा परिवर्तन भैरहेको छ । विद्यार्थीको हितलाई ध्यानमा राखी प्रधानाध्यापकले यस्ता कुराहरूलाई राम्ररी अध्ययन गरी, बुझी तिनलाई आफ्नो विद्यालयमा प्रयोग गराउने प्रयास गर्नुपर्दछ।

विद्यार्थी, शिक्षक र विद्यालयको समुचित प्रबन्धबाट नै विद्यालयको सिर्जना हुन्छ । यिनमा सबभन्दा महत्त्वपूर्ण स्थान विद्यार्थीको रहन्छ। शिक्षक र विद्यालय विद्यार्थीहरूका लागि नै हुने हुँदा विद्यार्थीहरूको महत्त्व बढी हुन गएको हो। विद्यालयको प्रमुख कार्य विद्यार्थीहरूलाई दिक्षा दिने भएकोले विद्यालयका प्रमुखको रूपमा रहेको प्रधानाध्यापकले उनीहरूको सर्वाङ्गीण विकासमा ध्यान दिनु उनको कर्यव्य हो। विद्यार्थीहरूको वृद्धि र चरित्रको विकास गर्नमा के कस्तो समस्या आइपरेको छ र यसलाई कसरी सुल्झाउन सकिन्छ भन्ने कुरामा प्रधानाध्यापकले सदा ध्यान दिनुपर्दछ। यसका लागि शिक्षकको व्यवस्था ठीकसित भइरहेको छ छैन, विद्यार्थी-हरूले सिक्नुपर्ने कुरा सिकिरहेका छन् छैनन्, आवश्यक सामाग्रीका अभावमा कक्षा पढाइ प्रभावकारी भइरहेको छैन कि, विद्यार्थीहरूको रुचि विपरीतका क्रियाकलापहरू सञ्चालन भैरहेका छन् कि, उनीहरूलाई आवश्यक सुविधा पुऱ्याउन सकिएको छैन कि आदि विषयमा

प्रधानाध्यापकले ध्यान पुरयाउनुपर्दछ । साथै विद्यालयका तर्फबाट समाधान गर्न सकिने समस्याहरू रहेछन् भने समयमै पत्ता लगाई तिनको समाधान गर्ने जिम्मेवारी पनि प्रधानाध्यापकको हुन्छ ।

अभ्यास

१. शिक्षकको काम र कर्तव्य के-के हुन् ?

२. शिक्षकले विद्यालयमा गरिने कार्ययोजना तयार गर्दा कुन-कुन कुरामा ध्यान पुरयाउनुपर्दछ ?

३. कक्षामा पढाउँदा शिक्षकले ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ? लेख्नुहोस् ।

४. शिक्षकले अध्यापन कार्यलाई कसरी संगठित गर्नुपर्छ ? उल्लेख गर्नुहोस् ।

५. शिक्षकले विद्यार्थीको कुन-कुन पक्षको निरीक्षण गर्नुपर्दछ ? उदाहरणसहित लेख्नुहोस् ।

६. शिक्षकको सही निर्देशनबाट विद्यार्थीहरू बढी लाभान्वित हुन्छन् भन्ने कुरा उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

७. विद्यार्थीको प्रगति अभिलेख राख्नाले के फाइदा हुन्छ र यो कसरी राखिन्छ ? लेख्नुहोस् ।

८. "अध्यापन र मूल्यांकन एक अर्काका पूरक हुन्" उदाहरणसहित प्रस्ट गर्नुहोस् ।

९. शिक्षकले विद्यार्थी, अभिभावक, निरीक्षक र समुदायका अन्य व्यक्तिहरूसँग राम्रो सम्बन्ध राख्नु पर्नाको कारण के-के हुन् ? उल्लेख गर्नुहोस् ।

१०. सफल शिक्षक बन्नका लागि शिक्षकमा बाल शिक्षाको उद्देश्य, शिक्षण विधि र शैक्षिक सामग्रीसम्बन्धी ज्ञान हुनु अत्यावश्यक छ भन्ने कुरालाई उदाहरणसहित बयान गर्नुहोस् ।

११. प्रधानाध्यापकलाई जहाजका कप्तानसँग किन तुलना गरिएको हो ? उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

१२. प्रधानाध्यापकको संगठनसम्बन्धी काम, कर्तव्य के-के हुन् ? लेख्नुहोस् ।

१३ प्रधानाध्यापकको प्रशासनसम्बन्धी कार्यहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।

१४. विद्यालयको शैक्षिक योजनासम्बन्धी काम गर्दा प्रधानाध्यापकले ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ? बयान गर्नुहोस् ।

१५. प्रधानाध्यापकको अध्यापन र निरीक्षणसम्बन्धी कामको चर्चा गर्नुहोस् ।

१६. प्रधानाध्यापकले शिक्षक र विद्यार्थीहरूलाई आवश्यक निर्देशन र सल्लाह दिन किन आवश्यक छ ? यसको महत्त्वबारे प्रकाश पार्नुहोस् ।

१७. विद्यालय प्रगतिका लागि प्रधानाध्यापकले को-कोसँग कस्तो-कस्तो सम्बन्ध राख्नुपर्दछ ? लेख्नुहोस् ।

१८. विद्यालयका समुन्नति र विद्यार्थीको विकासका लागि प्रधानाध्यापकले खेल्नुपर्ने भूमिका स्पष्ट गर्नुहोस् ।

प्राथमिक तहका विद्यार्थी विषयको ज्ञान

आधुनिक शिक्षामा आफूले पढाउने विषयको मात्र ज्ञान भएर पुग्दैन । यसको साथै आफूले पढाउने विद्यार्थीहरूका बारेमा पनि ज्ञान हुनु आवश्यक छ । यहाँ विद्यार्थी विषय-बारेको ज्ञान भन्नाले ती विद्यार्थीहरूका शारीरिक विकासका विशेषता के-कस्ता हुन्छन्, त्यस्तै बौद्धिक, सामाजिक र संवेगात्मक विकासका विशेषता के-कस्ता हुन्छन् आदि बारेमा हुनुपर्ने ज्ञान भन्ने बुझिन्छ । यस किसिमको ज्ञान शिक्षकमा नभएमा उनले पढाएका कुराहरू विद्यार्थी-हरूको क्षमता, चाहना, अभिरुचि, स्तर तथा झुकाउ अनुसार नहुन सक्छन् । कुनै पनि कुरा सिकाउँदा सिक्ने व्यक्तिको क्षमता, चाहना, अभिरुचि आदि स्तर अनुसार नभएमा त्यहाँ सिकाइ हुँदैन । त्यसकारण प्राथमिक तहमा पढाउने शिक्षकलाई पनि आपना विथार्थी विषय-बारेको ज्ञान हुनु अति आवश्यक छ ।

मनोवैज्ञानिकहरूले बालकको वृद्धि र विकासको आधारमा विकासको क्रमलाई छ अवस्थामा विभाजित गरेका छन् । ती हुन्:–

१. शैशवावस्था–	जन्मदेखि २ वर्षसम्म
२. पूर्व बाल्यावस्था	२ वषदेखि ६ वर्षसम्म
३. उत्तर बाल्यावस्था	६ वर्षदेखि ११ वर्षसम्म
४. पूर्व किशोरावस्था–	११ वर्षदेखि १४ वर्षसम्म
५. किशोरावस्था–	१४ वर्षदेखि १८ वर्षसम्म
६. प्रौढावस्था–	१८ वर्षभन्दा माथि

संसारमा जति पनि बालकहरू जन्मन्छन्, हुर्कन्छन् सबैले यी माथिका अवस्थाहरू पार गरेर प्रौढावस्थामा पुग्दछन् । हाम्रो देशमा प्राथमिक तहका विद्यार्थी भन्नाले ६ वर्षदेखि १० वर्षसम्म उमेर भएका हुन्छन् भन्ने बारेमा खण्ड दुईमा बताइसकिएको छ र यस उमेरका बालबालिकाहरू मनोवैज्ञानिकहरूको बाल विकासको क्रम अनुसार तेस्रो अवस्था अथवा उत्तर बाल्यावस्थामा हुन्छन् । त्यसकारण यस खण्डमा विशेष गरी उत्तर बाल्यावस्थाका बालकहरूको शारीरिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकासका विशेषताहरूको बयान गरिन्छ ।

(क) शारीरिक वृद्धि र विकास

उत्तर बाल्यावस्थाका केटाकेटीहरूको शारीरिक वृद्धि र विकास के-कस्तो हुन्छ भन्ने बारेमा अध्ययन गर्नुभन्दा अघि शारीरिक वृद्धि र विकास भन्नाले के बुझिन्छ, त्यसबारेमा जानकारी गर्नु आवश्यक छ । शारीरिक वृद्धि भन्नाले शरीरका अङ्गहरूको वृद्धि जस्तो:– शरीरको

हाड बढ्नु, मासु बढ्नु आदिलाई लिइन्छ । यसबाट बालकको शरीरको आकारमा परिवर्तन आउँछ । लम्बाइ, मोटाइ र तौल बढ्दछ । भर्खर जन्मेको बच्चाको तौल २.५ देखि ३.५ के.जी सम्म र उचाइ करीब ४३ से. मि. जति हुन्छ भने त्यही बच्चाको उचाइ ५७ से.मि. भन्दा बढी हुन्छ। यस किसिमको परिवर्तन नै वृद्धि हो। त्यस्तै भर्खर जन्मेका बालकको खुट्टा भए पनि उभिन सक्तैन । तर त्यही बालक डेढ वर्ष जति भएपछि हिंड्न सक्ने भइ-हाल्छ । त्यस्तै तीन वर्षको बच्चालाई राम्ररी र सोझो लेख्न मुश्किल पर्दछ। तर ७।८ वर्षको बच्चालाई कलम लिएर लेख्न उति मुश्किल पर्दैन । यसो हुनाको कारण शारीरिक वृद्धिले गर्दा नै हो। यसरी शारीरिक अङ्गहरूको क्रियामा आउने गुणात्मक परिवर्तनलाई शारीरिक विकास भनिन्छ।

कुनै पनि बालकको शारीरिक वृद्धि र विकास एकनाससँग हुँदैन। कुनै उमेरमा बालकको वृद्धि ढीलो हुन्छ र कुनैमा वृद्धि तेज गतिले हुन्छ । यसबारे मनोवैज्ञानिकहरूले बालकको वृद्धिका चार अवस्था हुन्छन् भनेका छन्। यीमध्ये पहिलो दुई अवस्थामा वृद्धि ढीला गतिले हुन्छ भने पहिलो दुई अवस्थामा वृद्धि तेज गतिले हुन्छ । अथवा जन्मेदेखि दुई वर्षसम्म बालकको वृद्धि खूब छिटो हुन्छ र ८।९ वर्षसम्म बालकहरू बिस्तारै बढ्छन् । १०।११ वर्ष-देखि फेरि १५।१६ वर्षसम्म उनीहरू तेज गतिले बढ्न थाल्छन् । त्यसपछि शारीरिक वृद्धि बिस्तारै कम हुँदै जान्छ। यसबाट यही कुरा प्रष्ट हुन्छ कि शारीरिक दृष्टिकोणबाट प्राथमिक तहका बालकहरूको वृद्धि र विकासको गति अरू उमेरका बालकहरूको भन्दा ढीलो हुन्छ। यिनीहरूको उचाइमा ५ देखि ८ से. मि. सम्म वार्षिक वृद्धि हुन्छ र १.३ देखि २.७ के.जी. सम्म तौल बढ्छ । यिनीहरूको खुट्टा शरीरको एक अङ्गको तुलनामा हुन्छन् । पाचनक्रिया तथा श्वासप्रश्वासका अङ्गहरू बढी परिपक्व हुन थाल्छन् । अर्थात् यिनीहरू श्वास प्रश्वासलाई केही हदसम्म नियन्त्रण गर्न सक्ने तथा खाएको कुरा चाँडै पचाउन सक्ने हुन्छन्। दूधे दाँतका ठाउँमा अधिकांश रूपमा स्थायी दाँतहरू आइसकेका हुन्छन् । यिनीहरूको अनुहारमा जुन केटाकेटीपना (Childishlook) देखिन्छ, त्यो बिस्तारै हराएर जान्छ । जस्तोः– टाउको छाँटिदै आउनु, घाँटी लामो हुनु, निधार चेप्टिनु, नाकको आकार मिलेर आउनु यसका प्रमुख लक्षण हुन् । आँखा र हातका समन्वयमा पनि राम्ररी विकास भैसकेको हुन्छ। त्यस कारण यिनीहरू केही मसिना काम पनि गर्न सक्छन्। जस्तोः– सियोमा धागो हाल्नु, माटाका भाँडाकुँडा बनाउनु, कुनै ज्यामिति आकार (Geometric Figures) को नक्कल गर्नु, चित्रहरू कोरेर रङ भर्नु आदि । केटीहरूले साधारण किसिमको सिउन र बुन्न पनि सक्तछन् । साथसाथै यस उमेरका केटाकेटीहरूले आफूले खाने, लुगा लगाउने, कपाल कोर्ने, नुहाउने आदि कामहरू गर्न खोज्छन् । या कार्यहरूमा अरूको मद्दतको त्यतिको आवश्यकता नपर्ने हुन्छ। यिनीहरूलाई चित्रहरू कोर्ने, रङ भर्ने, माटाका सामानहरू बनाउने, नाचगानमा

भाग लिने, माछा मार्नेजस्ता कार्यहरू मनपर्ने हुन्छ। यिनीहरू कतै जाँदा साधारण किसिमले हिंड्दैनन् । हिंडेर गए पुग्नेमा दगुरेर वा उफेर जाने गर्दछन् । दगुर्दा ताल, सुर मिलाएर दगुर्ने हुन्छन् ।

शारीरिक वृद्धि र विकासको विशेषता के हो भने एकै उमेरका केटा र केटीमा पनि वृद्धि र विकास फरक हुन्छ। कुनै उमेरमा केटाहरू छिटो बढ्छन् र विकास गर्छन् भने कुनै उमेरमा केटीको वृद्धि र विकास छिटो हुन्छ। त्यसकारण अब हामी उत्तर बाल्यावस्थाका केटा र केटीहरूको वृद्धि र विकासवारे चर्चा गर्छौं ।

साधारणतया केटाहरू भन्दा केटीहरू एक वा दुई वर्षले जेठा देखिन्छन् । नौ वर्षको उमेर पुग्दा पनि केटाहरू जत्राकोतत्रै मात्र हुन्छन्। थोरैमा मात्र शारीरिक परिपक्वता आएको हुन्छ । केटीहरूमा भने शारीरिक सन्तुलन राम्ररी नै आइसकेको हुन्छ । उमेरका केटीहरू केटाभन्दा राम्ररी हात औंला सन्तुलित ढंगले चलाउन सक्ने हुन्छन् ।

यस सन्दर्भमा अर्को महत्त्वपूर्ण कुरा के छ भने एकै उमेरका केटा अथवा एकै उमेरका केटीहरूमा पनि शारीरिक वृद्धि र विकासको गति एकनास नहुन सक्छ । किनभने शारीरिक वृद्धि र विकासलाई धेरै मात्रामा घरको वातावरणले प्रभावित पार्दछ । घरको वातावरण भन्नाले शुद्ध हावा, असल र नियमित खाना, आमाबाबुको स्याहार आदि कुरा हुन् । बालकको शारीरिक वृद्धि र विकासका यी कुराहरू ज्यादै महत्त्वपूर्ण छन् । बेलामा आवश्यकता अनुसार यी सुविधाहरू नपाउने बच्चा ढीलो र सुविधा पाउने बच्चाहरू छिटो बढ्छन्। विभिन्न किसिमका शारीरिक ग्रन्थिको कारणले गर्दा पनि शारीरिक वृद्धि तथा विकास खराबी हुन्छ। त्यस्तै पुखौंली रोग आदिले पनि व्यक्तिको शारीरिक वृद्धि तथा विकासमा खराबी आउँछ।

बालकको शारीरिक बनावट तथा वृद्धिले उसको व्यवहारमा असर पार्दछ । साधारण बालकहरूभन्दा शारीरिक विकृति अथवा असमर्थता भएका जस्तोः– धेरै पुड्को, धेरै अग्लो, लङ्गडो, लुलो, टाउको धेरै ठूलो भएको, बहिरो, लाटो, अन्धो बालकले अरूभन्दा आफूलाई फरक सम्झने हुन्छन्। अरूको सामु बस्दा उसलाई असजिलो लाग्ने हुन्छ र उसमा हीन भावना विकास हुन सक्दछ। यस्ता बालकहरूको साथी पनि कमै मात्रा हुन्छन् र सामाजिक विकास पनि राम्रो हुँदैन । साधारणतया यस्ता बालकहरूको बौद्धिक विकास पनि वाञ्छनीय रूपमा नहुन सक्छ। कक्षामा बालकहरूको अरू साधारण बालकहरूको भन्दा शैक्षिक उपलब्धि पनि साह्रै कम हुन सक्छ। जस्तैः– लठ्याहा, बहिराहरूको शैक्षिक विकास सारै कम हुन्छ। सानो उमेरमा धेरै समयसम्म बिरामी हुनेहरूको पनि राम्रो वृद्धि र विकास नहुन सक्छ। यिनीहरूको शैक्षिक उपलब्धि पनि तल्लो श्रेणीको हुन्छ। आमाबाबु तथा शिक्षकले पनि यस्ता बालकहरूप्रति माया,

सहानुभूति नदेखाए उनीहरूमा सारै हीन भावनाको विकास हुन सक्छ । यस्ता शारीरिक अङ्ग खराब भएका बालकहरूले पनि उपयुक्त वातावरण तथा उत्साह पाएमा राम्रो बौद्धिक विकास गर्न सक्छन् ।

यसै सन्दर्भमा तल एउटा उदाहरण प्रस्तुत गरिएको छः–

कुमार एउटा नौ वर्षको केटा हो । ऊ सानो छँदा (दुई वर्षको हुँदा) भरयाङबाट खसेर बायाँ खुट्टा भाँचिएको थियो । अस्पताल लगी उसको खुट्टा प्लाष्टर गरिएको थियो । प्लाष्टर झिक्दा खुट्टाको नसा तन्किएर बायाँ खुट्टा अलि खुम्चिएर छोटो भएको थियो । त्यसै बेलादेखि ऊ खोच्याएर हिंड्ने गर्थ्यो । उसका बाबु ठूला मान्छे थिए । त्यसैले उसलाई कसैले पनि लङ्गडो भनेर जिस्काउन सक्दैनथ्यो तैपनि कसै-कसैले उसलाई जिस्क्याई हाल्थे, विद्यालयमा पनि कसै-कसैले जिस्क्याउँथे । दुई कक्षासम्म त उसलाई केही भएन । जिस्क्याउँदा ऊ रुने मात्र गर्दथ्यो । तेस्रो कक्षामा पुगेपछि त उसलाई कक्षामा पनि अरू केटाहरूले जिस्क्याउने नै गर्न थाले । एक दिन शिक्षक कक्षामा आउँदा कुमार रोइरहेको थियो । शिक्षकले रुनाको कारण सोधे । अरू केटाहरूले उनको कलम भाँचिदिएको, जिस्क्याएको, कपाल तानेको सबै कुमारले शिक्षकलाई बतायो । कक्षामा केटीहरूले पनि कुमारको साथ दिए । अरू एक दुई जना केटाहरूले पनि उसलाई सधैं जिस्क्याउँछन् भनी उजुर गरिदिए । त्यसपछि शिक्षकले ती बदमास केटाहरू सबैलाई बोलाएर कुमारको खुट्टा ढोग्न लगाए र एक-एक थप्पड सबैलाई जमाए । त्यसपछि शिक्षकले अबदेखि उसलाई कसैले जिस्क्यायो भने जिस्क्याउनेको खुट्टा नै भाँचिदिन्छु भनेर तर्नाए । कुमारलाई राम्रोसँग पढ, जाँचमा पहिला होऊ भनेर सहानुभूतिसाथ सम्झाए । त्यस दिनदेखि ऊ एकदम मिहिनेत गरेर पढ्न थाल्यो र आफूले सक्ने खेल पनि खेल्न थाल्यो । जाँचमा ऊ साँच्चै पहिला भयो । शिक्षकहरू सबैले उसको तारिफ गरे । त्यसपछि ऊ सधैं पहिला हुन्थ्यो । साथीहरूले जिस्काउन पनि छोडे ।

यस किसिमले अरूबाट उत्साह पाएमा यस्ता केटाहरूको विकास राम्ररी हुन सक्छ । उत्साह र सहानुभूति नपाएमा केटा वा केटीहरूमा मानसिक विकृति आउन सक्छ । यसका साथै माथिका उदाहरणबाट यो कुरा प्रस्ट हुन आउँछ कि माननिक, शैक्षिक, सामाजिक समस्याहरू शारीरिक वृद्धि र विकासमा भर पर्दछ । किनभने कतिपय मानसिक, शैक्षिक, सामाजिक समस्याहरू शारीरिक गडबडीबाट उत्पन्न हुने कुरा माथि नै उल्लेख गरिसकेको छ । यसकारण शिक्षकलाई बालकहरूको सामाजिक, बौद्धिक, शैक्षिक विकास हुनमा शारीरिक वृद्धि र विकासले धेरै मात्रामा प्रभाव पारेको हुन्छ भन्ने कुरा ज्ञात हुनुपर्दछ । साथसाथै शारीरिक अङ्ग खराबी भएमा बालकहरूको बौद्धिक, शैक्षिक, सामाजिक विकासका निमित्त भिन्ने किसिमका अथवा उनीहरूको क्षमता र आवश्यकता सुहाउने कार्यक्रमको योजना बनाउनु अति आवश्यक छ ।

(ख) बौद्धिक विकास

बुद्धि मानसिक क्षमता हो । भर्खर जन्मेको बालकमा यो क्षमताको विकास भएको हुँदैन, तर विकासक्रममा उसलाई वातावरणले प्रभावित पार्दछ । बालकहरू वातावरणमा भएका कुराहरू सुनेर, स्वाद लिएर नयाँ अनुभहरू प्राप्त गर्दछन् । यसरी प्राप्त गरेका अनुभवहरू सम्झेर, प्रश्न गरेर, दाँजेर अर्थयुक्त बनाउँछन् । यी अर्थयुक्त अनुभवहरूको आधारमा नयाँ-नयाँ ज्ञान, सीप सिक्न र कुनै समस्या आइपरेमा ठीक तरीकाले सुल्झाउन सक्ने हुन्छन् । व्यक्तिको यस्तो क्षमता नै बुद्धि हो ।

बालकहरूको बौद्धिक विकासमा खास गरेर दुई कुराले प्रभाव पारेको हुन्छ । ती हुन्:- वंशानुक्रम र वातावरण । प्रत्येक व्यक्तिले जन्मेदेखि आफ्नो वंशबाट केही गुण लिएर आएको हुन्छ । यही गुणको विकास भएमा उसको बौद्धिक विकास हुन्छ । यो गुणको विकास हुनलाई उपयुक्त वातावरणको आवश्यकता पर्दछ । यहाँ वातावरण भन्नाले धेरै कुराहरू आउँछन् । जस्तैः– हावा, पानी, खाना, समाज, आमाबाबुको पेशा, विद्यालय, छरछिमेक, बालकको स्वास्थ्य आदि । यी सबै कुराले बाबुले वंशानुक्रमबाट लिएर आएको गुणको विकास गर्नमा धेरै प्रभाव पार्दछन् । मनोवैज्ञानिकहरूको भनाइ अनुसार मानिसको बौद्धिक विकास उसको खानामा पनि निर्भर रहन्छ । वहाँहरूका भनाइ अनुसार खानामा पौष्टिक पदार्थ जस्तोः– प्रोटिन, भिटामिन र मिनरलको कमी हुनाले बुद्धिको विकास राम्रो हुँदैन । यसो भन्नुको तात्पर्य खाना मात्र मूल आधार होइन । वातावरणमा रहेका विभिन्न कुराको अनुभव गर्ने अवसर पनि पाउनुपर्दछ । साथै त्यो अवसरलाई सदुपयोग गर्न बालकका सबै इन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो) ठीक अवस्थामा अथवा सक्रिय हुनुपर्यो । इन्द्रियहरू ठीक अथवा सक्रिय छन् भनेमात्र त्यो बालकले धेरै कुराहरूको अनुभव गर्नसक्छ र वातावरणलाई राम्ररी बुझ्न सक्छ । फेरि विभिन्न वातावरणले पनि बालकको बौद्धिक विकासमा असर पार्दछ । उदाहरणार्थ गाउँघरमा बस्ने बालक र शहरमा बस्ने बालकको बौद्धिक विकास फरक हुन सक्छ । किनभने गाउँमा बस्नेलाई भन्दा शहरमा बस्नेलाई केही बढी कुरा सिक्ने अवसर मिल्छ र बौद्धिक विकास पनि राम्ररी हुन सक्छ । त्यस्तै विकसित देशका केटाकेटीहरूको बढी बौद्धिक विकास भएको र अविकसित मुलुकहरूमा केटाकेटीहरूको बौद्धिक विकास कम भएको पाइन्छ । यी उदाहणबाट हामी भन्न सक्छौं कि प्राथमिक तहका विद्यार्थीहरूको बौद्धिक विकास हुनमा आफ्नो वंशबाट लिएर आएको गुणका साथै घर र विद्यालयको वातावरणले पनि धेरै प्रभाव पारेको हुन्छ । बालकले विद्यालयमा जति बढी मात्रामा विभिन्न कुराको अनुभवहरू गर्ने अवसर पाउँछ, उति नै विभिन्न कुराको धारणा बनाउने मौका पाउँदछ र धारणा स्पष्ट भएपछि सिद्धान्तहरू बुझ्न सजिलो हुन्छ । सिद्धान्त स्पष्ट भएपछि उसले विभिन्न प्रश्नको उपयुक्त उत्तर दिन सक्छ र कुनै समस्या

आइपरेमा उसका योजनाबद्ध तरीकाले सुल्झाउन सक्ने क्षमताको विकास भइसकेको हुन्छ । यही क्षमताका विकास नै बौद्धिक विकास हो भन्ने कुरा माथि उल्लेख गरिसकिएको छ ।

अब हामी प्राथमिक तहका (उत्तर बाल्यावस्थाका) विद्यार्थीहरूको बौद्धिक विकासका विशेषतावारे छलफल गरौं ।

यस अवस्थाका बालकहरूमा परिमाणको ज्ञान, ठीक बेठीकको ज्ञान र केही सरल समस्याहरू समाधान गर्न सक्ने क्षमता भइसकेको हुन्छ । उनीहरूको कुनै कुरा वा काम किन भयो, यसरी किन भएन भन्ने साधारण तरीकाले सोच्न सक्ने हुन्छन् । तीन चार अङ्कसम्मको गुणन, भाग र घटाउ गर्न सक्छन् । उनीहरू वस्तुहरूको वर्गीकरण गर्न सक्ने हुन्छन् । उनीहरूमा समय र स्थानको धारणा पनि भैसकेको हुन्छ ।

यस अवस्थाका बालबालिकाहरू आफ्नो अभिरुचिका जुनसुकै काम पनि ध्यान दिएर गर्ने हुन्छन् । एकै ठाउँमा बसेर धेरै काम गर्न वा कुनै ध्यान दिएर त्यसमा संलग्न हुन सक्ने हुन्छन् । यसै सन्दर्भमा तल एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

गोपाल चार कक्षामा पढ्छ । ऊ अहिले नौ वर्षको छ । ऊ कक्षाको एउटा असल विद्यार्थी छ । ऊजस्तै असल विद्यार्थीहरू कक्षामा अरू पनि छन् । उनीहरू कक्षामा ध्यान दिएर पढ्ने गर्छन् । शिक्षकले भनेको कुरा सुन्छन् । विज्ञान गोपाललाई खूब मनपर्ने विषय हो । गोपाल विद्यालयबाट घर आउँदा बाटोमा देखका किसिम-किसिमका घाँसहरू लिएर आउँछ । आफ्नो विज्ञान कापीमा सधैं घाँसहरूको चित्र लेख्छ । आफूले थाहा नपाएको घाँस, बिरुवा र फलका नमुनाहरू लिएर आउँछ । यसरी ऊ घण्टौंसम्म एकै ठाउँमा बसेर काम गरिरहन्छ । कहिलेकाहीं ऊ विद्यालयको पुस्तकालयबाट कथाका किताबहरू ल्याएर पढ्ने पनि गर्छ । यसले उसको भाषाको विकास पनि राम्रो भएको छ । विद्यालयबाट कहिलेकाहीं शैक्षिक भ्रमणमा जाँदा उसले बाटोमा देखेका धेरै घाँस, बिरुवा र फलहरूको नाम ऊ पटापट भन्न सक्छ । कसैले उसलाई फलाना बिरुवाको पात कस्तो हुन्छ भनेर सोध्यो भने तुरुन्त चित्र लेखी देखाइदिन्छ । यसो गर्न सकेकोले उसको सबैले तरीफ पनि गर्छन् ।

माथिको उदाहरणबाट यो कुरा स्पष्ट हुन्छ कि उत्तर बाल्यावस्थाका केटाकेटीहरू आफ्नो काम केही हदसम्म योजनाबद्ध तरीकाले गर्छन् र उनीहरू ध्यान दिएर सुन्ने हुन्छन् ।

तर यस अवस्थाका केटाकेटीहरू सबै एकै किसिमका हुँदैनन् । कोही तीव्र बुद्धिवाला हुन्छन् भने कोही साधारण बुद्धिवाला र कोही मन्द बुद्धिवाला हुन्छन् ।

अब प्रश्न आउँछ, कस्ता छात्र तीव्र बुद्धिवाला, कस्ता साधारण र कस्ता मन्द बुद्धिवाला हुन्? विनोद, प्रमोद र आनन्द नामका तीन जना छात्रहरू छन् । उनीहरू तीनै जना पाँच कक्षामा पढ्छन् । विनोद छैटौं र सातौं कक्षाका पुस्तकहरू पनि पढ्न सक्छ । हिसाब पनि

गर्न सक्छ। पाँचौं कक्षाका पुस्तकहरू उसलाई धेरै सजिलो लाग्छ। यसो भएकोले विनोद तीव्र बुद्धिको छात्र हो । प्रमोद चाहिं त्यो होइन। ऊ पाँच कक्षाका पुस्तकहरू राम्रोसँग पढ्न र बुझ्न सक्छ । हिसाब पनि गर्न सक्छ तर छैटौं कक्षाका पुस्तकहरू पढ्न त सक्छ तर बुझ्न अलि सक्दैन । यसले प्रमोद साधारण बुद्धिवाला छात्र हो, तर आनन्द त्यस्तो छैन । उसलाई पाँचौं कक्षाका पुस्तक सारै गाह्रो लाग्छ । कक्षा चारका पुस्तक पनि उसलाई पढेर बुझ्न गाह्रो पर्छ । चौथो कक्षाको हिसाब पनि राम्रोसँग गर्न सक्दैन। त्यसैले आनन्द मन्द बुद्धिको छात्र हो । यसरी सिक्ने क्षमताको आधारमा विभिन्न बुद्धिका छात्रहरू छुट्टयाउन सकिन्छ ।

यस उदाहरणबाट यो कुरा पनि स्पष्ट हुन आउँछ कि एउटा कक्षामा तीव्र बुद्धिवाला विद्यार्थीहरू मात्र हुँदैनन् । कोही तीव्र बुद्धिवाला हुन्छन्, कोही मन्द बुद्धिवाला र धेरैजसो साधारण बुद्धि भएका हुन्छन् । सबैलाई एकै किसिमले अध्यापन गर्दा एक थरीका विद्यार्थीहरूलाई मात्र त्यो अध्यापन मिल्ने र सबै थरीकालाई नमिल्ने हुन जान्छ। तीव्र बुद्धिवाला विद्यार्थीहरूलाई सुहाउने पाठ अध्यापन गरिएमा साधारण बुद्धिवाला विद्यार्थीलाई मुश्किल पर्ने हुन्छ र मन्द बुद्धिवाला विद्यार्थीहरूका निमित्त यो झन् हतोत्साहित गराउने र हीन भावना उब्जाउने हुन जान्छ । फेरि मन्द बुद्धिवाला विद्यार्थीका लागि सुहाउने पाठ अध्यापन गरिएमा साधारण र तीव्र बुद्धिवाला विद्यार्थीका लागि सुहाउँदो नभई यसबाट उनीहरूको बौद्धिक विकास राम्रोसँग हुँदैन । फेरि कक्षामा साधारण बुद्धिवालाहरू धेरै छन् भनेर उनीहरूलाई मात्र सुहाउने पाठ अध्यापन गरिएमा पनि तीव्र बुद्धिवालाहरूलाई विकास गर्ने मौका नामिल्ने हुन्छ । फेरि कक्षामा केटा र केटी दुवै लिङ्गका विद्यार्थीहरू हुन्छन् । लिङ्गको फरकले पनि बौद्धिक विकासमा फरक पार्छ । अनुसन्धानबाट यो थाहा पाइएको छ कि साधारणतया केटाहरू गणित, यान्त्रिक सीप तथा विचार शक्तिमा बढी सक्षम हुन्छन् भने केटीहरू भाषा ज्ञान, बोल्ने सीप, सम्झना शक्तिमा बढी सक्षम हुन्छन् । त्यसकारण कक्षामा अध्यापन गर्दा विद्यार्थीहरूको क्षमतालाई ध्यानमा राख्नु आवश्यक छ। विद्यार्थीहरूलाई कुनै विषय सिक्दा आफ्नो क्षमता अनुसार भएमा त्यो विषय सजिलो र मनपर्ने हुन्छ। मनपरेको विषय सजिलो र अर्थयुक्त भएमा त्यसबाट आनन्द मिल्छ। तब यस्तो विषय बढी चाख दिएर सिकिन्छ र यसबाट बौद्धिक विकास गर्न मद्दत मिल्दछ।

(ग) सामाजिक विकास

बालबालिकाहरू आफू-आफूमा मिली खेल्छन् । कतै जाँदा पनि आफ्नो मिल्ने र मन पर्ने साथीहरूसँग जाने गर्दछन् । आफूसँग भएका चीजबीज, खानेकुरा, खेल्ने वस्तु साटफेर गर्दछन्। घरमा आमाबाबुलाई कसैले भेट गर्न आएमा, आमा वा बाबुलाई बोलाई दिन्छन् र आगन्तुकलाई "माथि आउनुस्" "बस्नोस्" भन्दछन् । बालबालिकाहरूका यस्ता व्यवहार

सामाजिक व्यवहार हुन्। बालबालिकाहरूले यस्तो व्यवहार अरू व्यक्तिसँगको सङ्गत र आमा-बाबुसँगको अनुभवबाट सिक्छन्। जस्तैः– आमाबाबुले (नमस्ते, बाई बाई) गर्ने गरेको देखेर बालकहरूले पनि यस्तै कुरा सिक्छन्। यस्ता गुणहरू बालबालिकाहरूमा देखा परेपछि हामी उनीहरूको सामाजिक गुणको विकास भयो भन्छौं।

सामाजिक दृष्टिकोणले उत्तर बाल्यावस्थामा बालबालिकाहरूको मुख्य विशेषता समूह बनाएर बस्नु हो। यिनीहरू समूहबाट अलग हुन चाहँदैनन्। घरको नियमभन्दा आफ्नो समूहको नियमलाई यिनीहरू बढ्ता महत्त्व दिन्छन्। जसरी भए पनि आफ्नो समूहको स्वीकृत सदस्य (Accepted Member) भएर बस्ने प्रबल इच्छा हुन्छ। मनोवैज्ञानिकहरू यस अवस्थालाई दौंतरी समूहको अवस्था (Gangage) पनि भन्दछन्। तलको उदाहरण हेरौं।

सुमनको जन्मोत्सव दशैंमा पर्छ। पोहोर साल दशैंमा ऊ र उसका साथीहरू मिली चङ्गा उडाएका थिए। मानिक, चन्द्र, शिव, सुशील उसका साथीहरू थिए। उनीहरूको आफूमा खूब मेलमिलाप थियो। उनीहरू एउटै कक्षामा पढ्ने र कक्षामा बस्दा पनि सँग बस्थे। तिनीहरू मध्ये कसैसँग पैसा भएमा खानेकुरा किनी बाँडीचुँडी खान्थे। तिनीहरूमध्ये कसैलाई कसैले गाली गरेमा अथवा जिस्क्याएमा पाँच जना मिली गाली गर्नेलाई गाली गर्थे र कहिले-काहीं त पिट्ने पनि गर्थे। तिनीहरू कतै घुम्न गए पनि सँगै जान्थे। खेल्दा पनि सँगै खेल्थे। उनीहरू फूटबल खेल्न खूब मन पराउँथे। स्कूलको खेल हुँदा पाँच जना एक टीममा बसी खेल्थे। तिनीहरू मध्ये सुमन फूटबल खेल्न, चंगा उडाउन सिपालु थिए। त्यसैले सुमनले भनेका कुराहरू मान्थे।

माथिको उदाहरणबाट यस अवस्थामा बालबालिका आ-आफ्नो दौंतरीको समूह बनाई बस्छन् भन्ने कुरा स्पष्ट हुन्छ। यसरी समूह बनाई बस्नु खराब होइन। समूहमा बस्नाले उनीहरूको सामाजिक विकास राम्रो किसिमले हुनसक्छ। समूहमा बस्दा, खेल्दा नै प्रतिस्पर्धाको भावना र सहयोगको भावनाको विकास हुँदै जान्छ। समूहमा उसको के-कस्तो स्थान छ, ऊप्रति अरूहरूको के धारणा छ, अरूहरूलाई ऊ के गर्नसक्छ आदि कुराहरूको ज्ञान भइसक्छ। यस किसिमको क्षमताले उसलाई विभिन्न समस्या समाधान गर्न र व्यक्तित्वको उचित विकास गर्न मद्दत मिल्दछ।

कसैले यस अवस्थामा उनीहरू समूहतिर बढी आकर्षित हुन्छन्। समूहको सदस्य बन्न उनीहरू आफूसँग भएको जुनसुकै कुरा पनि त्याग्न तयार हुन्छन्। समूहका नियमहरू पनि पालन गर्छन्। अब अर्को उदाहरणलाई हेरौं।

रत्न यसै अवस्थाको एक केटो हो। ऊ आफ्नो छिमेकका साथीहरूसँग बिहान, साँझ र बिदाको दिनमा यताउता घुम्न जान्थ्यो। भरधाङबाट खसेर उसको हात मर्केको थियो। घरमा आमाबाबुले काम अह्राउँदा हात दुख्छ भनेर ऊ कतै जाँदैनथ्यो, तर साथीहरूले बोलाउन

आएमा ऊ तुरुन्त उनीहरूकहाँ जान्थ्यो र दिनभरि यताउता घुमेर आउँथ्यो । रत्न हात मर्केको बलामा पनि साथीहरूसँग खेल्न जान्थ्यो ।

यसबाट यस अवस्थाका बालकहरू आफ्ना समूहलाई बढी महत्त्व दिने गर्छन् भन्ने कुरा स्पष्ट हुन्छ, यो उनीहरूको सामाजिक विशेषता नै हो । ठीक किसिमले निर्देशन दिन सकेमा उनीहरूको यो स्वभाव खराब होइन। यसले उनीहरूको व्यक्तित्व विकासमा ठूलो सघाउ पुऱ्याउने हुन्छ।

कहीलेकाहीं समूहभित्रका सदस्यहरूमा झगडा पनि हुन्छ। यस्तो झगडा विभिन्न कारणले हुन्छ। कहिलेकाहीं समूहका कुनै सदस्यले भनेको कुरा अरूले नमान्नाले पनि यिनीहरू बीच झगडा हुनसक्छ । समूहले चाहेको कुरा कुनै सदस्यले नगरेर वा नपुऱ्याएमा पनि मनोमालिन्य हुनसक्छ । समूहबाट कुनै तिरस्कृत भएमा पनि आफूलाई एक्लो सम्झने हुन्छन् र उनीहरूलाई त्यसको बदला लिने भावना पनि जागृत हुन्छ । त्यसैले कुनै-कुनै केटा वा केटीहरू एक समूह छोडी अर्को समूहमा पनि मिल्न जाने हुन्छन्। यसरी मिल्न जान नसकेमा आफूलाई दुःखी सम्झने हुन्छन् ।

केटीहरू भन्दा केटाहरू चाँडै झगडा गर्ने र मिल्ने पनि हुन्छन् । झगडा भएको एक बुई बिनमै उनीहरू फेरि आपसमा मेलमिलाप गर्छन्, तर हाम्रो समाजका केटीहरूको स्वभाव अलि फरक देखिन्छ । उनीहरू हतपत झगडा गर्दैनन् । उनीहरू केटाहरू भन्दा बढी सहनशील हुन्छन्, तर झगडा भएमा उनीहरू नराम्रोसँग झगडा गर्छन् । केटाहरूजस्तो कुस्ती खेली झगडा गर्दैनन् र बोलचाल बन्द गर्छन् । अरू साथीहरूसँग शत्रुको विरोधमा नानाथरीका कुरा फलाक्छन् । यसरी झगडा भएपछि यिनीहरूको फेरि मेलमिलाप चाँडै हुँदैन ।

उत्तर बाल्यावस्थाका केटाकेटीहरूको समूह गठन र आपसको सम्बन्ध विभिन्न आधारमा हुन्छ । ती आधारहरू तल दिए बमोजिमका हुन्छन् ।

(१) शारीरिक एकरूपता

बालबालिकाहरू खास गरी आफू सरहलाई साथी बनाउने गर्छन् । एकै उमेरका भए पनि कुनै बालक अरू बालकभन्दा बढी अग्लो वा पुड्को छ भने साधारण बालबालिकाहरू त्यस्तालाई आपनो साथी बनाउन नचाहने हुन्छन् ।

(२) लिङ्गभेद

यस अवस्थामा बाललिकाहरूको समूहमा लडका-लडकीहरू एउटै समूहमा सदस्य हुँदैनन् । लडकाहरूको आफ्नो समूह र लडकीहरूको आफ्नै समूह हुन्छ । एक समूहले अर्को समूहलाई जिम्क्याउने, खिज्याउने गर्छन् । खासगरी केटाहरू केटीहरूलाई जिस्क्याउने गर्छन् ।

आफ्नो समूहका सदस्यहरूले मात्रै थाहा पाउने गरी अर्को समूहका सदस्यहरूको नाम राख्ने गर्छन्। यसरी केटा वा केटीको रूप र व्यवहार आदिका आधारमा उनीहरू आपस-आपसमा अनेक किसिमका नाम राख्ने गर्छन् वा यस्तै अरू नाम राखिन्छ। उनीहरूको यस्तो व्यवहार यस अवस्थाको विशेषता हो।

(३) उमेर

साथीको छनोट गर्ने अर्को आधार उमेर हो। उनीहरू आफूभन्दा सानोलाई विरलै साथी बनाउँछन्। खास गरेर यिनीहरू आफूसरह वा आफूभन्दा एक दुई वर्ष जेठोसँग मित्रता राख्ने गर्दछन्।

(४) अभिरुचि

केटाकेटीहरूका बीचमा समान विचारधारा र समान रुचि नभएसम्म आपसमा मेलमिलाप हुन सक्दैन। भए पनि दिगो रहँदैन र उनीहरूका बीच झगडा हुने हुन्छ। यसरी उनीहरू आफ्नो विचारधारामा र रुचिसँग मिल्नेलाई मात्र आफ्नो साथी बनाउँछन्। केटाकेटीहरूको यस्तो समूहले उनीहरूमा सामाजिक गुणको विकास गर्नुका साथै उनीहरूको भाषा ज्ञान पनि विस्तृत गर्छ। समूहभित्रका उनीहरू आफ्नो नयाँ भाषाको पनि सृष्टि गर्न थाल्छन्। उनीहरूको नयाँ भाषा साधारणतया अरूले नबुझ्ने हुन्छ, आफूले बनाएको भाषा अरूलाई थाहा दिँदैनन्। शब्द उल्टोपाल्टो पार्ने वा प्रत्येक अक्षरको अगाडि अर्को साझा अक्षर थप्ने आदि विभिन्न तरीका अपनाई उनीहरूले सबैले नबुझ्ने भाषा बनाउने गर्छन्।

जस्तैः– "जाने होइन?" लाई राजा राने राहो राइ रान भनेर भन्दा नबुझ्नेलाई कुरा गरेकोजस्तै लाग्दैन, तर बुझ्नेहरू यसरी बोलेर आफूलाई गौरवान्वित सम्झन्छन्।

यिनीहरूको समूह बहुतै क्रियाशील तथा जाँगरिलो हुन्छ। यिनीहरूको नेता खास गरेर फूर्तिलो, बलियो, आँटिलो, निडर किसिमको हुन्छ। आफ्नो समूहका सदस्यहरूमध्ये कसैलाई केही गरेमा त्योसँग बदला लिन तम्सिने आफूसँग भएको बेलामा पैसा पनि खर्च गर्न सक्ने नै नेता हुन्छन्। कुनै-कुनै चाहिँ राम्रो पढ्ने, कक्षामा पहिला हुने अथवा चलाक, खूब बोल्न सक्ने पनि नेता हुन्छन्।

(घ) संवेगात्मक विकास

कुनै पनि उत्तेजनाले आकस्मिक रूपमा व्यक्तिको मनस्थितिमा असर पारी यस असरबाट निस्केका प्रतिक्रियालाई संवेग भनिन्छ। संवेग (Emotion) रमाइला र नरमाइला गरी मुख्यतया दुई थरीका हुन्छन्। हर्ष, माया, सहानुभूति, उत्सुकता रमाइला संवेगहरू

हुन् भने रिस, डर, ईर्ष्या नरमाइला संवेगहरू हुन्। नरमाइला संवेगहरू बालकको विकासका लागि अनावश्यक छन् र नरमाइला संवेगले बालकको विकासमा अवरोध पैदा गर्दछ। बालकहरू विभिन्न विषयमा धेरै उत्सुक हुन्छन्। त्यसैले उनीहरू कुनै नयाँ चीज देखेपछि त्यो के हो ? कसको हो ? भनी सोध्छन्। कुनै नयाँ खेलौना वा अरू कुनै वस्तु देखपछि ओल्टाई पल्टाई हेर्ने गर्छन्। मुखभित्र राख्ने टोक्ने बिगार्ने पनि गर्छन्। कसै-कसैले ती नयाँ चीजलाई बिगार्छन्। कुनै नयाँ व्यक्ति देखेमा को हो ? उसको नाम के हो ? किन आएको ? यो को हो ? किन यस्तो भएको ? आदि विभिन्न प्रश्नहरू गर्दछन्। यी प्रश्न गर्नु उनीहरूले आफ्नो उत्सुकता देखाउनु हो। यस किसिमको उत्सुकताले गर्दा नै बालकको वातावरणमा रहेका विभिन्न कुरा या वस्तुको बारेमा अनुभव प्राप्त गर्दछन् र यसले बौद्धिक विकासमा ठूलो सहायता पुऱ्याउँछ। त्यसकारण यस किसिमको उत्सुकता रमाइलो (Pleasant) संवेग हो र यो बौद्धिक विकासका निम्ति अत्यावश्यक छ। बालकहरूका प्रश्नको ठीक उत्तर दिनुपर्दछ। उनीहरूले प्रश्नको उत्तर पाएनन् भने उत्सुकता हराएर जान्छ र पछि गएर खोजीनीति गर्ने बानी हराएर जान्छ। साथै यसले उनीहरूको बौद्धिक विकासमा बाधा पुऱ्याउँदछ। तलको उदाहरणबाट यो कुरा स्पष्ट हुन्छ।

शर्मिला नौ वर्षकी केटी थिइन्। उनी खूब चकचके थिइन्। कसैले केही गरेको देखेपछि उनलाई पनि त्यस्तै गर्ने इच्छा हुन्थ्यो। उनका बाबुले पुतली किनेर ल्याइदिदा पुतलीभित्र के रहेछ भनेर हेर्ने गर्थिन्। यसो गर्दा पुतली नै बिग्रन्थ्यो। उनी बाबुआमासँग धेरै प्रश्न गर्थिन्– यो पुतली कहाँबाट ल्याएको ? कसरी बनाएको ? कसले बनाएको ? कति पैसा परेको आदि प्रश्नै प्रश्न गर्दा उनका आमाबाबु झर्को मानेर उनलाई गाली गर्थे। खेलौना बिगारेकामा कहिलेकाहीं पिट्ने पनि गर्थे। त्यसपछि उनलाई खेलौना पनि किनिदिएनन्। उनलाई सधैं गाली गर्ने हुनाले अब उनले आमाबाबुसँग प्रश्न गर्ने पनि छोडिदिइन्। विद्यालयमा पनि एक्लै बस्थिन्। कहीलेकाहीं खाना नै नखाईकन विद्यालय आउँथिन्। विद्यालय आउन उनलाई मन हुँदैनथ्यो तर घरमा बस्दा विद्यालय गइन भनेर गाली गर्ने भएकाले मात्र विद्यालय आउँथिन्। पहिले शिक्षकले पढाएको कुरा नबुझ्दा प्रश्न सोध्ने गर्थिन्, अब नबुझे पनि उस्तो नबोल्ने भएर जान थालिन्। उनी पाँचौं कक्षामा गएको साल पनि अनुत्तीर्ण भइन् भनेर घरमा खूब गाली पाइन्। अब उनलाई पढ्न पनि मन नलाग्ने भयो र पढेको कुरा पनि बिर्सेजस्तो भयो। यसरी उनमा संवेगात्मक अवरोधहरू आउन थाले।

मनोवैज्ञानिकहरूको भनाइमा मानिसलाई बाँच्नका लागि खानाको अति आवश्यकता छ, ठीक किसिमले बाँच्न माया र सहानुभूतिको पनि त्यत्तिकै आवश्यकता छ। माया नपाउने बालकहरूका मनस्थिति ठीक हुँदैन। यस्ता बालकहरू विद्रोही हुन्छन्। चिडचिडो मिजासका हुन्छन्। यिनीहरू जोसँग पनि झगडा गर्ने हुन्छन्। जे पनि बिगार्ने, कसैसँग नमिल्ने, कसैले भनेको नमान्ने

र अपराध समेत गर्न तयार हुने यिनीहरूको स्वभाव हुन्छ। यसरी माया, सहानुभूति नपाउने बालकहरूमा संवेगात्मक विकृति आउँदछ र मन खिन्न गर्ने बानी हुन्छ। यिनीहरूको जीवन बरबाद हुने संभावना पनि हुन्छ ।

साधारण अवस्थामा मानिसहरूको शारीरिक क्रियाहरू नियमित गतिमा चल्दछन् तर संवग उठेपछि मानिसमा आन्तरिक र बाह्य कुरामा परिवर्तन आउन थाल्दछ । संवेग बढी कडा (Intense) भएमा ठूलो परिवर्तन र संवेग नम्र (Mild) भएमा त्यस्तै किसिमको परिवर्तन हुन्छ । आन्तरिक क्रियामा परिवर्तन हुने भन्नाले रक्तचाप बढ्नु, मुटुको ढुकढुकी छिटो-छिटो चल्नु, पाचन शक्ति कमजोर हुनु, मुख सूक्नु, मांसहरू तन्किनु आदि हुन् । बाह्य कुरा परिवर्तन हुने भन्नाले अनुहार रातो हुनु, जीउ काम्नु, आँसु निस्कनु, बोलो बन्द हुनु, श्वास छिटो-छिटो फेर्नु आदि हुन् ।

नयाँ जन्मेको बालक हामीले हँसाउने कुरा देखाउँदा हाँस्न सक्ने, डरलाग्दो कुरा देखाउँदा डराउने र अफसोच लाग्ने कुरा भन्दा अफसोचको भावना देखाउने हुँदैनन् । यस्तो भएकोले नयाँ जन्मेको बालकमा सामान्य उत्तेजना (General Excitement) मात्र हुन्छ भनिन्छ । बिस्तारै-बिस्तारै संवेगहरू स्पष्ट हुँने जान्छन्, शुरुमा बालकले चिच्याएर रोई आफ्नो पीडा प्रकट गर्छ भने पछि ऊ आफ्नो पीडात्मक व्यवहार चीजबीजहरू फ्याँकेर, आफ्नो शरीर माह्रो पारेर, लुकेर, भागेर वा बोलेर प्रकट गर्दछ। उमेर बढ्दै गएपछि बोलीद्वारा बढी र शरीरबाट कम मात्रामा संवेग प्रकट गर्दछ ।

अब प्राथमिक तहका (उत्तर बाल्यावस्थाका) बालबालिकाहरूका संवेगहरूका बारेमा चर्चा गरौं।

डर

चाहे बच्चा होस्, चाहे तरुनी वा बूढो, कुनै न कुनै रूपमा सबमा डर हुन्छ। उत्तर बाल्यावस्थाका बालबालिकाहरू खासगरेर आगोसँग, अँध्यारोसँग, बिरामी भइन्छ कि भनेर, रोग वा डाक्टरहरूसँग, मोटरले धक्का दिइहाल्ला कि भनेर या कुकुरले टोक्ला भनेर डराउँछन। केटाहरूभन्दा केटीहरू बढी कुराहरूसँग डराउँछन्।

डर विभिन्न कारणले गर्दा हुन्छ। जस्तैः– कुनै बालक सधैं ब्याक, राक्षस, किचकन्नीको कथा सुन्छ भने त्यो बालक बेलुका भएपछि घरबाट निस्कन डराउँछ अथवा अँध्यारोसँग ऊ डराउँछ । डर बालकको पहिलो अनुभवमा पनि आधारित हुन्छ । जस्तोः– बालक पहिलो पल्टको डाक्टरसँगको भेटमा उसलाई पीडा उत्पन्न गराइदिएको खण्डमा उसलाई डाक्टरसँग डर पैदा हुन्छ, तर पहिलो डाक्टरसँगको भेटलाई थपथपाई दियो, मीठो चकलेट वा खानेकुरा खान दियो भने ऊ डाक्टरसँग नडराउने पनि हुनसक्छ।

रीस

यस अवस्थाका बालबालिकाहरू धेरै रिसाउँछन्। किनभने उनीहरू स्वतन्त्र हुन चाहन्छन्। आफ्नै किसिमले काम गर्ने, आफूले भनेजस्तो गर्नु पर्ने, अरूको दबाव मन नपर्ने उनीहरूको स्वभाव हुन्छ। त्यसकारण यस अवस्थाका बालबालिकाहरू उनीहरूले गरेको काममा आफू-भन्दा ठूलाले यसो गर्नुपर्छ, त्यसो गर्न हुँदैन भनेमा या तिमी भने यस्ती छौ, तिम्रो मामाको छोरा भने यस्तो छ भनेर उनीहरूलाई मन नपर्ने गरी तुलना गरेमा (Unfavourable Comparision) अथवा कसैले समूहमा जिस्क्याई दिएमा वा उसको आलोचना गरेमा, आफूले चाहेको कुरा नपाएमा रिसाउँदछन्। साथै उनीहरूमा यस्तो-यस्तो गर्छु भन्ने आकाङ्क्षा (Aspirations) हुन्छ र सो आकाङ्क्षा पूरा गर्न नसकेमा पनि उनीहरू रिसाउँछन्। उनीहरू भोक लागेमा पनि रिसाउने हुन्छन्। रीस उठेपछि उनीहरूले भनेकै काम गर्ने, चीजबीच बिगार्ने, भोकै बसिदिने, झगडा गर्ने, कसैसँग नबोल्ने आदि किसिमका व्यवहार देखाउँछन्।

डाहा

यस उमेरका बालबालिकाहरू आफ्नो भाइ या बहिनीहरूलाई आमाबाबुले बढी हेरविचार गरेको देखेर आफू साथिका दाजु या दिदीलाई अस्वस्थताको कारणले आमाबाबुले बढी सहानुभूति देखाएमा पनि डाहा गर्दछन्। विद्यालयमा पनि शिक्षकले जसलाई बढी ध्यान दिने गर्छन्, त्यसप्रति डाहा गर्दछन्। उनीहरूको जोसँग डाहा भएको हुन्छ, उसँग झगडा गर्ने, जिस्क्याउने अथवा उसको काममा बाधा पुऱ्याइदिने अथवा उसको अनुपस्थितिमा उसका लुगा किताबहरू फालिदिने वा लुकाइदिने गर्दछन्।

माया

यिनीहरू जुन व्यक्तिले उसलाई मनपरेको कुरा ल्याइदिन्छ अथवा उसको काममा मद्दत गर्दछ, त्यसलाई माया गर्दछन्। जुन व्यक्तिप्रति माया हुन्छ, उनीहरू उसँग बस्न चाहन्छन्। उसलाई मद्दत गर्न खोज्दछन् र त्यस्ता व्यक्तिहरूसँग खेल्न बस्दा रमाउँछन्। यसकारण यिनीहरू आफ्नो परिवारभित्र पनि मनपर्ने नपर्ने व्यक्तिहरू हुन्छन्। यस्तै विद्यालयमा पनि यो शिक्षक मन पर्ने, यो शिक्षक मननपर्ने भन्ने उसले छुट्ट्याएको हुन्छ।

हर्ष

यस अवस्थाका बालबालिकाहरू खास गरेर आफ्नो समूहका साथीहरूसँग खेल्दा अथवा समूहमा कसैले गर्न नसक्ने काम गर्न सकेमा अथवा समूहमा म उच्च छु भनेर देखाउन सकेमा हर्षित हुन्छन्। उनीहरू समूहभित्र चुट्किलाहरू भनेर पनि रमाउँदछन्।

संवेगात्मक विकृति तथा सुधार गर्ने केही सुझाव

संवेगात्मक विकृतिका लक्षणहरू विभिन्न देखा पर्दछन्। सधैं एक्लै बसिरहने, चिन्तित भइरहने, अपराधी किसिमका व्यवहार गर्ने आदि कुराले बालकमा संवेगात्मक विकृति छ भन्ने

कुरा बुझिन्छ । यस किसिमको विकृतिले बालकको सिकाइ, शैक्षिक उपलब्धि तथा पूर्ण व्यक्तित्व-लाई बाधा पुऱ्याउँदछ ।

बालकहरूमा संवेगात्मक विकृति हुनाका अनेकौं कारणहरू अनुसन्धानात्मक अध्ययनबाट पत्ता लगाइएको छ । यस अनुसार एउटै कक्षामा धेरै पल्ट फेल हुनु, घरमा झगडा भइरहनु, आमाबाबुबाट माया नपाउनु, पढाइमा कमजोर हुनु, शारीरिक अङ्गहरूमा कुनै दोष हुनु, कक्षाको कार्य राम्ररी गर्न नजान्नु आदि संवेगात्मक विकृतिका कारणहरू हुन् ।

उत्तर बाल्यावस्थाका केटाकेटीहरूका संवेगात्मक विकृति आउनुका मूल कारणहरू मध्ये असुरक्षित ठान्नु र अभिरुचिमा आघात पर्नु हुन्, तर यस्ता विकृतिहरू विद्यालयका शिक्षकहरूद्वारा हटाउन सकिन्छ । यी कुराहरू तल दिइएका छन् ।

निराशपन:– यो खास गरेर पाठशालाको वातावरणसँग मिल्न नसक्नाले आउँछ । त्यसकारण पाठशालाको वातावरण रमाइलो हुनु, कडा नियम नहुनु, सुरक्षाको भावना आउने अवस्था ल्याउनु आदि आवश्यक कुरा हुन् । यसरी विकृतिमा सुधार गर्न सकिन्छ ।

क्षमता:– पाठशालाको कार्यक्रम तथा कक्षाकार्य बालकहरूको क्षमतामा विकासको स्तर मुताबिक नभएमा पनि संवेगात्मक विकृति आउँछ । अर्थात् पाठशालाको कार्यक्रममा सरिक हुन नसक्नु र अवसर नमिल्नु तथा कक्षाकार्य गर्न नसक्नु संवेगात्मक विकृतिका कारण हुन् । यसैले कार्यक्रम तथा शैक्षिक उत्तरदायित्व उनीहरूको स्तरका आधारमा हुनुपर्दछ । साथै उनीहरूलाई आफ्नो क्षमताको ज्ञान दिलाउनु तथा "म पनि केही हुँ" भन्ने भावना जगाउनुपर्दछ ।

दौंतरी सम्बन्ध:– कुनै कारणवश दौंतरीसँग मिल्न नसक्ने बालकहरूमा पनि संवेगात्मक विकृति आउँछ । त्यसैले विद्यालयका शिक्षकहरूले बालकहरूलाई साथीहरूसँग राम्रो सम्बन्ध कसरी राख्नुपर्दछ, आपसमा कसरी मेलमिलाप कायम राख्ने, झगडाको परिमाण के हुन्छ आदि कुराको ज्ञान दिनुका साथै साथीहरूका बीच राम्रो मेलमिलाप हुने राम्रो वातावरण सिर्जना गरिदिनुपर्दछ । किनभने साथी-साथी बीचमा राम्रो मेलमिलाप भए संवेगात्मक विकृति आउँदैन ।

स्वतन्त्रता:– बालकहरूलाई साह्रै दबाइराखेमा तथा पाठशालाको नियम साह्रै कठोर भएमा पनि संवेगात्मक विकृति आउन सक्छ । यसैले यिनीहरूलाई केही मात्रामा काम गर्न स्वतन्त्रता दिएर आत्मनिर्भरताको भावना जागृत गराउनुपर्दछ ।

आदर, सम्मान र स्वीकृति:– बालबालिकाले गरेको काम सधैं ठीक छैन, राम्रो छैन, कामै आउँदैन भनी हप्काएर गाली गरेमा, आलोचना गरेमा वा तिरस्कार गरेमा पनि संवेगात्मक विकृति आउँछ । यसैले यिनीहरूले गरेको काममा नमिले पनि गाली नगरी आलोचना

नगरी तथा तिरस्कार नगरी सम्झाउने, उत्साहित पार्ने र सुझावहरू दिई सुधार गरेमा संवेगात्मक विकृति आउन पाउँदैन । जस्तोः– काम गरेको नमिलेमा वा नभएमा पनि "तिमीले यसो गरेको भए झन् राम्रो हुने थियो, काम गर्न सजिलो हुने थियो, तिमीले गरेको देखेर खुशी लाग्यो, अझ राम्रो गर" भनी उसको कामको आदर, सम्मान र स्वीकृति दिएमा वाञ्छनीय रूपले निनीहरूको संवेगात्मक विकास हुन्छ ।

अभ्यास

१. शारीरिक वृद्धि र विकास भन्नाले के बुझिन्छ ? स्पष्ट गर्नुहोस् ।
२. प्राथमिक तहका विद्यार्थी भन्नाले उनीहरू विकासको क्रममा कुन अवस्थामा हुन्छ र ती विद्यार्थीहरूको शारीरिक वृद्धि र विकासका विशेषताहरू उल्लेख गर्नुहोस् ।
३. बौद्धिक विकास भन्नाले के बुझिन्छ र बौद्धिक विकासमा असर पार्ने कुराहरू के-के हुन् ? चर्चा गर्नुहोस् ।
४. प्राथमिक तहका विद्यार्थीहरूको बौद्धिक विकासका विशेषताहरू उल्लेख गर्नुहोस् ।
५. उत्तर बाल्यावस्थाका बालबालिकाहरूलाई "दौतरी समूहको अवस्था" किन भनेको हो ? कारणसहित स्पष्ट गर्नुहोस् ।
६. संवेग भनेको के हो र संवेग कति प्रकारका हुन्छन् ? हरेकको उदाहरणसहित बयान गर्नुहोस् ।
७. उत्तर बाल्यावस्थाका बालबालिकाहरूमा डर पैदा गर्ने उत्तेजना कुन-कुन हुन् र डर पैदा हुनाका कारण के-के हुन् ? वर्णन गर्नुहोस् ।
८. प्राथमिक तहका विद्यार्थीहरूमा संवेगात्मक विकृति आउनका मूल कारणहरू के-के हुन् र यसलाई कसरी हटाउन सकिन्छ ? बयान गर्नुहोस् ।

प्रयोगात्मक काम

१. प्राथमिक तहको कुनै एक विद्यार्थीको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक व्यवहारको बारेमा अध्ययन गरी छोटो विवरण तयार गर्न लगाउने ।

६. शिक्षासँग सम्बन्धित संस्थाहरू

बालकले विभिन्न व्यक्ति, संघ र समुदायबाट शिक्षा आर्जन गर्दछ । यसबाट शिक्षाको स्रोत केवल विद्यालय मात्र रहनेछ भन्ने कुरा स्पष्ट हुन्छ । कुनै स्रोतबाट बालकले औपचारिक रूपमा शिक्षा प्राप्त गर्दछ भने कुनैबाट अनौपचारिक तवरले । जुन संस्थाबाट शिक्षा प्राप्त हुन्छ, त्यसलाई शिक्षासँग सम्बन्धित संस्था मानिन्छ । शिक्षासँग सम्बन्धित संस्थाहरू मुख्यतया दुई किसिमका छन् ।

१. औपचारिक शिक्षण संस्था (Formal Institution)

२. अनौपचारिक शिक्षण संस्था (Informal Institution)

१. **औपचारिक संस्था:–** जुन संस्थाबाट नियमित, निश्चित, अनुशासित र योजनाबद्ध तवरले शिक्षा प्राप्त गर्न सकिन्छ, त्यो संस्थालाई औपचारिक शिक्षण संस्था मान्नुपर्दछ । विद्यालयमा यस किसिमको प्रबन्ध हुने हुँदा यसलाई औपचारिक शिक्षण संस्था मानिन्छ ।

२. **अनौपचारिक संस्था:–** जुन संस्थाबाट नियमित, संगठित र योजनाबद्ध रूपले शिक्षा प्राप्त गरिदैन, त्यस्ता संस्थालाई अनौपचारिक शिक्षण संस्थाको रूप दिन सकिन्छ । घरपरिवार, समुदाय, पुस्तकालय, वाचनालय यस किसिमका संस्थाका उदाहरण हुन् । औपचारिक शिक्षण संस्थामा जस्तै अनौपचारिक शिक्षण संस्थामा नियमित शिक्षा दिइन्न ।

शिक्षासँग सम्बन्धित प्रमुख संस्थाहरू निम्न बमोजिम छन्–

(क) घरपरिवार

घर बालकको सबभन्दा पहिलो पाठशाला हो । आमा पहिलो शिक्षिका हुन् । बालकले आफ्नो कलिलो अवस्थामा आमाकै न्यानो काख र स्याहारसुसारमा बिताउँछ । यही अवस्थामा पहिलो पटक आमाले बोल्न सिकाउँछन् अर्थात् बालकले आमाबाट बोल्न सिक्दछ । यही किसिमबाट सिकाइएको पहिलो चरण आमाबाट शुरु हुने हुनाले उनी पहिलो शिक्षिका हुन पुनेकी हुन् ।

आमापछि बालकको सम्पर्क:– उठ, बस, हाँस, खेल बाबु र परिवारका अन्य सदस्यसँग हुन्छ । बाबु र परिवारका अन्य सदस्यले पनि बालकलाई खेलाउँदा, हिंडाउँदा, डुलाउँदा, इशारा, संकेत र आवाजको माध्यमबाट बा, आमा, दिदी, दाजु, तल, माथि, भित्र, बाहिरजस्ता धेरै कुरा उच्चारण गर्न सिकाउँछन् । बालकले पनि इशारा, सकेत र आवाजको प्रयासबाट अभ्यास गर्दै यस्ता कुरा शब्दमा उतार्ने प्रयास गरिरहेको हुन्छ ।

यी सबै कुराबाट के-के थाहा पाउन सकिन्छ भने घर बालकको सिक्ने पाठशाला हो र घरका परिवार शिक्षक, शिक्षिका भएकाले यो शिक्षासँग सम्बन्धित पहिलो संस्थाको रूपमा गनिन जान्छ । उसको प्रारम्भिक शिक्षाको जग घरपरिवारबाट तयार भइसकेको हुन्छ ।

घरपरिवार शिक्षासँग सम्बन्धित एकदमै सक्रिय संस्था हो, किनभने घरपरिवार र बालकको बीचमा दोहोरो प्रक्रिया चलिरहन्छ । घरपरिवारको प्रभाव बालबालिकामा, बालबालिकाको प्रभाव घरपरिवारमा परिरहन्छ। स्पष्ट शब्दमा भन्ने हो भने घरले बालबालिकालाई शिक्षा दिइरहेको हुन्छ । बालकले गरेका कार्यले घरपरिवारलाई शिक्षा मिलिरहेको हुन्छ र दुवै एक अर्काका सहायक बनिरहेका हुन्छन् ।

अब प्रश्न उठ्न सक्छ कि घरपरिवार नै बालकको शिक्षा आर्जन गर्ने प्रमुख केन्द्र भएकोले त्यो घरपरिवार कस्तो हुनु पर्दछ ? यसको जवाफमा हामी सरल तरीकाले भनौंला त्यो घरपरिवार गतिलो हुनुपर्दछ । अर्को प्रश्न उठ्न सक्दछ, कस्तो घरपरिवारलाई गतिलो मान्ने ? गतिलो घरपरिवावार त्यही हो, जसले बालकहरूलाई (क) सत्य बोल्न (ख) सफा बस्न (ग) सबैसँग मीठो बोल्न (घ) आदर गरी बोल्न (ङ) फोहोर कुरा नबोल्न (च) खराब काममा नलाग्न (छ) अरूलाई राम्रा काममा मद्दत गर्न (ज) कलिलै उमेरमा पढ्न, लेख्न इत्यादि असल आदतको विकास गराउँछ ।

परिवार नै बालकका शुरुका शिक्षक हुन् भन्ने कुरा माथिका कैयन् कुराले स्पष्ट बताइ-सकेका छन् । त्यसकारण उनीहरूले बालकको मायामोहमा मात्र भुलेर दिन बिताउनु हुन्न । शिक्षाको विकासमा होसियारीपूर्वक विचार गरिरहनुपर्दछ । बालकले राम्रा कुरा सिक्दै जानु नै शिक्षा हो भन्ने विचार गरी खेलाउँदा पनि केही राम्रा कुरा सिकाउने, हिंडाउँदा, डुलाउँदा पनि केही राम्रा र आवश्यक कुरा बुझाउने बानी बसाल्दै हुर्काउनुपर्दछ । चाहे खेलोस्, चाहे पढोस्, चाहे डुलोस् आखिर जे गरोस् त्यसैको माध्यमबाट शिक्षा पनि प्राप्त गरिरहोस्, यही इच्छा घरका परिवारमा हुनुपर्दछ ।

बालक काँचो माटो हो । जीवनको पहिलो अवस्थामै के ठीक के बेठीक भन्ने कुरा छुट्ट्याउने शक्ति उसमा हुन्न । बालक त्यही गर्छ, जुन कुरा घरमा परिवारले गराउँछन् । त्यही कुरा बुझ्छ, जुन कुरो उनीहरू बुझाउँछन् । घर बालकको विद्या अर्जन गर्ने केन्द्र हो । जस्तो अभ्यास परिवारले उसलाई गराउँदै जान्छन्, त्यसैमा ऊ सिपालु हुन्छ । भनिन्छ बालकले शिक्षा-को केही अंश आमाको कोखबाट नै लिएर आएको हुन्छ तापनि उसले कति शिक्षा पाउने भन्ने कुरो चाहिं आमाको गर्भदेखि तैंकात (किटान) गरेर आएको हुँदैन । त्यो कुरा त उसको परिवारबाट थाहा हुन्छ कि उनीहरू बालकलाई कस्तो हिसाबबाट सिकाइरहेका छन् । जे होस् यी सबै दृष्टिकोणबाट हेर्दाखेरि परिवार बालकले शिक्षा प्राप्त गर्ने मुख्य केन्द्रको रूपमा देखिन आउँदछ अर्थात् घरपरिवार शिक्षासँग सम्बन्धित संस्था हो ।

(ख) समुदाय

शिक्षासँग सम्बन्धित दोस्रो र महत्त्वपूर्ण संस्था समुदाय हो । समुदायमा विभिन्न संगठित संस्थाहरू पनि हुन्छन् । समुदाय र संगठित संस्थाहरू शिक्षासँग सम्बन्धित अनौपचारिक संस्था

अन्तर्गत पर्न आउँछन् । अनौपचारिक भए तापनि समुदाय र संगठित संस्थाहरूबाट बालकले महत्त्वपूर्ण शिक्षा हासिल गरिरहेको हुन्छ ।

समुदायलाई तल दिए बमोजिम छुट्ट्याउन सकिन्छः–

(१) जातीय समुदाय (२) वर्गीय समुदाय (३) सामाजिक समुदाय
(४) सांस्कृतिक समुदाय (५) धार्मिक समुदाय

१. जातीय समुदाय

कुनै समाजमा रहेको एकै जातिको समूहलाई जातीय समुदाय भनिन्छ । उदाहरणका निम्ति गुरुङ समुदाय, नेवार समुदाय, तामाङ समुदाय आदि ।

बालक पहिले त्यो समुदायको बारेमा जान्न इच्छुक हुन्छ, जुन समुदायको बीचमा जन्मन्छ । पहिले उसले आफू जन्मेको समुदायको रीतिरिवाज, ऐतिहासिक, भौगोलिक र खास-खास कुराको जानकारी राख्दछ । त्यसपछि बिस्तारै जुन समुदायसँग उसको चिनापर्ची बढ्दै जान्छ, ती समुदायको बारेमा सबै कुरा थाहा पाउँदैजान्छ । यसरी विभिन्न जातीय समुदायको सम्पर्कले गर्दा जातजातिका बारेमा पुस्तकमा पढेको भन्दा धेरै कुरा जान्न ऊ सफल हुन्छ । जातीय समुदायको ज्ञानले उसलाई विभिन्न जातिको उदयका साथै तिनीहरूको विकासको बारेमा पनि जानकारी हुन्छ ।

२. वर्गीय समुदाय

पेशाको हिसाबले विभिन्न वर्गमा बाँडिएका मानिसहरूको समूहलाई वर्गीय समुदाय भनिन्छ । जस्तोः– कृषक समुदाय, मजदुर समुदाय, कर्मचारी समुदाय, शिक्षक समुदाय आदि । बालकलाई शिक्षा दिन सधैं-सधैं यी समुदाय तत्पर हुन्छन् । कृषक समुदायले खेतीपातीका बारेमा ज्ञान दिन्छ । मजदुर समुदायले उद्योग, कलकारखाना र मजदुरको महत्त्वको बारेमा जानकारी दिन्छ । कर्मचारी समुदायले प्रशासन कसरी चल्छ र सरकार के हो भन्ने कुरा बुझाइदिन्छ । शिक्षक समुदायले शिक्षाको सम्पूर्ण संगठन, पाठ्यक्रम र पाठ्यपुस्तकको शिक्षण विधि अनि आवश्यक सामग्रीको बारेमा सबै कुरा स्पष्ट बनाइदिन्छ ।

३. सामाजिक समुदाय

समाज सुधार गर्ने उद्देश्य लिएर बनेको समुदाय सामाजिक ससुदाय हो । सामाजिक समुदायहरू समाजमा रहेका अन्धविश्वास, कुरीतिहरू हटाई बदलिदो रूप अनुसार समाजलाई बदल्ने कोसिस गरिरहेका हुन्छन् । यस्तो किसिमको लगातार कोसिसले समाजमा रहेका त्रुटिहरू हट्न गई नयाँ समाजको निर्माण हुन्छ । यस्ता समुदायका कामको

जानकारीले पछि गएर समाजको इच्छा पूरा गर्ने काममा बालक पनि सक्रिय रूपले लाग्दछ । हाम्रो नेपालमा पनि आज प्रशस्त मात्रामा यस्ता सामाजिक समुदायहरू छन् । तिनीहरू अनाथको उपकार गर्ने, गरीबको कल्याण गर्ने, जातिपातीको भेदभाव हटाउने, शोषण हुन नदिने, अशिक्षितहरूलाई शिक्षा दिनेजस्ता काममा जुटेका छन् । हामीकहाँ यस्ता समुदाय सक्रिय रूपमा काम गरिरहेका छन् । नेपाल बाल संगठन, नेपाल महिला संघ, नेपाल परोपकार संघ, अन्य अपाङ्ग संस्था, नेपाल स्काउट, नेपाल रेडक्रश आदि यस किसिमका उदाहरण हुन् ।

४. सांस्कृतिक समुदाय

जुन समुदायले आफ्नो परपरागत रीतिरिवाज र धर्म अनुसार समाजमा मनोरञ्जन प्रदान गर्दछ, त्यस्तो समुदायलाई सांस्कृतिक समुदाय भनिन्छ । यस्ता समुदायले बराबर लोक नृत्य र संगीतको आधारमा धार्मिक र सामाजिक परंपरामा आधारित नाटकहरू र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्दछन् । साथै यस्ता समुदायले विदेशी सांस्कृतिक संघ र समुदायसँग सम्बन्ध राखी सांस्कृतिक कार्यक्रमहरूको आदानप्रदान गर्दछन् । हाम्रो नेपालमा मल्लकालीन समयदेखि नै यस्ता किसिमका समुदायहरूको विकास भएको हो । त्यसबेला विभिन्न चोक र डबलीहरूमा सांस्कृतिक कार्यक्रम देखाइन्थ्यो भने उसै समयमा शहरहरूका बीचमा बनेका डबलीहरूबाट यो कुरा प्रस्ट हुन्छ । आजसम्म पनि इन्द्रजात्रा र अन्य देवदेवीका जात्रामात्राका समयमा विभिन्न किसिमका नाचगान देखाइँदै छ ।

५. धार्मिक समुदाय

जुन समुदायले धर्मसम्बन्धी विविध काम गर्दछ, त्यसलाई धार्मिक समुदाय भनिन्छ । बालकहरूले यस्ता समुदायको नजीक रहेर धार्मिक शिक्षाको बारेमा ज्ञान लिन सक्दछन् । हामीकहाँ प्रमुख रूपले दुई धार्मिक समुदाय छन् । (क) हिन्दू समुदाय (२) बौद्ध समुदाय । यी समुदायले बराबर आफ्नो धर्मको बारेमा प्रवचन, वादविवाद, गोष्ठी गर्दछन् । जसको प्रभावले बालकहरूमा पनि धार्मिक विषयमा आवश्यक जानकारी हुँदै जान्छ ।

यसरी प्रत्येक समुदायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बालकको शिक्षा आर्जन गर्ने काममा मद्दत पुऱ्याइरहेको हुन्छ । शिक्षा केवल किताबी ज्ञानमात्र होइन, यस्तै किसिमका तत्त्वबाट अनुभव र त्यसको परिणामको फल हो भन्ने कुरा यसले पुष्टि गर्दछ ।

(ग) विद्यालय

विद्यालय शिक्षासँग सम्बन्धित प्रमुख र महत्त्वपूर्ण संस्था हो । विद्यालयमा नियमित, संगठित र योजनाबद्ध तवरले शिक्षा प्रदान गरिने हुनाले यसलाई औपचारिक संस्थाको रूपमा

लिइन्छ । विद्यालयले विद्यार्थीहरूलाई अनुभवहरू क्रमबद्ध रूपमा प्रदान गर्दछ । विद्यालयको प्रभाव बालबालिकामा र बालबालिकाको प्रभाव विद्यलयमा पर्ने हुनाले यो सक्रिय पनि छ । यसले बालबालिकाहरूको निम्न पक्षको विकासमा ध्यान पुऱ्याउँदछ । (१) शैक्षिक विकास (२) शारीरिक विकास (३) सामाजिक विकाम (४) मानसिक विकास (५) आर्थिक विकास ।

यी विभिन्न किसिमका विकास विद्यालयले कसरी गराउने प्रयास गर्छ भन्ने कुरा क्रमैसित चर्चा गरौं ।

१. शैक्षिक विकास

विद्यालय शिक्षा विकासको मुख्य केन्द्र हो भन्ने कुरा माथि नै केही चर्चा गरी सकिएको छ । यसले क्रमिक रूपमा बालकमा शैक्षिक स्तर विकास गराउँदै उसमा भएको शिक्षाको भण्डार प्राप्त गर्दै ज्ञानको आधारमा नयाँ किसिमका गुणहरूको वृद्धि गराउँदछ । यही नै शैक्षिक विकासको महत्त्वपूर्ण रूप हो ।

२. शारीरिक विकास

विद्यालयले बालकलाई कोरा किताबी ज्ञान मात्र दिंदैन, उसको शारीरिक विकासमा पनि ध्यान पुऱ्याउँछ । विद्यालयमा भएका सम्पूर्ण बालबालिकालाई अभ्यास र व्यायाममा सरिक गराई विभिन्न अंगको गुणात्मक सञ्चालन गर्ने प्रयत्न गर्दछ । शारीरिक विकास भनेको शरीर हृष्टपुष्ट र निरोगी हुनु हो ।

३. सामाजिक विकास

विद्यालय स्वयं सामाजिक संस्था हो तापनि बालबालिकाको बीचमा सामुहिक कार्य बाँडेर, अतिरिक्त क्रियाकलाप सञ्चालन गरेर मित्रता, एकता, सहयोग र समझदारीको भावना बढाई सामाजिक विकास गराउँदछ ।

४. मानसिक विकास

बालकमा सोच्ने र मनमनै सबै कुरा गर्दै जाने शक्ति बढ्नु मानसिक विकास हुनु हो । विद्यलयले सिकाइको सिलसिलामा विविध विषयमा समस्यायुक्त प्रश्न बालकको सामुन्ने राखि-दिन्छ र त्यसलाई समाधान गर्न लगाउँछ । बारम्बार समस्या समाधान गर्दै जाँदा बालकमा मानसिक विकास हुन्छ ।

५. आर्थिक विकास

विद्यालय बालकको सदासर्वदा उन्नति चाहन्छ । बालकले पछि गएर राम्रो कमाइ गरोस्, आफ्नै खुट्टामा उभिएर कसैको पनि आश नगरी घर व्यवहार राम्रोसँग चलाओस्

भन्नका लागि खास-खास किसिमका व्यावसायिक शिक्षा दिंदै जान्छ । त्यही शिक्षाले गर्दा बालक पछि गएर कुनै एक पेशामा निपुण हुन्छ। आर्थिक विकासमा मद्दत पुऱ्याउने खालको शिक्षा प्राथमिक कक्षामा दिन सम्भव छैन । निम्न माध्यमिक कक्षादेखि मात्र शुरु गर्न सकिन्छ ।

(घ) मठ-मन्दिर

मठ कुनै समुदायले आफ्नो धार्मिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको गुठी हो भने मन्दिर देवोदेवताको वासस्थान हो । मठ-मन्दिर शिक्षा प्रदान गर्ने औपचारिक संस्था हुन्। अनौपचारिक भए तापनि यो संस्था महत्त्वपूर्ण छन् । यी संस्थाहरूले बालकको कलिलो दिमागमा धार्मिक एवं नैतिक शिक्षा भरिदिन्छन् । बेला-बेलामा मठ र मन्दिरमा भएको स्तुति, भजन र प्रवचनले गर्दा बालकहरू प्रत्यक्ष रूपमा शिक्षा प्राप्त गरी लाभ उठाउन सक्दछन् । जुन बालकले मठ-मन्दिरको कार्यक्रम प्रत्यक्ष देख्नेको हुन्छ, उसको मनमा धार्मिक र नैतिक शिक्षाको छाप परेको हुन्छ। धार्मिक र नैतिक शिक्षा सुनेको, केही बुझेको बालक इमानदार र चरित्रवान् पनि हुन्छ । मन्दिर र मठहरूले आफ्नै परम्परा, धर्म र संस्कृति अनुसारको शिक्षा दिने हुनाले भविष्यमा गएर बालक आफ्नो परम्पराको मर्यादा गर्ने, संस्कृतिको रक्षा गर्ने र धर्मको मर्म बुझ्ने हुन्छ। वास्तवमा आफ्नो परम्परागत मर्यादा कायम राख्नु, संस्कृतिको रक्षा गर्नु, धर्मको सही पालना गराउनु शिक्षाको पनि भित्री आशय हुन्छ। शिक्षण संस्थालाई सरकारी मातहतबाट सञ्चालन गर्नुभन्दा अघि नेपालमा यिनै विभिन्न मठ र मन्दिरहरूबाट शिक्षा दिइन्थ्यो।

(ङ) श्रव्य-दृश्य सामग्री

शिक्षामा श्रव्य-दृश्य सामग्रीको महत्त्व आजभोलि बढ्दै गइरहेको छ । यसप्रकारका सामग्रीहरूले सिकाइमा प्रेरणा जागृत गर्न मद्दत पुऱ्याउँछन्। यस किसिमको सामग्रीलाई शिक्षण सहायक सामग्रीको रूपमा व्यवहारमा ल्याउने गरिन्छ । श्रव्य-दृश्य सामग्रीमा रेडियो, स्लाइड, सिनेमा, टेलिभिजन, चित्रहरू प्रमुख हुन् । रेडियो श्रव्य-सामग्री हो भने चित्रहरू दृश्य सामग्री हुन्। यीबाहेक सिनेमा र टेलिभिजन श्रव्य-दृश्य दुवै किसिमका सामग्री हुन्। स्लाइडलाई दृश्य सामग्रीको रूपमा लिइन्छ भने स्लाइडमा भएको कुरा स्पष्ट पार्न भाषा पनि साथसाथै प्रयोग गरियो भने सो श्रव्य-दृश्य दुवै किसिमको सामग्री हुन जान्छ ।

श्रव्य-दृश्य सामग्रीहरू मध्ये यहाँ रेडियो र सिनेमाको बारेमा विशेष उल्लेख गरिन्छ।

रेडियो टेलिभिजन

रेडियो शिक्षासँग सम्बन्धित महत्त्वपूर्ण संस्था हो। यो अनौपचारिक संस्था हो तापनि आजको शैक्षिक जगत्मा यसको महत्त्वपूर्ण स्थान छ। आजका बालकहरू पठनपाठनको साथ-साथै आफ्नो समयको केही भाग रेडियो सुन्नेमा पनि लगाउँछन्। रेडियोबाट शैक्षिक कार्यक्रमका साथै अन्य विविध कार्यक्रम जस्तैः– बाल कार्यक्रम, महिला कार्यक्रम, युवक कार्यक्रम, ग्रामीण कार्यक्रम, कृषि कार्यक्रम, स्वास्थ्य र सफाइ कार्यक्रम, साहित्यिक कार्यक्रम, विज्ञान र प्रविधि कार्यक्रम, नाटक, रुपक, संगीत प्रसारित हुन्छ। ती कार्यक्रमका सामग्रीहरूबाट बालकहरूले आफूलाई काम लाग्ने अनगिन्ती कुरा सिक्ने मौका पाउँदछन्। यसले बालकहरूलाई दोहोरो फाइदा हुन्छ, एकातिर मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतिर शैक्षिकस्तर बढाउन महत पुऱ्याउँदछ। यसले बालबालिकामा ध्यान दिएर सुन्ने बानी विकास गराउनुका साथै सुनेका कुरा बुझ्न सक्ने क्षमता वृद्धि गराउँछ। कुनै पनि सिलसिलेवार मिलाएर भन्ने र बोल्दा कुन क्रमले राम्रो हुन्छ भन्ने कुराको पनि जानकारी गराउँछ।

रेडियो लोकप्रिय बन्दै गएको हुनाले आज संसारका विभिन्न मुलुकहरूमा यसैको माध्यमबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्न थालिएको हो। हाम्रो देशमा पनि रेडियोबाट शिक्षक र विद्यार्थीका निम्ति छुट्टाछुट्टै समयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न थालिएको हो। रेडियोबाट प्रसार गरिने यो शैक्षिक कार्यक्रमले शिक्षकलाई सिकाउने विधि र बालकहरूलाई सिकाएको कुरो चाँडो टिप्ने, स्मरण शक्ति बढाउने, अनि सिकेको कुरा प्रयोगमा ल्याउन सक्ने तरीकाहरू बताउँछ। शैक्षिक कार्यक्रमको सिलसिलामा हाल हाम्रो देशमा प्राथमिक शिक्षकहरूलाई रेडियोद्वारा तालिम दिने व्यवस्थाको पनि शुरुवात गरिएको छ। यो व्यवस्था पछि अन्य तहका शिक्षकहरूलाई पनि गरिने संभावना देखिन्छ।

टेलिभिजन भएका मुलुकहरूमा टेलिभिजनबाट पनि शैक्षिक कार्यक्रम प्रसारण गर्ने गर्छन्। कक्षाको पढाइभन्दा रेडियो र टेलिभिजनबाट हुने शिक्षा बढी रुचिकर र प्रभावकारी हुने देखिन्छ।

सिनेमा, नाटक

सिनेमा पनि शिक्षा विकासमा सहायता पुऱ्याउने अनौपचारिक स्रोत हो। बालकले शिक्षासँग सम्बन्धित अन्य संस्थाको दाँजोमा सिकाइको सफलता सिनेमाबाट पनि कम पाउँदैनन्। यसबाट बालकमा कुनै कुरालाई पनि उत्सुक भएर हेर्ने, ध्यान दिएर सुन्ने, राम्रा र नराम्रा कुराको लेखाजोखा गर्ने बानी बस्दछ।

सबै किसिमका सिनेमाले बालकलाई फाइदा हुँदैन। बालकलाई त्यस्ता सिनेमाबाट फाइदा हुन्छ, जुन शैक्षिक विकासलाई ध्यानमा राखेर अथवा पाठ्यपुस्तकको आधारमा बनाइएका

हुन्छन् । राम्रो सिनेमाले बालकलाई अनुशासन, आदर, कर्तव्य, धैर्य आदि कुराको सम्बन्धमा उपयुक्त तालिम दिन्छ। उदाहरणका निम्ति आमाबाबुको अगाडि छोराछोरीले अनुशासन पालन गरेको, ठलाको आदर गरेको, अह्राएको काम गरी कर्तव्य पूरा गरेको, दुःख र संकटमा हरेस नखाई धैर्य लिएको, अरूलाई सहयोग गरेको देखेर बालक पनि त्यही अनुसार गर्न थाल्दछ । यसको विपरीत बालकहरू नराम्रो सिनेमाको सिकार हुन गए भने पछिल्लो समाज नै दुर्गन्धित बन्न पुग्दछ। नराम्रो सिनेमाले बालकमा खराब लतहरूको विकास हुनाको साथसाथै अनावश्यक घमण्ड गर्ने, आफूभन्दा ठूलाको अनादर गर्ने, बाबुआमाको कब्जामा बस्ने बानीको विकास गराइदिन्छ। यसबाट खर्चालु प्रवृत्ति पनि बढ्छ, साथै अनावश्यक नक्कल गर्ने, खूबीभन्दा धेरै बाहिरको कल्पना गर्ने, विनाकारण निराश हुने आदि कुराको वृद्धि हुन्छ ।

सिनेमाजस्तै नाटकहरूबाट पनि बालकहरूले शिक्षा पाउन सक्दछन्। नाटकबाट पाएको ज्ञान अनुभवको नजीक र बढी मात्रामा सत्यमा आधारित हुन्छ । किनभने धेरैजसो नाटक सामाजिक र सांस्कृतिक सत्यलाई अँगाली रचिएका हुन्छन् ।

टेलिभिजन भएका मुलुकहरूमा टेलिभिजनबाट पनि शिक्षण कार्यक्रम प्रसार गर्न थालिएको छ। शिक्षाबिद्हरूको भनाइ अनुसार कक्षाको सिकाइभन्दा रेडियो र टेलिभिजनबाट प्रसार गरिने सिकाइ बालकले बढी रुचाउन थालेका छन्।

वाचनालय र पुस्तकालय

वाचनालय र पुस्तकालय शिक्षासँग सम्बन्धित अनौपचारिक संस्था हुन्। विद्यालयमा जस्तो नियमित, संगठित र योजनाबद्ध रूपले पठनपाठनको व्यवस्था नहुने भए तापनि यी संस्थाहरूले बालकको शिक्षा विकासमा प्रत्यक्ष रूपले प्रभाव पार्दछन् । बालबालिकाहरू निरन्तर रूपमा वाचनालय, पुस्तकालयमा जाने समय पार्उँदैनन् तापनि आफ्नो समयको केही भाग यी संस्थामा पनि बिताई अध्ययन गर्दछन् । वाचनालय र पुस्तकालयमा उपलब्ध हुने विविध सामग्रीले उनीहरू ती संस्थाप्रति आकर्षित भइरहेका हुन्छन्। वाचनालयको आयोजनामा बेला-बेलामा देखाइने शैक्षिक, सामाजिक र सांस्कृतिक चलचित्र प्रदर्शनले उनीहरूको मन यी संस्तातिर खिचिरहेको हुन्छ ।

साधारणतया हेर्दा वाचनालय र पुस्तकालय उस्तै हुन् कि जस्तो लाग्दछ किनभने–

१. यी दुवै संस्था सार्वजनिक र व्यक्तिगत दुवै रूपमा स्थापना हुन सक्दछन्।

२. यी दुवैमा पढ्ने काम हुन्छ तापनि यी दुईमा केही फरक पाइन्छ ।

१. वाचनालयमा विशेष गरी पत्रपत्रिका मात्र हुन्छन्। पुस्तकहरू संग्रह गरिँदैन।

२. पुस्तकालयमा पुस्तकका साथसाथै पत्रपत्रिका पनि राखिन्छ ।

३. पुस्तकालयबाट पुस्तकहरू घरमा पढ्न, हेर्नका निम्ति लान सकिन्छ । वाचनालयबाट पत्र-पत्रिकाहरू घरमा लान पाइँदैन ।

४. वाचनालय थोरै खर्चबाट पनि स्थापना गर्न सकिन्छ । पुस्तकालय थोरै खर्चबाट स्थापना गर्न सकिँदैन ।

५. वाचनालयमा धेरैजसो बालबालिकाका निम्ति उपयोगी. रमाइला पत्रपत्रिका र अखबारहरूलाई बढी महत्त्व दिइन्छ, पुस्तकालयमा बौद्धिकस्तर बढाउने खालका अनुसन्धान गर्न सहायक पुस्तक र पत्र-पत्रिकालाई महत्त्व दिइन्छ ।

वाचनालयमा अखबार र पत्रपत्रिका हेरेर देशको खबर र अन्य जानकारी हासिल गरेर बालबालिकाले धेरै कुरा सिक्न सक्दछन् भने पुस्तकालयमा पुस्तक पढेर, पत्रपत्रिका हेरेर विभिन्न विषयमा ज्ञान हासिल गर्न सक्दछन् । जे होस्, यी दुवैबाट शिक्षा प्राप्त भई नै रहन्छ । बालकहरूले आफ्नो फुर्सदको समय पुस्तकालयमा र वाचनालयमा गएर बिताउन सक्दछन् । यस्तो फुर्सदको समय पुस्तकालय र वाचनालयमा बिताउने बानीले भविष्यमा गएर निरन्तर रूपमा पढ्ने र ज्ञान हासिल गर्ने बानी बस्दछ ।

अभ्यास

१. शिक्षासँग सम्बन्धित संस्था भन्नाले के बुझिन्छ ? यी संस्था कति किसिमका छन् ? उदाहरणसहित लेख्नुहोस् ।

२. 'घर बालकको सबभन्दा पहिलो पाठशाला हो' यो भनाइको तात्पर्य खुलाउनुहोस् ।

३. शिक्षासँग सम्बन्धित प्रमुख समुदाय संगठित संस्था के-के हुन् ? ती प्रत्येकको उद्देश्य स्पष्ट गर्नुहोस् ।

४. विद्यालय औपचारिक शिक्षाको प्रमुख केन्द्र हो । स्पष्ट गर्नुहोस् ।

५. विद्यालयले बालकको विभिन्न पक्षमा पुऱ्याउने विकासको चर्चा गर्नुहोस् ।

६. मठ-मन्दिरबाट बालकहरूले कसरी शिक्षा पाउँछन् ? बयान गर्नुहोस् ।

७. रेडियोलाई शिक्षाको माध्यम कसरी मान्न सकिन्छ ?

८. वाचनालय र पुस्तकालय शिक्षासँग सम्बन्धित अनौपचारिक संस्था हुनाका कारण के-के हुन् ?

९. सिनेमाको माध्यमबाट पनि हामीले केही न केही शिक्षा हासिल गरिरहेका हुन्छौं'' यो भनाइलाई उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

७. पाठ्यान्तर क्रियाकलाप

बालकको सर्वाङ्गीण विकास गर्ने माध्यम शिक्षा हो भन्ने कुरा खण्ड १ मा चर्चा गरिसकिएको छ । बालकको सर्वाङ्गीण विकास कक्षाभित्रको पठनपाठनले मात्र सम्भव छैन । त्यसकारण बालकलाई पढाइ, लेखाइका साथसाथै विभिन्न कार्यकलापमा सरिक गराउनुपर्दछ। बालकहरूले आफ्नो पाठ अन्तर्गत निरन्तर रूपमा गर्नुपर्ने कार्यलाई नै पाठ्यान्तर क्रियाकलाप भनिन्छ । त्यस्ता क्रियाकलापहरू मोटामोटी निम्न बमोजिम छन्–

(क) गीत, कविता पाठ, प्रार्थना र वन्दना

(ख) कथा, वाद-विवाद, छलफल, प्रश्नोत्तर

(ग) शारीरिक व्यायाम नाच, विभिन्न खेलहरू

(घ) चित्रकला तथा हस्तकला

(ङ) आपसी सहयोगसम्बन्धी क्रियाकलाप

(च) विद्यालय दिवस, जन्मोत्सव र पर्वसम्बन्धी कार्यक्रमहरू

अब यी क्रियाकलापको वर्णन तल गरिन्छ ।

(क) गीत, कविता पाठ, प्रार्थना र वन्दना

हाम्रो वर्तमान पाठ्यक्रमले बालकलाई किताबी ज्ञानका साथसाथै यस अनुरूपको व्यावहारिक सीप पनि प्रदान गर्ने लक्ष्य राखेको छ । यही लक्ष्य अनुरूप प्रत्येक विद्यालयले पाठ्यान्तर क्रियाकलाप अन्तर्गत बालबालिकालाई विभिन्न गीत गाउन लगाउने, कविता पाठ गराउने, वन्दनामा सरिक गराउने, प्रार्थनामा सम्मिलित गराउने गर्नुपर्दछ ।

अब यी सबैको संक्षेपमा चर्चा गरौं ।

गीत

हाम्रा वर्तमान पाठ्यपुस्तकहरूमा निम्न बमोजिमका गीतहरू समावेश गरिएका छन् । (१) राष्ट्रिय गीत (२) लोक लयमा आधारित गीत (३) बाल गीतहरू । राष्ट्रिय गीतलाई कक्षागत र सामूहिक गरी दुई भागमा बाँडिएको छ । कक्षा १ देखि कक्षा १० सम्म कक्षागत गीत र सामूहिक गीत निश्चित गरिएका छन् । यस बारेमा खण्ड ३ मा चर्चा गरिसकिएको छ ।

पाठ्यपुस्तकमा सामाजिक, सांस्कृतिक, शैक्षिक 'ऐतिहासिक' आर्थिक पक्ष झल्काउने, विभिन्न लोकलयमा आधारित गीत हुन्छन् । शिक्षकले यी गीतहरूका बारेमा राम्रो जानकारी गराउनुका साथसाथै सम्पूर्ण कुरा बुझाइसकेपछि प्रस्तुत गीतहरू कक्षामा र अन्य क्रियाकलापका

अवसरमा छन्द र लय विचार गरी गाउन लगाउनुपर्दछ । यसरी गाउन सिकाउँदा कुनै किसिमको कठिनाइ आइपरे सम्बन्धित जानकारी सूत्रहरूसँग छलफल गर्नुपर्दछ ।

साना-साना बालबालिकालाई पठनपाठनप्रति रुचि जगाउने उद्देश्यले पाठ्यपुस्तक र अन्य पुस्तकहरूमा बालगीतहरू समावेश गरिएका हुन्छन् । शिक्षकले यी विभिन्न बालगीतहरू छनोट गरी कक्षाभित्र, बाहिर अर्थ र मर्म समेत बुझाई गाउने अभ्यास गराउनुपर्दछ । यसो गर्दा पढाइप्रति बालकको जिज्ञासा र अभिरुचि बढ्दै जान्छ ।

पाठ्यपुस्तकमा भएका गीतका अतिरिक्त शिक्षकले अन्य उपलब्ध गीतहरू पनि विद्यालयमा हुने सांस्कृतिक कार्यक्रम या अन्य पर्व र दिवसहरूमा विद्यार्थीहरूलाई गाउन लगाउने गर्नुपर्दछ। गीतहरू बालक आफै पनि रच्न सक्दछन् । अरूद्वारा रचित र संकलित गीतहरू पनि यस प्रयोजनका लागि उपयोगी हुन सक्छन् । बारम्बार यस किसिमको अभ्यासले विद्यार्थीलाई मनोरञ्जनका साथसाथै नयाँ कुराहरू सिक्ने अवसर पनि प्राप्त हुन्छ। यसले गर्दा उनीहरूको पढाइमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग पुग्दछ ।

कविता पाठ

कविता पाठ पनि पाठ्यन्तर क्रियाकलापको महत्त्वपूर्ण अंग हो । विद्यालयमा विद्यार्थीहरूलाई समय-समयमा कविता पाठ गराउनुपर्दछ । यसका लागि शिक्षकले विद्यार्थीहरूलाई उनीहरूको स्तर र क्षमता अनुसारका कविता लेख्न लगाई बाल कविसम्मेलनको रूपमा कार्यक्रम बनाई उनीहरूलाई आफूले लेखेका कविताहरू पाठ गर्न लगाउने गर्नुपर्दछ । यस्ता कार्यक्रमहरूमा राम्रा कविता पढ्नेलाई पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्दछ । यसले गर्दा उनीहरूमा कविता लेख्नमा अभिरुचि जाग्ने, समूहमा बोल्दा निडर भएर बोल्नेजस्ता महत्त्वपूर्ण गुणहरूको विकास हुँदैजान्छ । यसको फलस्वरूप कहिल्यै कविता नलेख्ने विद्यार्थीहरू पनि कविता लेख्ने काममा लाग्दछन् र लज्जालु बानी पनि हराउँदै जान्छ ।

सबै कक्षाका भाषा विषयका पाठ्यपुस्तकमा विभिन्न छन्दका कविता पनि समावेश गरिएका छन् । ती कविताहरूलाई शिक्षकले आवश्यक स्तर र शैलीमा पाठ गर्न सिकाउनुपर्दछ । यसबाहेक विद्यार्थीलाई विभिन्न पत्रपत्रिका र पुस्तकमा रहेका अरू व्यक्तिद्वारा लेखिएका कविता लय मिलाई पाठ गर्ने अभ्यास गराउन पनि सकिन्छ ।

प्रार्थना

विद्यालयले ईश्वरभाव र ईश्वरप्रतिको आस्था बढाउन उत्सव र पर्वको याम पारी बालबालिकाहरूलाई प्रार्थनामा सरिक गराउनुपर्दछ । यसरी प्रार्थनामा सरिक गराउनाले उनीहरूमा ईश्वरप्रतिको भक्ति र आस्था बढ्न जान्छ ।

वन्दना

प्रार्थनाको साथसाथै सरस्वती पूजा, गुरुपूर्णिमा आदि समयमा बालबालिकालाई वन्दनामा सरिक गराउनुपर्दछ । यस किसिमको वन्दनाले शिक्षा प्राप्त गर्ने दिशामा मनोबल बढ्न गई पढाइ, लेखाइप्रतिको अभिलाषा गाढा बन्दछ ।

(ख) कथा, वाद-विवाद, छलफल, प्रश्नोत्तर

कथा, वाद-विवाद, छलफल र प्रश्नोत्तर पाठ्यान्तर क्रियाकलापका महत्त्वपूर्ण माध्यम हुन् । यिनीहरूको बयान तल छुट्टाछुट्टै गरिन्छ ।

कथा

कथा पठनपाठनको सहायक अंग हो । शिक्षकले पाठको सिलसिलामा कथा पठन तथा कथा हाली पाठलाई सजीव बनाउने प्रयत्न गर्नुपर्दछ । उनले आफूले कथा भनिसकेपछि सोही अनुरूप शीर्षक, परिचय, घटनाक्रम आदि मिलाई बालबालिकालाई पनि भन्न लगाउनुपर्दछ । बाल-बालिकाले कथा भन्दा छुटफुट भएमा शिक्षकले बनाइदिने र भन्न प्रोत्साहन दिने गर्नुपर्दछ । प्रोत्साहनले बालबालिकालाई प्रेरणा मिल्दछ र अभ्यास पनि बढ्दैजान्छ ।

विद्यार्थीले परिवार वा समुदायमा अन्य व्यक्तिहरूबाट सुनेका र पुस्तकहरूमा पढेका कथा-हरू उनीहरूकै शब्दमा भन्न लगाउने, त्यस्ता कथालाई लिखित रूपमा तयार गराई पढ्न लगाउने र अरूले पढ्न सक्ने गरी निश्चित ठाउँमा टाँस्न लगाउने गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूलाई कथा संझन, भन्न, लेख्न र पढ्न प्रोत्साहन मिल्दछ । विद्यार्थी र शिक्षकको संयुक्त प्रयासबाट पनि नयाँ-नयाँ कथाहरू तयार गर्न सकिन्छ ।

कक्षामा बाहेक विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापमा पनि कथा लेख्न र भन्न बालबालिकालाई उत्साहित गर्नुपर्दछ । प्रतिभाशाली एवं मौलिक कथा लेख्न र भन्न सक्ने बालबालिकालाई पुरस्कृत गर्दै जानुपर्दछ ।

वाद-विवाद

व्यक्तिगत विचारधारालाई तर्कपूर्ण रूपमा प्रस्तुत गराउनका लागि विद्यालयमा वाद-विवाद कार्यक्रमहरू गराइन्छ । वाद-विवाद गराउँदा दिइएको कुनै एक विषयको पक्ष र विपक्षमा तर्कहरू दिन लगाइन्छ । दिइएका तर्कहरूका आधारमा निर्णय गर्ने र प्रतिवेदन तयार गर्ने काममा पनि विद्यार्थीहरूलाई सरिक गराइन्छ ।

वाद-विवादबाट बालकमा निम्न लिखित कुराको विकास गराउन सकिन्छ:–

१. आफ्नो विचारलाई तर्कपूर्ण र तथ्यपूर्ण पारी प्रभावपूर्ण ढंगले प्रस्तुत गर्न बानी
२. तथ्यपूर्ण र तर्कपूर्ण विचार तथ्यहीन विचारभन्दा प्रभावशाली हुन्छ भनेर सोच्ने बानी
३. वाक् शक्तिको विकास गराउँदै लैजाने बानी
४. विचारको श्रृङ्खला मिलाई भन्ने बानी

यी कुराको साथसाथै वाद-विवादलाई सिकिने माध्यम ठान्ने र कुनै पनि विषयको निर्णयमा पुग्ने बानीको विकास हुन्छ ।

छलफल

छलफल बालकको सोचाइ वृद्धि गर्ने, मनमा लागेका कुरा स्पष्ट व्यक्त गर्न सक्ने बनाउने र पाठकलाई रोचक बनाउने माध्यम भएकोले पाठको सिलसिलामा वा अगिपछि यो कार्यक्रम सानो वा ठूलो जस्तो रूपमा भए पनि सञ्चालन गर्नुपर्दछ ।

छलफल गराउँदा बालकमा:–

१. अरूले बोल्दा ध्यान दिएर सुन्ने बानी
२. अरूको विचारको आदर गर्ने बानी
३. अरूले आफ्नो कुरा काटेमा नरिसाउने बानी
४. आफले मात्र नबोल्ने बानी
५. आफूले नबुझेको कुरा सोध्न लाज नमान्ने बानी
६. समूहले गरेको निर्णय आफैंले गरेको निर्णय ठान्ने बानीको विकास गराउने लक्ष्य राखिएको हुनुपर्दछ ।

यो एउटा समूह कार्य भए तापनि छलफलको नेतृत्व शिक्षक आफैंले लिने गर्नुपर्दछ । शिक्षकले छलफलबाट भएका निर्णय बोर्डमा लेख्ने र विद्यालयलाई छलफलको प्रतिवेदन तयार गर्न लगाउने गरेमा उद्देश्यको साथसाथै कार्यकलाप पनि पूरा हुन्छ ।

प्रश्नोत्तर

प्रश्नोत्तर पाठचान्तर क्रियाकलापको अभिन्न अंग हो । शिक्षकले प्रश्नोत्तरलाई शिक्षण विधिको रूपमा पनि प्रयोग गर्न सक्छन् । हाजिरी जवाफ र अन्य वा विविध कार्यक्रम पनि यसैको माध्यमद्वारा सञ्चालन गर्न सक्दछन् । प्रश्नोत्तरलाई कस्तो ठाउँमा प्रयोग गर्दा बढी दिलचस्पी बढ्छ भनेर सोच्ने काम शिक्षकको हो ।

प्रश्नोत्तर कार्यक्रमबाट वास्तवमा कुनै पनि कुरालाई राम्ररी मनमा लिने र त्यसको उपयुक्त जवाफ दिने बानी बस्दछ । यसका साथै आफूले सुनेको कुरालाई राम्ररी केलाएर हेरि-सकेपछि मात्र निर्णय दिने बानीको विकास हुन्छ ।

प्रश्नोत्तर गराउँदा शिक्षकले सधैं निम्न कुरामा ध्यान पुऱ्याउनुपर्दछः–

१. प्रश्न सृजनात्मक प्रतिभाको विकास गर्ने खालको हुनुपर्दछ ।

२. प्रश्न समस्या समाधानमा सहयोग पुऱ्याउने खालको हुनुपर्छ ।

३. प्रश्न विषयवस्तुभित्र रहेको हुनुपर्छ ।

माथि भनिए बमोजिमका प्रश्नहरू सोधेर उत्साहित गर्दै लगेमा क्रियाकलापको पूर्णतामा कुनै किसिमको कठिनाइ उत्पन्न हुँदैन र सफल भएर जान्छ ।

बालकमा पठनपाठनप्रति रुचि जगाउने हिसाबले, बोल्ने सीप विकास गराउने हिसाबले र पढे लेखेका कुरा बुझे नबुझेको जान्ने हिसाबले प्रश्न सोधिएमा क्रियाकलाप सजीव हुन सक्दछ ।

(ग) शारीरिक व्यायाम, नाच, विभिन्न खेलहरू

शारीरिक रूपले स्वास्थ्य, तन्दुरुस्त र तम्तयार बालक शिक्षाका निम्ति उपयुक्त व्यक्ति हो । शारीरिक हिसाबले अस्वस्थ, विद्यालयले सञ्चालन गरेका कार्यकलापमा भाग लिन नसक्ने कमजोर बालकले शिक्षा प्राप्त गर्न सक्दैन, किनकि यदि यी कुरा भएनन् भने उसमा शिक्षा प्राप्त गर्ने खालको मनोबल उत्पन्न हुन सक्दैन ।

शिक्षकले पाठ पढाउने सिलसिलामा र अन्य उपयुक्त समयमा बालबालिकालाई शारीरिक व्यायाम, नाच विभिन्न खेलमा सरिक गराई मनोरञ्जन प्रदान गर्नुपर्छ । ठूला-ठूलामा यी कार्यक्रमहरूमा सरिक गराई मनोरञ्जन गर्दै लगेमा अप्रत्यक्ष रूपले उनीहरूमा शिक्षा प्राप्त गर्ने दिशामा प्रेरणा प्राप्त हुँदै जान्छ ।

अब यी विभिन्न माध्यमको संक्षेपमा चर्चा गर्न पट्टि लागौं ।

(१) शारीरिक व्यायाम

शारीरिक व्यायाम अन्तर्गत निम्न किसिमका अभ्यास गराउन सकिन्छः–

(क) **हिंड्ने अभ्यासः–** हिंड्ने अभ्यास अन्तर्गत शिक्षकले नाचमा झैं हल्का पाइला सारी, अगाडि हिंड्ने, लामो र अग्लो पाइला सारी हिंड्ने, बिस्तारै हिंड्ने र हिंडाइको गति क्रमशः बढाउने, विभिन्न दिशामा हिंड्न लगाउने इत्यादि हिंड्ने बानी लगाउनुपर्छ । यसबाट शरीरका निम्ति व्यायाम पनि हुन्छ, केही मात्रामा मनोरञ्जन प्राप्त हुन्छ, अनि पाठ्यान्तर क्रियाकलाप पनि पूरा हुन्छ ।

(ख) **दौड्ने अभ्यासः–** हिंड्ने अभ्यासजस्तै दौडने अभ्यास पनि बालबालिकाले धेरै गरिसकेका हुन्छन् तापनि शिक्षकले उनीहरूलाई खुट्टाको अघिल्लो भागले टेकी दौडने, केही टाढा

दौडने र फर्केर दौडने, सीधा रेखामा दौडने, पछाडि दौडने, खुट्टालाई कैंचीझैं पारी छेउतिर अगाडि दौडने र दौडने गति नरोकी फर्काएर दोडाउने आदि गराउनुपर्दछ ।

(ग) उफ्रने अभ्यासः– हिंड्ने, दौडने अभ्यासजस्तै उफ्रने अभ्यास पनि बालबालिकाले शुरुकै अवस्थादेखि नै गरेका हुन्छन् तापनि शिक्षकले जमिनमा तलमाथि भकुन्डोझैं उफ्रेर भ्यागतो, खरायो, बाघ्राको पाठो आदिझैं उफ्रने खुट्किलो तलमाथि उफ्रने, उफ्रेर घुँडा-लाई हातले छुने, उफ्रने र हातले पैताला छुने, खुट्टा मिलाएर अगाडि उफ्रने, डोरी नाघ्ने आदि गराउनुपर्दछ ।

(घ) खर्याङखुट्टी (हप) अभ्यासः– खर्याङखुट्टी बालकहरूका निम्ति साधारण खेल हो तापनि विभिन्न रूपमा यसको अभ्यास गराउँदै जानुपर्दछ । खर्याङखुट्टी गरेर अगाडि बढ्ने, खर्याङखुट्टी दौड गर्ने, खर्याङखुट्टी गर्दै छेउतिर हिंड्ने, गति बढाई खर्याङखुट्टी गर्ने, लाइनमाथि वा कुनै चीजमाथि खर्याङखुट्टी गर्ने, गोल घेरामा खर्याङखुट्टी गर्ने, बाजाको तालमा खर्याङखुट्टी गर्ने आदि यसका प्रमुख तरीका हुन् ।

(ङ) पाइला सार्ने (स्किप) अभ्यासः– पाइला सार्ने अभ्याम विभिन्न किसिमका छन् । शिक्षकले बिस्तारै अगाडि पाइला सार्ने, अगाडि छिटो-छिटो पाइला सार्ने, पछाडि पाइला सार्ने, विभिन्न दिशामा पाइला सार्ने, गोल घेरामा पाइला सार्ने, साथीसँग पाइला सार्ने, बाजाको तालमा पाइला सार्ने कार्यमा बालकलाई सरिक गराउनुपर्दछ ।

यसबाहेक विभिन्न चीज फ्याँक्ने र समाल्ने कार्यमा पनि बालकलाई लगाउनु बेस हुन्छ । यी अभ्यासले बालकलाई मनोरञ्जन मात्र होइन, खानमा पनि रुचि, हिंड्न र काम गर्नमा स्फूर्ति, शारीरिक तन्दुरुस्ती आदि प्राप्त हुन्छ ।

शारीरिक व्यायामले शरीरका अंगलाई बलियो बनाउँछ । शिक्षकले आफूले सञ्चालन गर्ने प्रत्येक क्रियाकलापमा व्यायामलाई पनि समावेश गरी बालकको शारीरिक वृद्धि र विकास दुवैमा ध्यान पुऱ्याउनुपर्दछ ।

(२) नाच र विभिन्न खेलकुदहरू

शारीरिक व्यायाम बाहेक कक्षाको स्तर र बालबालिकाको क्षमता हेरी शिक्षकले नाच-गानमा पनि उनीहरूलाई सरिक गराउनुपर्दछ । नाचहरू समय र पर्व हेरी राष्ट्रिय गीत, आधुनिक गीत र लोक गीतको आधारमा गराउन सकिन्छ । यस्ता नाचहरू बालबालिकामा रहेको सीप भिन्नता हेरी सामूहिक वा व्यक्तिगत गराउनुपर्दछ ।

बालबालिकालाई नाचको साथसाथै खेलमा सरिक गराउनुपर्दछ । उनीहरूका निम्ति उपयुक्त खेलहरू केही तल दिइएका छन् । यता, उता, कता ? साथी पत्ता लगाऊ, नमस्ते,

चिल र चल्ला, पुच्छर लुकाउने, मुसो बिरालो, माकुरो र झिंगा, सिक्री लखेटाइ, भित्र-बाहिर, नेता चिन्ने, कक फाइट र नक्कल गर्ने, चटके खेलमा हात्तीको हिंडाइ, रेल कुदाइ, साइकल चलाइ, हवाईजहाज उडाइ, घोडा कुदाइ अनि सन्तुलन खेल अन्तर्गत एक लहरमा हिंड्ने, खुट्टाको अगाडिको भागले टेकी हिंड्ने. हवाईजहाज बन्ने, एकै ठाउँमा उफ्रेर घुम्ने, टाउकोमा सन्तुलन, टाउको र कुहिनाको सन्तुलन, हातको सन्तुलन, गर्दन र कुहिनाको सन्तुलन, पल्टनबाजी खेल, मूढो गुडाइ, भकुन्डो गुडाइ, हाँसको हिंडाइ, जूका हिंडाइ, गँगटो हिंडाइ इत्यादि ।

यी खेलहरूले बालकलाई पढेर थाकेको बखत स्वस्थता प्रदान गर्न मद्दत पुरयाउँछन् । धेरै बेर पढिसकेर एक घण्टी खेलमा लाग्दा हलुकोपनको पनि अनुभव हुन्छ ।

पूर्व प्राथमिक र प्राथमिक कक्षामा बालकहरूको पाठ सकभर खेलकै माध्यमबाट पूरा गर्नुपर्छ र नि. मा. एवं माध्यमिक कक्षामा पनि उनीहरूको स्तर र रुचि अनुसारको खेलकुद कार्यक्रम राख्नुपर्दछ ।

खेलकुदबाट बालकहरू स्वस्थ, फूर्तिला र सक्रिय बन्दछन् ।

(घ) चित्रकला तथा हस्तकला

चित्रकला तथा हस्तकला पनि पाठ्यान्तर क्रियाकलापको महत्त्वपूर्ण अंग हो । पाठ पढाउनुको साथसाथै कलिलै उमेरदेखि बालबालिकालाई पुस्तकमा भएका चित्रहरू पनि कोर्न लगाउने र चित्रमा भएका कुराहरूको नमुना बनाउने काममा लगाउनुपर्दछ । हुन त कतिपय पाठ्यांशमा बालबालिकाले अनिवार्य रूपमा चित्रकला तथा हस्तकलाको काम गर्नुपर्दछ तापनि सबै पाठ्यांशमा यो काम अनिवार्य हुँदैन । अनिवार्य भए सोही अनुसार र अनिवार्य नभएमा पाठको सिलसिला मिलाई बराबर यस काममा सरिक गराउनुपर्दछ । चित्रकला र हस्तकलाको अभ्यास सँगसँगै त्यससम्बन्धी प्रतियोगिता गराउनुपर्दछ । प्रतियोगितामा राम्रो चित्र कोर्ने वा सामान बनाउने बालकलाई पुरस्कारको व्यवस्था गरिदिनुपर्दछ । यस्तो पुरस्कारको व्यवस्थाले उनीहरूमा प्रतिस्पर्धाको भावना बढ्दै जान्छ, फलस्वरूप रुचि बढ्न गई उनीहरूमा सीपको पनि विकास हुँदै जान्छ ।

चित्रकला तथा हस्तकला पाठ्यान्तर क्रियाकलापको एक अंग हो । यसमा बालकहरू लगनशील हुँदै जाँदा पाठका कुरालाई चित्रमा उतार्न र नमुना स्वरूप निर्माण गर्न सफल बन्दछन् । पाठका कुरा चित्रमा उतार्ने र नमुनामा ढाल्ने गर्नाले पाठप्रतिको स्मरण शक्ति तेजिलो बन्दै जान्छ र यसको छाप लामो समयसम्म परिरहन्छ । यस किसिमको अभ्यासले पाठको विषय-वस्तुलाई आफैले सरल ढंगले केलाउन र अरूलाई व्यवस्था गर्ने क्षमतामा समेत वृद्धि हुन्छ । यस कार्यको अर्को महत्त्वपूर्ण पक्ष पनि छ, त्यो हो बालकमा कल्पना गर्ने शक्तिमा वृद्धि हुनु ।

यस्तो कल्पना गर्ने शक्तिको वृद्धिले भविष्यमा गएर ऊ कुनै पनि नयाँ आविष्कार गर्न सफल बन्दछ, किनभने कल्पना गर्ने बानीले सोचाइमा वृद्धि गर्दछ, सोचाइको निरन्तर वृद्धिले गर्दा एक न एक कुरामा अनौठो तथ्य पत्ता लगाउँदछ। भलै कुनै ठूलो काम गर्न सकेनछ भने पनि चित्रकला र हस्तकलामा दखल भएको बालक भविष्यमा गएर कुनै एक पेशामा स्थिर र निपूण भै आत्मनिर्भर बन्न सक्दछ।

(ङ) आपसी सहयोगसम्बन्धी क्रियाकलाप

सहयोग विकासको मूल क्षेत्र हो र सद्भावना त्यसका निम्ति सरल बाटो हो। आज हामी बालकलाई जे सिकाइरहेका छौं त्यसमा विकासको आशा लुकिरहेको छ। अर्थात् भोलि बालकले केही विकास गर्ला कि भन्ने हेतुले नै शिक्षा दिइन्छ। विकासको कुनै पनि मुलुकमा एक व्यक्तिले चाहेर र गरेर हुने कुरा होइन, यसका निम्ति सामूहिक प्रयास आवश्यक छ। सामूहिक प्रयास भन्नुको मतलब कुनै पनि कामका निम्ति सबैको सहयोग प्राप्त हुनु हो। शिक्षकले बालकलाई शुरु अवस्थादेखि नै आपसी सहयोगसम्बन्धी क्रियाकलापका निम्ति विविध समूह तयार गर्नुपर्दछ। यस्ता समूह तयार गरेपछि तिनीहरूलाई बेग्लाबेग्लै काममा सरिक गराउनु पर्दछ। यस किसिमका विभिन्न कार्यक्रमहरू कक्षा सञ्चालन, पठनपाठन, कक्षा सजावट, करेसाबारी, बगैंचा निर्माण, खेलकुद, साहित्यिक कार्यक्रम आदि पनि आउँछन्। यसरी खडा गरिएका समूह टोली नेताको छनौट गर्न पनि सकिन्छ। शिक्षक आफैंले त्यसको प्रतिनिधित्व गर्न पनि सकिन्छ। माथि लेखिएका विभिन्न काममा सबै बालबालिकालाई सहयोगी बनाउँदै कार्य गरेमा उनीहरूमा आपसी सहयोग बढ्न गई परस्परमा मित्रता, भ्रातृत्वको भावना जागृत भई एकता कायम हुन्छ।

सानो उमेरदेखि नै लगाइएको सहयोग सम्बधी कार्यकलापले गर्दा भविष्यमा गएर बालक घर-टोल, छिमेकी र राष्ट्रिय स्तरमा सहयोगको भावना फैलाउन सक्षम बन्दछ। यस किसिमको क्रियाकलापले बालबालिकामा समझदारीको भावना विस्तृत हुन गई तनावपूर्ण विश्वलाई पनि केही टेवा मिल्न सक्छ।

(च) विद्यालयमा विभिन्न कार्यक्रम

विद्यालय दिवस, अभिभावक दिवस, जन्मोत्सव र पर्वसम्बन्धी कार्यक्रमहरू पाठ्यान्तर क्रियाकलापका महत्त्वपूर्ण अंग हुन्। यी सबैको के-कस्तो महत्त्व छ भन्ने कुरा संक्षेपमा तल चर्चा गरिन्छ।

विद्यालय दिवस

विद्यालय नै पठनपाठनको मुख्य केन्द्र भएकोले विद्यालय दिवस पाठ्यान्तर क्रियाकलापको महत्त्वपूर्ण अंग मानिन्छ। विद्यालय दिवसमा गरिने सरसफाइ, सजावट, निर्माण, खेलकुद, साहित्य

र संगीतसम्बन्धी कार्यक्रमले बालकको पाठ्यान्तर क्रियाकलापलाई टेवा पुऱ्याइरहेका हुन्छन् । विद्यालय दिवस वर्षको एकपटक मात्र गरिने भए तापनि यो दिवसमा सञ्चालन गरिने कार्यक्रमले विद्यालयप्रति बालकको आस्था बढाइरहेको हुन्छ ।

अभिभावक दिवस

विद्यालय र अभिभावकका बीचमा राम्रो सम्पर्क कायम नभएसम्म कुनै पनि बालकको उन्नति वा अवनतिको कारण पत्ता लाग्न सक्दैन । प्रत्येक विद्यालयले सत्रको आखिरी समय पारी वर्षको एकपटक अभिभावक दिवस मनाउनुपर्दछ । सो दिवसमा अनिवार्य रूपले प्रत्येक बालबालिका र उनीहरूका अभिभावकलाई उपस्थित गराउने परंपरा कायम राख्नुपर्दछ । अभिभावक दिवसमा गरिने प्रवचन, पुरस्कार तथा प्रमाणपत्र वितरण तथा विद्यार्थी र विद्यालयका बारेमा अभिभावक र विद्यालय परिवारको बीच विचार आदानप्रदान पनि पाठ्यान्तर क्रियाकलापको अंग भएकाले अभिभावकहरू विद्यालयमा उपस्थित भएपछि बालकहरूको विवरण अभिभावक समक्ष राखी कक्षा शिक्षकको प्रतिनिधित्वमा उनीहरूसँग आवश्यक छलफल र सर-सल्लाह गरिने गर्नुपर्दछ। विद्यालयले आफैंले दिनसकेका सुविधा आफूले गरेका प्रयास र आन्तरिक समस्या अभिभावकलाई बुझाइदिनुपर्दछ । अभिभावकले सबै कुरा बुझ्ने प्रयत्न र विद्यालयलाई विकासको बाटोमा डोऱ्याउन सकिने उपायहरू बताइदिनुपर्दछ ।

यस्तो हुन गएको खण्डमा दुवैको बीचमा सम्बन्ध कायम रहन गई व्यक्तिगत भिन्नता, विद्यालयको लक्ष्य र उद्देश्य आदिका बारेमा दुवै सहयोगी बनी काम गर्न सक्दछन् । वर्षपिच्छे अभिभावकलाई बोलाई उनीहरूको सरसल्लाहमा काम गरेमा विद्यालयले बोक्नुपर्ने बोझ पनि हलुका हुन्छ ।

जन्मोत्सव

नेपाल हिन्दू, राजतन्त्रात्मक प्रजातान्त्रिक मुलुक हो । नेपालमा राजाको विशेष स्थान रहिआएको छ । राजसंस्था र नेपाली जनताको बीचमा घनिष्ठ सम्बन्ध छ । राजा राष्ट्रको एकताका प्रतीक हो भन्नुसिन्छ । त्यसैले राजसंस्थाप्रति उचित सम्मान जगाउन बालबालिका-हरूको भावात्मक विकास गर्ने वातावरण हुनुपर्दछ ।

हामीले चिताएको यस्तो सम्मान केवल पाठ्यपुस्तक पढाएर मात्र पर्याप्त हुँदैन । यसका निम्ति राजाको जन्मोत्सव भव्यताका साथ मनाउने गर्नुपर्दछ । यस्तो जन्मोत्सवमा मौसूफको जीवनी, राष्ट्रनिर्माणमा मौसूफको देन, मौसूफले उठाइबक्सेका कदमहरू, मौसूफबाट समाजका विभिन्न वर्ग र समुदायलाई बक्सेको उत्साह, प्रेरणा, माया र ममता आदिका बारेमा प्रवचन, गोष्ठी,

प्रतियोगिता निर्माण र पुनर्निर्माणका कार्य सम्पन्न हुनुपर्दछ । यस्ता कार्यक्रम सञ्चालन गर्न सकेमा पाठ्यान्तर क्रियाकलाप पनि पूरा हुन्छ र बालबालिकाले यसलाई महत्त्वपूर्ण दिनको रूपमा पनि हेर्न थाल्दछन् । यसबाट हामीले चिताएको शैक्षिक उद्देश्यको व्यावहारिक कार्यकलाप पनि पूरा हुन्छ ।

मौसूफको योगदान सर्वसाधारण समक्ष पुऱ्याउने उद्देश्यले वर्षेनी श्री ५ महाराजाधिराजको जन्मोत्सव मनाउने गरिन्छ ।

पर्वसम्बन्धी कार्यक्रम

हामीले वर्षेनि ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा शैक्षिक पर्वहरू मनाइआएका छौं । यी पर्वहरू राष्ट्रिय र स्थानीय रूपमा मनाइन्छन् । यी पर्वका बारेमा पुस्तकमा पनि प्रशस्त पाठहरू रहेका छन् । ती पाठहरूलाई शिक्षकले सकभर पर्वकै अवसर मिलाई पढाउने र त्यस अनुरूपको व्यवहारिक कार्यकलाप गराई सीपको विकास गराउने प्रयत्न गर्नुपर्दछ । यसो भएमा बालकहरूमा सम्बन्धित विषयको सैद्धान्तिक ज्ञानको साथसाथै व्यावहारिक ज्ञानको पनि विकास हुन्छ ।

हाम्रा सबै पर्वहरू आ-आफ्नै पक्षमा विशेष महत्त्वका छन् । ती पर्वका अवसरमा विभिन्न क्रियाकलाप गराई तत्सम्बन्धी धारणाको राम्रो विकास गराउन सकेमा भविष्यमा गएर विद्यार्थी-हरूले राष्ट्रिय परम्पराको सुधार र संवर्द्धनमा ठूलो योगदान पुऱ्याउन सक्नेछन् ।

श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवस, संविधान दिवस, श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस, शहीद दिवस, बालदिवस, भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्ती, लेखनाथ जयन्ती, सरस्वती पूजा, गुरुपूर्णिमा, घोडेजात्रा, गाईजात्रा, इन्द्रजात्रा, भोटोजात्रा, कृष्ण अष्टमी, बुद्ध जयन्ती महत्त्वपूर्ण पर्वहरू हुन् ।

यी पर्वहरूमा आवश्यकता हेरी प्रवचन गोष्ठी, वन्दना, प्रतियोगिता आदि सञ्चालन गर्नु पर्दछ । निरन्तर रूपमा यस्ता कार्यक्रमको सञ्चालनले पाठ्यान्तर क्रियाकलापको आशय पूरा गरिरहेको हुन्छ ।

अभ्यास]

१. पाठ्यान्तर क्रियाकलाप भनेको के हो ? अर्थ खुलाउनुहोस् ।

२. पाठ्यान्तर क्रियाकलाप अन्तर्गत कुन-कुन किसिमका गीत गाउन लगाउन सकिन्छ ?

३. कविता पाठबाट बालबालिकामा विकास हुने गुणहरू के-के हुन् ?

४. प्रार्थना र वन्दना कस्तो अवसरमा गराइन्छ ? लेख्नुहोस् ।

५. कथा भन्ने बानीले बालबालिकामा कुन-कुन कुराको विकास हुन्छ? लेख्नुहोस्।

६. वादविवाद कार्यक्रमबाट बालबालिकामा सिक्न सक्न कुरा के-के हुन् ?

७. छलफल गराउँदा बालबालिकामा कुन कुन कुरा विकास गराउन लक्ष्य राखिएको हुनुपर्दछ ?

८. "शारीरिक व्यायाम र खेलको माध्यमबाट शारीरिक विकासमा महत पुग्दछ" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

९. "चित्रकला तथा हस्तकलाले बालकमा गर्ने शक्तिको विकास हुन्छ।" यो भनाइलाई खुलस्त पार्नुहोस् ।

१ . आपसी सहयोगसम्बन्धी क्रियाकलापबाट हुने फाइदाहरूको टिपोट गर्नुहोस् ।

११. विद्यालय दिवसका महत्त्वबारे चर्चा गर्नुहोस् ।

१२. अभिभावक दिवसको किन आवश्यकता छ ? लेख्नुहोस् ।

१३. जन्मोत्सव र पर्वसम्बन्धी कार्यक्रमको महत्त्वबारेको चर्चा गर्नुहोस् ।

प्रयोगात्मक काम

१. कुनै एक विद्यालयमा गर्न सकिने पाठभान्तर क्रियाकलापको वार्षिक कार्यक्रम तयार गर्न लगाउने ।

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

शिक्षा कक्षा ८